मानवका लागि मानवअधिकार, मानवअधिकारका लागि उपयुक्त संस्कृति

भदौ-असोज, ०५०, वर्ष १, अंक ६, पूर्णाङ्क १३

प्राची

संचेतना द्वैमासिक



भियना घोषणापत्र

"सबैका लागि सबै मानवअधिकार"

मंचायत गयो स्वेच्छाचारी गिरफ्तारीको प्रचलन गएन



उमेर : २० वर्ष
ठेगाना : स्थायी : लक्ष्मीनगर वडा नं. ५ बुटवल नगरपालिका, रुपन्देही
अस्थायी : इञ्जिनियरिङ अध्ययन संस्थान, छात्रावास, पुल्चोक, ललितपुर

उनलाई ०५० असार ११ गते तद्अनुसार २५ जुन १९९३ पछि कतै देखिएको छैन । उनलाई त्यसै दिन प्रहरीले रत्नपार्कको बीच सडकमा सांघातिक ढंगले कुटिरहेको देख्नेहरु छन् । प्रभाकरलाई त्यस दिन रत्नपार्क भोटाहिटी वा वीर अस्पतालको आसपासबाट पक्राउ गरिएको देख्नेहरु पनि छन् ।

Insec
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन
कलंकी, स्युचाटार, काठ
रु. ५/-
Informal Sector Service Centre (INS
Kalanki, Syuchatar, Kathmandu, N
October 1

मानवको लागि मानव अधिकार,
मानवअधिकारका लागि उपयुक्त संस्कृति

यस पटक

सम्पादकीय	:	समयलाई चिन्न नचाहने	३
राष्ट्रिय परिवेश	:	पंचायत गयो, स्वेच्छाचारी ...	७
आजको मुद्दा	:	मस्कोको आमहत्या र यल्तसीन.....	५
सतहमा देखिएको कुरा	:	मानवअधिकार उल्लंघन विरोधी ...	१४
सिमानापारी	:	सबैका लागि सबै मानवअधिकार भियना सम्मेलनको घोषणा पत्र	२०
	:	विद्यालयमै क्रूरतम यातना	६
प्रतिध्वनी	:		२
कृपया क्षमा गर्नोस	:	हजूरहरूको अधिकार/तिमीहरूको अधिकार	३२

... र पृष्ठ ४ मा गोविन्द वर्तमानको कविता तथा पृष्ठ १८ मा स्व. विनोद घिमिरेको कथा

वर्ष १, अंक ६, भदौ-असोज, ०४९/अक्टोबर १९९३

संस्थापक : सुशील-प्रकाश

सम्पादक : कुन्दन अर्याल
कला : रविन साय्मि
टाइप सेटिंग : किरण माली
पत्राचार : पो.ब.नं. १९२४ काठमाण्डौ

अनौपचारिक क्षेत्र सेवा केन्द्र
(इन्सेक) द्वारा प्रकाशित

मुद्रक : इन्द्रेणी अफसेट, बागबजार

नेपालमा मानवअधिकारको विषयमा काम गर्ने संस्थाहरू धुप्रै स्थापित भएका छन् । तर यस सम्बन्धमा समस्या र अन्यौल कायमै छ । मानवअधिकारका विषयमा काम गर्ने संस्था धेरै भएकाले पनि अन्योल उत्पन्न भएको छ ।

– नेपाली कांग्रेसका सभापति, कृष्ण प्रसाद भट्टराई
(भदौ २ गते, काठमाण्डौ)

समाजबाट छुवाछुत यथार्थ रूपमा हटाउन जन निर्वाचित नेपाली कांग्रेस सरकारले सक्दो प्रयत्न गर्दै छ । यस कार्यमा राष्ट्रिय जीवनका हर क्षेत्रबाट जनचेतना बढाउन र अन्धविश्वास हटाउन सक्रिय प्रयत्न हुनु जरूरी छ । छुवाछुत समाजको कलंक वा देशको प्रगतिको बाधक हो । यस प्रथालाई हटाउनै पर्छ । नेपालको राष्ट्रिय एकतालाई दृढ पार्न, सम्बर्द्धन गर्न पनि यसलाई नहटाइ हुँदैन ।

– गृहमन्त्री, शेर बहादुर देउवा
(भदौ ३ गते, राष्ट्रिय सभा)

हाम्रो समाज ब्राम्हण, क्षेत्री, वैश्य र सूद्र गरी चार जातको छ । यी चार जातीको मान र सुम्मानमा कुनै फरक छैन । हाम्रा कुनै पनि धर्म शास्त्रमा छोइछिटोको शब्द नै छैन । त्यसैले यस्तो प्रथालाई हामी सबैले एक जुट भएर तोड्नु पर्छ ।

– योगी नरहरी नाथ
(भदौ ३ गते, भैरहवा)

श्रीमान् सम्पादक
मानवअधिकार ल्याउनु पर्छ

तमोर स्वोला सलल वग्छ कावेली सुसाउँदै
गाउँदछौं गीत जनता वीच यो कुरा सुनाउँदै
सयपत्री फूल्छ पहाडी भेकमा गुराँस त लेकैमा
न्याय र निशाफ गरीवलाई छैन यो हाम्रो देशमा
चुहुँदो झरी वर्खायाम भरी हिउँदको झन जाडो
न शिक्षा-स्वास्थ्य न गास वास गरीवलाई के साह्रो
माइती जान्छन लाहुर-मुङलान चेली त घरैमा
माइ र वहिनी स्कूलको सट्टा घाँस दाउरा वनैमा
भाले त बास्यो उज्यालो डाक्यो मिरमिरे बिहानमा
मानव अधिकार ल्याउनै पर्छ यो हाम्रो आँगनमा ।

प्रल्हाद गाउँले,
गोपेटार, पाँचथर

मानवअधिकार जस्तो गम्भीर एवं समसामयिक विषयलाई मूल आधार बनाएर प्रकाशनको क्षितिजमा उदाएको नवोदित पत्रिका "प्राची संचेतना द्वैमासिक" सरसर्ती हेर्ने अवसर मिल्यो । रंगीचंगी कभर डिजाइन बिना पत्रिका उत्कृष्ट हुन सक्दैन भन्ने आजको मानसिकतालाई प्राचीले पूर्ण त्याग गरेको तथ्य प्राप्त भयो ।

देश र जनताको हित, उच्च मानवीय मूल्यको स्थापना एवं मानवोत्थानका सतत् संकल्पहरूका निम्ति प्राची एक उत्कृष्ट पत्रिका हुन सक्ने लक्षण देख्न सकिन्छ ।

सरसर्ती हेर्दा प्राचीले एकातिर समसामयिक राजनैतिक घटनाको जानकारी सर्वसाधारणमा पुऱ्याउने चेष्टा गरेको छ भने अर्कोतिर आफ्नो नैसर्गिक अधिकारको अधिकतम प्रयोग गर्न देशका प्रत्येक व्यक्तिलाई आव्हान गरेको छ । अझ भनौं भने साहित्यिक रचना समेत प्रकाशित गरेर साहित्यक सेवा गर्ने अग्रसरता समेत पत्रिकाले देखाएको छ । यसरी विविध दृष्टिकोणले प्राची सीमित क्षेत्रमा रहन सक्तैन । यद्यपि पत्रिका गहन प्रकृतिको छ तापनि उद्देश्य अनुरूप बन्न अझै सकेको छैन । आफ्नो गहन दायित्वलाई आत्मसात् गर्दै पाठकहरूलाई संतुष्टि प्रदान गर्ने तर्फ प्राची उन्मुख हुनुपर्ने देखिन्छ । तसर्थ आफ्नो मानवीय धर्मलाई कायम राख्दै मानवअधिकारको संरक्षण एवं सम्बर्द्धनका निमित्त प्राची सफल भयो भने मात्र प्राची - "प्राची" र पाश्चात्यताको संगम बन्न सक्छ ।

फलानो वाद र ढिस्कानो वाद भनी वादको वैशास्वी टेक्ने पत्रिकाहरू शास्वत हुँदैनन् । तसर्थ मानवअधिकार समग्र राष्ट्रिय चिन्तनसंग सम्बन्धित विषय भएकाले प्राची वादको पछि नदौडोस् । प्राचीले पत्रकारिताको क्षेत्रमा रचनात्मक कार्य गर्न सकोस् । "मानवका लागि मानवअधिकार, मानव अधिकारका लागि उपयुक्त संस्कृति" जस्तो पवित्र उद्गारलाई अभीष्ठ बनाएर प्रकाशित पत्रिका यदि समय अनुरूप हुनसक्यो भने यसले मानवअधिकार र पत्रकारिता दुबै क्षेत्रमा केही योगदान गर्न सक्ने छ ।

माधव वियोगी
वालिङ बहुमुखी क्याम्पस, वालिङ, स्याङ्जा

"प्राची" संचेतना द्वैमासिकको गत अंक हेरें, एउटा साहित्यानुरागीको नाताले । धन्यवाद र सफलताको कामना । यस मानेमा कि यो पत्रिका दलित, शोषित, उत्पीडित, दमित, थिचिएका र मिचिएकाहरूको पक्षमा वकालत गरेको छ । आकार, स्वजाना, मूल्यको दृष्टिले पनि यो जनप्रिय छ र हुँदै जानेछ ।

गत अंकको "सतहमा देखिएका कुरा" मा अम्बेडकरको जीवनीका प्रस्तोता प्रा. पद्मलाल विश्वकर्माज्यूलाई धन्यवाद । वहाँको अनुवादद्वारा भारत रत्न डा. अम्बेडकर जस्ता उत्पीडित उच्च व्यक्तित्व बारे बुझ्न पायौं ।

कविता, कथा र अन्य स्तम्भ पनि सह्राहनीय छन् । अन्त्यमा पत्रिका स्थायी, अझै लोकप्रिय बन्दै सडकका छेउछाउ हुँदै गाउँ बेंसीका झुप्राहरूमा पुगोस् ।

धनबहादुर नेपाली
शहीद स्मृति पुस्तकालय, पोखरा न.पा.-५, कास्की

म प्राची संचेतनाको नियमित पाठक हुँ । पहाडको कुनामा रहनुका कारण समयमै पत्रिका हात पर्दैन तर खोजी खोजी पढ्न मने पछि पर्दिन । आजको समाजमा विद्यमान अपराधी पक्षलाई चुनौती दिने र मानवअधिकारको कुरा सिकाउने यो पत्रिका ज्यादै स्तरीय छ तथा यसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । साथै यस पत्रिकालाई केही सुझाव दिन चाहन्छु ।-

- आवरण पृष्ठ रंगीन बनाइयोस् ।
- पीडित व्यक्तिहरूको फोटो बाहिरै राखियोस् ।
- कोठेपद, सामान्यज्ञान जस्ता स्तम्भ पनि थपियोस् ।
- प्रकाशनमा ढिलासुस्ती नगरियोस् ।

वार्षिक सदस्य बन्न चाहन्छु, कुन ठेगानामा कति रकम पठाउनु पर्ला ?

संजीव कार्की "घायल"
झूले - २, दोलखा

"प्राची" को संयुक्ताङ्क ३, ४, ५ पढ्ने मौका पाएँ । सर्वप्रथम त म यो सुझाव दिन चाहन्छु- "पत्रिकालाई नियमित बनाउने र वार्षिक ग्राहक बनाउने तर्फ सोचाई राखियोस् ।" अर्को कुरा, पत्रिकाको आकार केही फराकिलो भएकोले संकलन गरेर राख्न अप्ठेरो भएको छ ।

गत अंकमा प्रस्तुत डा. अम्बेडकर सम्बन्धी अनुवाद पठनीय छ । त्यस्तै प्रहरी ज्यादती सम्बन्धी लेख, झापा गोलीकाण्ड सम्बन्धी प्रतिवेदन, वागमतीको वाढी, पश्चिम नेपालका वादी प्रथा र जारी प्रथा, सिन्धुको टल्कने छानो साथै स्वोटाङ सम्बन्धी लेखहरू पनि पठनीय छन् ।

पत्रिकामा विशेष गरी देशका विभिन्न भागमा घटिरहेका मानवअधिकार हनन सम्बन्धी घटनाको उल्लेख भएका लेख रचनाहरूलाई बढी मन्दा बढी प्राथमिकता दिइयोस् । "मानवअधिकार वर्ष पुस्तक- १९९२" बाट महत्वपूर्ण टिपोटहरू उधृत गरी प्रकाशित गर्नु भएमा बेश हुने थियो । किनकी उक्त पुस्तक किन्न सर्वसाधारणको लागि सम्भव नहोला । पत्रिकाको निरन्तरता साथै उत्तरोत्तर प्रगतिका लागि शुभकामना ।

वालकुमार कटेल
नेचा वेतघारी, सोलु, हालः अमृत क्याम्पस, ठमेल

समयलाई चिन्न नचाहने प्रशासकहरू

पर्वतका प्रमुख जिल्ला अधिकारीद्वारा एकजना स्थानीय मानवअधिकार कार्यकर्तामाथि भएको दुर्व्यवहार मानवअधिकारको क्षेत्रमा काम गर्ने मानिसहरूका लागि नौलो कुरो होइन। तर त्यस दुर्व्यवहारले उठाएको प्रश्न भने गम्भीर छ। प्रजिअले ती कार्यकर्तालाई उनी सम्बद्ध रहेको मानवअधिकार संस्थाको दर्ता नै खारेज गरी दिने चेतावनी दिए। उनको चेतावनी नेपालका मानवअधिकार कार्यकर्ताहरूले भोगी रहनु परेका अप्ठ्याराहरूको झलक मात्र होइन। त्यो घटना विद्यमान प्रशासन मानवअधिकारको प्रश्नलाई टाउको दुखाईका रूपमा मात्र ग्रहण गरी रहेको छ भन्ने कुराको उदाहरण पनि हो।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गत वर्ष आफ्ना पच्चीस जिल्लाहरूमा रहेका इकाईहरूलाई स्वायत्त संस्थाका रूपमा विकसित तुल्याउने निधो गऱ्यो। सोही वमोजिम ती जिल्लाहरू बाहेक अझ थप दुई जिल्लामा इन्सेक संगठन अन्तर्गतका स्वायत्त संस्थाहरू दर्ता गर्ने निर्णय भयो। तर दर्ताका क्रममा स्थानीय मानवअधिकार संस्थाहरूले एकपछि अनेक वाधाहरूको सामना गर्नु पऱ्यो। धादिङको "मानवअधिकार र विकासका लागि सामाजिक सचेतन केन्द्र" नामक संस्थाको दर्ता सम्बन्धी फाइल त मन्त्रालयसम्म पुग्यो। यस्ता घटनाहरूले स्पष्ट देखाएको छ।- "अधिकांश जिल्लाका प्रजिअहरूलाई मानवअधिकार भन्ने शब्द माथि नै आपत्ति रहेको छ।"

भनिरहनु पर्दैन - संविधानले ग्यारेण्टी गरेको मानवअधिकार प्रति हाम्रा प्रशासकहरू किन यति शंसकित छन् ? वास्तवमा बहुदलीय प्रजातन्त्रको स्थापना पश्चात सत्ता सम्हाल्ने राजनेताहरूले पनि मानवअधिकार प्रति साँचो अर्थमा सम्मान दर्शाएका छैनन्।

आज यहाँको सत्तामा पुग्ने राजनेताहरू पनि हिजो मानवअधिकारकै निम्ति लडेका थिए। र उनीहरू तीब्र मानवअधिकार उल्लंघनका शिकार बनाइएका थिए। आज प्रमुख एवं दोश्रो प्रमुख प्रतिपक्षीका रूपमा स्थापित राजनीतिक दलहरूले पनि हिजो मानवअधिकारको लामो लडाईंमा भाग लिएका थिए। तर आज सत्तामा पुगेका नेताहरू स्वयं मानवअधिकारको प्रश्नमा उदासिन देखिएका छन्। अनि वर्तमान प्रशासकहरू बद्लिएको समयलाई चिन्न चाहँदैनन्।

प्रतिपक्षीहरूका निम्ति आज पनि मानवअधिकार आन्दोलन अति प्रासंगिक हुन पुगेको छ। अनि ज्यादै दुःख लाग्दो कुरो चाहीं के छ भने स्वयं मानवअधिकारको सवालमा उत्पीडित प्रतिपक्षीहरू पनि यो सवाललाई राम्रोसंग उठाउन सकिरहेका छैनन्। सरकारको ज्यादती वा नालायकीपनको हवाला दिंदै उनीहरू जनतालाई बारबार सडकमा ओराल्ने गर्दछन्। तर आन्दोलनका क्रममा भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई उनीहरू आपसी समझदारीका कारण भुसुक्कै बिसिने पनि गर्दछन्। मानवअधिकारलाई केवल गफको विषय ठानेर उपेक्षा गर्ने राजनेताहरू यसको गम्भीर पक्षलाई बुझ्नै चाहँदैनन्। त्यस्तै मानवअधिकारको वकालतलाई केवल औपचारिकता ठान्ने राजनेताहरू आधा मनले यस सवालको चर्चासम्म गर्दछन्। यस्तै यस्तै गरीब चिन्तनका कारण मानवअधिकारलाई जनताको आधारभूत अधिकारका रूपमा व्यवहारिक धरातलमै स्थापित गर्ने प्रयास प्रतिपक्षबाट पनि हुन सकेको छैन। सरकार त जनताले मानवअधिकारको बढी कुरा गर्नु राम्रो होइन भन्ने मान्यताबाट ग्रस्त हुन थालेको आभाष मिल्दैछ।

राजनीति राष्ट्रिय जीवनकै मेरूदण्ड हो। अनि समकालिन नेपालको मेरूदण्डले नै मानवअधिकारको सवाललाई गम्भीरतापूर्वक लिएको देखिंदैन। र त्यसैकारण प्रशासकहरू उही पुरानै दुनियामा विचरण गरि रहेका छन्। उनीहरूलाई आज पनि मानवअधिकारको चासो छैन। गृहमंत्री शेर बहादुर देउवाले संसदको पाँचौ अधिवेशनको अन्त्यतिर प्रतिनिधि सभामा आफ्नो मन्तव्य पेश गर्दा दुई महिने वाम आन्दोलनका क्रममा प्रहरीद्वारा भएका कार्वाहीहरूका बारेमा बोल्नु भयो। र "कर्तव्यनिष्ठ" प्रहरीहरूलाई धन्यवाद प्रदान गर्नु भयो। तर वहाँले प्रहरीद्वारा असावधानीवश यति यति ज्यादती पनि भए भन्ने उल्लेख गर्नु पर्ने आवश्यकता देख्नु भएन।

प्रहरी, प्रशासन वा कुनै निकायबाट भएका ज्यादतीहरूलाई सरकारले समयमै देख्न सक्नु पर्ने हो। र त्यस्ता गलत काम कार्वाही उपर उपयुक्त कदम चाल्नु पर्ने हो। तर हाम्रो सरकार स्वयं कतिपय बेला गलत काम कार्वाहीको ढाकछोप गर्दै अघि सर्न खोज्छ। सत्तासिन मानिसहरूलाई यस तर्फ सोच्ने फर्सत छैन। तर अब ढिलो भईसकेको छ।- आफ्ना प्रशासकहरूलाई वर्तमान सरकारले अझै पनि समय चिनाउने काम गर्न सकेन भने प्रजातन्त्र कुँजो हुन पुग्ने छ; मानवअधिकार भाषणको विषय मात्र बन्न पुग्ने छ। ❑

सेतो घर

- गोविन्द वर्तमान -



सर्वश्रेष्ठ बम र बन्दुकहरू
अस्त्र - क्षेप्यास्त्रहरू
तयार हुन्छन् त्यहींबाट
खोज्दै सद्दाम हुसैनको शरीर
बम-वर्षक हवाई जहाजमा उडेर
"न्याय" - यात्रामा सरीक हुन्छन्
त्यहींका सैनिकहरू

लिबर्टीको मूर्ति ठड्याएर शहरको छातिमा
त्यहाँको घरमूली
आफ्नो विर्ता बनाउन संसारलाई
शस्त्रागारहरूको सुक्ष्म निरीक्षण गर्दै
कहिले यतातिर लात मार्छ
कहिले उतातिर दाँत गाड्छ
तर पनि त्यसले
कुनै पनि चर्चमा गएर
आफ्नो पापको कन्फेसन
गर्नु परेको छैन
त्यसैले चर्चका फादरहरू
निष्पाप घोषित गर्दै आफ्ना पुत्रहरूलाई
सलीबको चिन्ह बनाउँछन्
र अनुशरण गर्छन्
बाइबलका पवित्र बाटाहरू
र स्याबासी दिन्छन् आफ्ना छोराहरूलाई

उहिल्यैदेखि चलेको छ क्रम
र स्याबासी पाउँदै आएका छन्
सेतो घरका पिताहरूबाट
सेता घरका पुत्रहरूले

चलिरहेको छ पागल परम्परा
र त्यसमा थपिएको छ भर्खरै एउटा अध्याय
मिसिसीपीको त्यो कुख्यात सेतो घरबाट
फेरि स्याबासी पाएको छ
भोल्गाको सेतो घर संहारक छोराले
वाक्यहरूबाट शब्द मरे जस्तै
त्यो अध्यायमा मरेको छ मानिस

मानिससँगै मरेको छ
चीसो हिउँको सेतो आकर्षण
मिसिसीपीको सेतो घरमा लागेको
प्रजातन्त्रको सिमेन्ट
र मानवअधिकारको सेतो रंग
ज्यानमारा स्वोर्सानीको धुलो सरी
पोलिरहेको छ हाम्रा आँखाहरूमा

हिउँको वर्षामा रूझेर निस्केका
केही मानिसका शुभकामनाहरूलाई
प्रजातन्त्रको लाश चुमेर बसेको नाइकेले
निरन्तर अपहरण गरिरहेको छ
र सेतो घरले ल्याएको आँधी पश्चात
यतिबेला कायम छ विभत्स शान्ति

❑

मस्कोको आमहत्या र यल्तसिन-सर्वसत्तावाद

मानवअधिकारलाई चुनौती

- सुशीलप्रकाश -

हालै मस्कोमा गरिएको सैनिक दमन र त्यस प्रति विश्वमा देखा परेका प्रतिकृयाहरूले मानवअधिकार र शान्तिका लागि समर्पित भएर काम गर्नेहरूका अगाडि गम्भीर प्रश्नहरू खडा गरेका छन्। प्रजातन्त्र के हो ? प्रजातन्त्र कस्को लागि र किन स्थापित गरिन्छ ? यी सवालहरूमा सबै मानवअधिकारवादीहरूले छातीमा हात राखी सोच्नु परेको छ।

प्रजातन्त्र र मानवअधिकारको प्रतिकको रूपमा ३ वर्षदेखि पश्चिमा सञ्चार माध्यममा छाइएका रूसी राष्ट्रपति यल्तसिनले आफ्नो शासनलाई चुनौती विहिन र राजनैतिक रूपमा सामना गर्न नपर्ने बनाउन गंभीर हिंसाको साहरा लिए। तर त्यसपछि पनि हामीले मौनता साध्नु निश्चय पनि कायरता हुन जान्छ। मानवअधिकार भनेको मुक दर्शन होइन। न त यो संविधान र कानूनलाई हाकाहाकी मिच्दा निरिहता प्रदर्शित गर्ने फगत एउटा नारा। जहिलेसुकै र जहाँसुकै कुनै पनि निहुँमा जनतामाथि हिंसा थोपरिन्छ भने मानवअधिकार कार्यकर्ताले अग्रिम पंक्तिमा उभिएर त्यसको प्रतिरोध गर्नै पर्छ।

रूसको ३ वर्षको इतिहासलाई हेर्ने हो भने यल्तसिन आफू प्रजातन्त्रको नाममा सत्तामा त आए। तर उनले प्रजातन्त्रको कुनै पनि मर्यादालाई मान्न स्वीकार गरेनन्। आफूले भनेको कुरा संसदले शीर निहुराएर मानेन वा अझ भनु भने संसद आफ्नो भएन भनी संसद नै विघटन गर्ने जस्तो साहै निच र दुराग्रहपूर्ण काम उनले गरे। एकातिर प्रजातन्त्रको दुहाई दिंदै पश्चिमको आड भरोसामा टिक्ने, अर्कोतिर प्रजातन्त्रको प्रमुख गुण मानिएको संसदको मर्यादित स्थानलाई मान्न नसक्ने असहिष्णुतापूर्ण काम यल्तसिनले गरे। अमेरिकाको सत्ताधारी वर्ग र केही पश्चिमा सरकारले यल्तसिनलाई स्वार्थवस समर्थन गर्नु उनीहरूको वाध्यता हो। तर प्रजातन्त्रको मर्यादा स्थापित गर्दै यसलाई विकसित तुल्याउने काममा लागेका हामीले पनि तिनै पश्चिमा हावामा बग्दै स्याल हुइयाँ गर्न थाल्नु कति उचित हो ? हामीले आत्म परख गर्नु पर्छ।

यो संसारमा
मान्छेको ज्यान भन्दा ठूलो
केही पनि छैन।
न ईश्वर
न ज्ञान
न चुनाव
न संविधान
यीनको नाममा
कागजमा लेखिएको
कुनै पनि लिखत
च्यात्न सकिन्छ
र जमीनको सातपत्र भित्र
गाड्न सकिन्छ

अन्तिम भनाई
एकदमै सफा
कुनै पनि हत्यारालाई
कहिल्यै माफ नगर
चाहे त्यो तिम्रो साथी होस्
धर्मको ठेकेदार
चाहे लोकतन्त्रको
होस् स्वनामधन्य पहरेदार।

- सर्वेश्वर दयाल सक्सेना

प्रश्न को सत्तामा छ र को विपक्षमा भन्ने हैन, प्रश्न त प्रजातन्त्रलाई कसरी संस्थागत र मर्यादित पार्ने भन्ने हो। गोर्वाचोभको विरूद्ध १९९० मा सैनिक विद्रोह भएपछि मस्कोमा हजारौं मानिसले सैनिक विद्रोहको विरोध गरे। यल्तसिन स्वयंले एउटा सैनिक ट्यांकमाथि चढेर भाषण दिएको मात्रै हैन त्यतिस्वेर एकजना ट्यांक संचालक सैनिकलाई जनताले कुटेको हामीले टेलीभिजनमा देख्यौं। घोषित रूपमा सैनिक विद्रोह गरिएको भनिए पनि सैनिकले संयमता देखायो। त्यसबेला मस्कोवासीको रगत बगेको देख्नु परेन र कुनै पनि रूसी नागरिकले मर्नु परेन। शान्तिपूर्ण रूपमा सैनिक विद्रोह समाप्त भयो।

सम्झनु पर्ने कुरो हो, त्यसबेला सबै प्रजातन्त्र - शान्ति एवम् मानवअधिकारका पक्षपातीहरूले त्यस सैनिक विद्रोहको विरोध गरेका थिए। कुनै पनि सैनिक शासन वा सैनिक बलमा गरिएको विद्रोहलाई समर्थन गर्न सकिन्न। त्यो जतिसुकै शान्तिपूर्ण किन नहोस्। सैनिक बल वा हतियारको आडमा स्थापित शान्तिलाई पनि न्याय र शान्तिका पक्षपातीहरू कुनै हालतमा स्वीकार्न सक्दैनन्।

रूसमा भएको सैनिक विद्रोहका विरूद्ध जनताको आक्रोश र दवाव प्रति तत्कालिन सोभियत सेना नतमस्तक भएको थियो। त्यस बेला सेनाले आफ्नो विद्रोहलाई सहजै समाप्त पारेका थिए। विना रक्तपात त्यो सैनिक विद्रोह समाप्त गर्न सोभियत सेनाले संयमको प्रर्दशन गरेका थिए।

तत्कालिन रूसी संसदले यल्तसिनको समर्थन गऱ्यो र अन्तमा उनलाई एक सार्वभौम सत्ता सम्पन्न मुलुकको राष्ट्रपतिका रूपमा स्थापित गरायो। तर छिटै यल्तसिनले आफ्नो सर्वसत्तावादी कार्यशैली स्थापित गर्ने प्रयास गर्न थाले। संसदले त्यसको विरोध गऱ्यो। आफूलाई समर्थन गर्दा प्रजातान्त्रिक भएको रूसी संसद आफ्नो रवर छाप हुन नमानेको देखेपछि यल्तसिनका लागि त्यो तुरून्तै अमान्य भयो। प्रजातन्त्रको माला जप्दै सत्तामा पुगेका यल्तसिन प्रजातन्त्रको न्यूनतम मर्यादालाई मान्न तयार भएनन्। अर्थात उनी प्रजातन्त्रमा हुनु पर्ने संसदको उच्चता र मर्यादित

स्थानको पूर्ण अपहेलना गर्दै त्यसलाई विघटन गर्न पुगे। त्यति मात्रै हैन उनले संसद विघटन गर्ने काममा लालमोहर नलगाएको रिसमा संवैधानिक अदालतको समेत विघटन गरे।

अमेरिका लगायत पश्चिमा सरकारका लागि संसद र राष्ट्रपति चुनाव छुट्टाछुट्टै मितिमा गराउनु पर्छ भन्ने यल्तसिन पूरा प्रजातन्त्रवादी भए भने संसद र राष्ट्रपतिको चुनाव एकै साथ गराउनु पर्छ भनी माग गर्ने तथा संसद विघटन गर्नु अप्रजातान्त्रिक भयो भन्ने संसद सदस्यहरू अप्रजातान्त्रिक मात्र हैन पुनरूत्थानवादी समेत भए।

हामीले धेरै पटक देखेका छौं, हवाईजहाज अपहरण गर्ने अपहरणकारीका मागहरू पूरा गरेर भए पनि यात्रुहरूको ज्यान जोगाउने गरिन्छ। तर रूसमा संसद भवन भित्र धर्ना दिनेहरूका विरूद्ध सेनाले अन्धाधुन्ध वम वर्षा र ट्यांक आक्रमण गरी सयौंको एकै चिहान बनायो। रूसमा विगत ७० वर्ष भन्दा बढी अवधि देखि कहिल्यै नभएको आम हत्या गरियो। त्यति मात्रै हैन, मस्को शहरमा लगातार कर्फ्यू लगाइयो र देशका सम्पूर्ण स्थानीय जनसत्ताका निकायहरू भंग गरेर पूर्ण रूपमा सैनिक बलमा यल्तसिन सर्वसत्तावाद लागु गरियो।

यल्तसिनको त्यस्तो आमहत्या पनि कतिपयका लागि प्रजातन्त्रको उच्चता प्राप्त गर्न गरिएको कार्वाही भएको छ। सत्ताले जहिले पनि जुनसुकै दमन प्रजातन्त्र जोगाउने नाममै गर्ने गर्दछ। आज क्षणिक भावावेषमा आएर आफूसित राजनैतिक असहमत भएकालाई सशस्त्र दमन गर्दा कास्वी बजाउनेहरूले जानी नजानी नेपालमा राजा महेन्द्रले गरेको ०१७ साले काण्डलाई कानूनसंगत मानेको बुझिन गएको छ। त्यतिस्वेर राजा महेन्द्रले शान्तिपूर्ण ढंगबाट संसद र सरकार विघटन गरी आफ्नो सर्वसत्तावाद लादेका थिए।

प्रजातन्त्रको आफ्नै आदेश र अडान हुन्छ, यो नैतिक बलमा टिकेको हुन्छ त्यसैले दोहरो मापदण्ड प्रजातान्त्रिक समाजलाई मान्य हुँदैन। मुसोलिनीको फासीवाद र हिटलरको नाजीवादले पनि सर्वसत्तावादका लागि कति हत्याहरू गऱ्यो र संसारलाई कसरी युद्धमा होम्यो, इतिहासका विद्यार्थीलाई थाहा छ।

दुःखको कुरो नेपालमा केही "प्रजातन्त्रवादी" हरू राजनैतिक विरोधीहरू माथि गरिएको सो दमनलाई स्वीकार गर्दैछन्। यदि यसै गरी प्रजातन्त्रको आदर्शलाई पन्छाएर विरोधी समाप्त पार्ने तानाशाही कृयाकलाप प्रति स्वीकृति जनाउने हो भने प्रजातन्त्र पनि समाप्तिको दिशा तर्फ जानेछ।

कुन मुखले वर्माका सोलार्क तानाशाहहरूले निर्वाचित संसदलाई स्वीकार नगरेकोमा विरोध गर्ने ? संसारमा सैनिक बलमा नागरिकहरूद्वारा निर्वाचित इकाईलाई वलजफ्ती समाप्त पारिएका प्रशस्त उदाहरण पाइन्छन्। यल्तसिनको कदम पनि त्यसै श्रृङ्खलाको एउटा कडी हो। रूसी राष्ट्रपति यल्तसिनको दमनले मानवअधिकार कार्यकर्ताहरूलाई ठाडो चुनौती दिएको छ। सैनिक दमनको विरोध गर्ने वा सैनिक दमनलाई स्वीकार गर्ने ?

हामीले धेरै पटक देखेका छौं, हवाईजहाज अपहरण गर्ने अपहरणकारीका मागहरू पूरा गरेर भए पनि यात्रुहरूको ज्यान जोगाउने गरिन्छ। तर रूसमा संसद भवन भित्र धर्ना दिनेहरूका विरूद्ध सेनाले अन्धाधुन्ध वम वर्षा र ट्यांक आक्रमण गरी सयौंको एकै चिहान बनायो।

प्रजातन्त्र र मानवअधिकार एकै सिक्काका दुई पाटा हुन्। प्रजातन्त्रको अभावमा मानवअधिकारको संरक्षण हुनै सक्दैन भने मानवअधिकारको अभावमा प्रजातन्त्रको संस्थागत विकास हुनै सक्दैन। कुनै एउटाको नाममा अर्कोको निषेध गर्दा दुबैको अस्तित्वलाई नकारेको ठहरिन्छ।

सबै न्यायप्रेमी-शान्तिकामी तथा मानवअधिकारवादीहरूले यल्तसिन सर्वसत्तावादको विरोध गर्नै पर्छ। न त समाजवादको रक्षार्थ भनी तेयनमेन चौकमा गरिएको दमनलाई स्वीकार गर्न सक्छन् न त प्रजातन्त्रको लागि भनी गरिएको मस्कोको आमहत्या प्रति मुकदर्शक नै बन्न सकिन्छ। मानवअधिकारको रक्षा दमन र उत्पीडनको सशक्त र विरोधबाट मात्र सम्भव छ।

विद्यालयमै क्रूरतम यातना

विदेशमा पढ्न पठाइएका सबै विद्यार्थीहरू पढ्न मात्र पाउँदैनन्। कतिपय बेला विदेशी भूमिमा त्यस्ता विद्यार्थीहरू अमानवीय घटनाको शिकार समेत बन्न पुग्दछन्। गत अगस्तको पहिलो सातादेखि एक महिनासम्म ३ जना नेपाली विद्यार्थीहरूले भारतको मद्रासस्थित एक विद्यालयमा त्यस्तै क्रूर यातनाको शिकार हुनु पऱ्यो।

"एउटा वोर्डिङ स्कूलमा विद्यार्थीहरू कुकुर जस्तो गरी सिक्रीले बाँधिए।" - ०५० भदौ १० गतेको इण्डियन एक्सप्रेसको मद्रास संस्करणले यस्तो शीर्षकमा मूख्य समाचार प्रकाशित गऱ्यो। तर त्यस अघि एक महिनासम्म एक विद्यार्थीको शंकास्पद मृत्युका कारण ती तीन जना नेपाली विद्यार्थीहरूका साथ अर्का एकजना वंगाली विद्यार्थीहरूलाई कुकुर जस्तो गरी बाँधिएको कुरो कसैलाई थाहै भएको थिएन।

साउन ७ गतेका दिन दश कक्षामा अध्ययनरत सुमित भट्टाचार्य नामक एकजना विद्यार्थी मृत अवस्थामा चर्पीभित्र भेट्टाइए। त्यसपछि त्रिवेणी एकेडेमी नामक उक्त स्कूलमा हल्ली खल्ली मच्चियो। स्कूल प्रशासनले अनुसंधानका नाममा लक्ष्मण थापा, अमित लिम्बू, तोरण गुरूङ र सिजोय मित्रा - चारजना विद्यार्थीलाई एउटा एकान्त कोठामा सिक्रीले बाँधेर राख्यो। चारै जना विद्यार्थीहरूलाई जनावरलाई जस्तो गरी यातना दिन थालियो।

स्कूलले ती विद्यार्थीहरूमाथि शंका गर्नुसम्म त बुझिन सकिने कुरा हो। तर कानूनलाई पूर्ण रूपले हातमा लिई स्कूलको कोठालाई नै हिरासत वा यातनागृह बनाइनुलाई भने मद्रासका पत्रपत्रिकाले पनि एकदमै गलत शैली ठहऱ्याएका थिए। थुनिएका विद्यार्थीहरूलाई फलामको रडले समेत पिटिएको समाचार पत्रपत्रिकामा छापिएको थियो।

गत भदौको सुरूवाततिर सिजोय मित्राका पिताले मद्रासको सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षिकरण निवेदन दर्ता गराए पश्चात घटनाले नयाँ मोड लिएको थियो। सिजोयका पिताले त्यसबेला बताए।- "सामान्यतः साताको दुईवटा चिठ्ठी आउने छोरोको रहस्यमय मौनताका कारण उसलाई हेर्न यहाँ आएको थिएँ।"

त्यसपछि मित्रा मार्फत नै नेपालमा अन्य तीनजना विद्यार्थीका अभिभावकहरूलाई खबर पुगेको थियो। मद्रास सर्वोच्च अदालतको आदेश अनुसार साउन ७ र ८ गते गरी सबै विद्यार्थीहरू रिहा गरिए। नेपाली विद्यार्थीहरूलाई प्रवासी नेपाली समाजसेवी गुरू प्रसाद पौड्यालको सक्रियता र उनकै जमानीमा दस हजार धरौटीमा चाहिएको बखत अदालतमा हाजिर हुने शर्तमा रिहा गरिएको थियो। ती विद्यार्थीहरूलाई विद्यालयमै हिरासतमा राख्न लगाउने मानी मंगलम प्रहरी केन्द्रका इन्सपेक्टर कृष्णमूर्तीलाई भदौ १७ गते अदालतमा कार्यालय समयभित्रै हाजिर हुने निर्देशन पनि अदालतबाट गयो। र पछि अदालतले उनलाई उक्त प्रकरणसंग सम्बन्धित सारा फाइल अदालत समक्ष पेश गर्नु पर्ने निर्देशन पनि जारी गऱ्यो।

पंचायत गयो स्वेच्छाचारी गिरफ्तारीको प्रचलन गएन



फोटो : संतोष पोखेल

भुवन लाल थापा मगर प्रभाकर सुवेदी

राजनीतिक दलहरू प्रतिबन्धित रहेको पञ्चायत शासनका तीस वर्षमा वेपत्ता पारिएका व्यक्तिहरूका विषयमा अन्तरिम सरकारद्वारा गठित छानवीनका निम्ति आयोगको स्वागत गर्दै अन्तर्राष्ट्रिय मानवअधिकार संस्था एम्नेष्टी इन्टरनेशनलले ०४९ जेठ-असार तिरै लेखेको थियो । -"आयोगको प्रतिवेदन ०४८ चैत्र वैशाखतिर सरकार समक्ष पेश गरियो र सरकारले यसको अध्ययन गरिरहेको कुरा बताइएको छ । प्रतिवेदन अहिलेसम्म प्रकाशित भएको छैन । एम्नेष्टी इन्टरनेशनल र संयुक्त राष्ट्र संघको ज्यादतीकासाथ वा अस्वभाविक ढंगले वेपत्ता पारिएका मानिसहरूका सम्बन्धमा काम गर्ने मण्डल दुबैले नेपालका सरकारहरूबाट वेपत्ता भएका ६ जना मानिसहरूका ठेगाना वा स्थितिका सम्बन्धमा जानकारी मागेका छन् । तर आज सम्मम यस सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन । अनौपचारिक सूत्रहरूका अनुसार ०४२ को गिरफ्तारीको समयमा कम्तिमा आठजना बन्दीहरू प्रहरी वा सैनिक हिरासतबाट हराए । त्यसबेला लामो अवधिसम्म हिरासतमा थुनिएका दर्जनौं बन्दीहरूलाई कठोर यातना दिइएका प्रतिवेदनहरूलाई ध्यानमा राख्दा, उनीहरूका भलाइका बारेमा गम्भीर चिन्ता गरिनु पर्ने अनिवार्य छ । कैयन वर्ष अघि देखि नै एम्नेष्टी इन्टरनेशनलले वेपत्ता भएकाहरूलाई के भयो भन्ने थाहा पाउन ६ जना बन्दीहरूका विषयमा अनुसन्धान गरिरहेको छ ।"

तर अब एम्नेष्टीको चिन्ता पञ्चायतकाल पछि वेपत्ता पारिएका मानिसहरूका कारण पनि बढेको हुनु पर्छ । ०४९ जेठ १० गते स्थानीय निर्वाचनका क्रममा दोरम्बा गा.वि.स. वडा नं. ८ रामेछापबाट वेपत्ता पारिएका भूवनलाल थापा मगरको आजसम्म कुनै अत्तोपत्तो छैन ।

मानवअधिकारको विश्वव्यापी घोषणा पत्रको धारा ९ का अनुसार कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी ढंगले पक्राउ गर्नु, थुन्नु वा निकाला गर्न मिल्दै मिल्दैन । तर यही वर्ष असार ११ गते देखि हराएका प्रभाकर सुवेदीको पनि आजसम्म कुनै अत्तोपत्तो छैन ।

बहुदलीय कालमा पनि स्वेच्छाचारी गिरफ्तारी र वेपत्ता पार्ने अमानवीय चलन गंभीर चिन्ताको विषयका रूपमा प्रस्तुत भएको छ ।

सरकारलाई तपाईं पनि सोध्नोस्
प्रभाकर सुवेदी कहाँ छन् ?

प्रभाकर सुवेदी

उमेर	:	२० वर्ष
ठेगाना : स्थायी	:	लक्ष्मीनगर वडा नं. ६ वुटवल नगरपालिका, रूपन्देही
अस्थायी	:	इञ्जिनियरिङ अध्ययन संस्थान, छात्रबास, पुल्चोक, ललितपुर

उनलाई ०५० असार ११ गते तद्अनुसार २५ जुन १९९३ बिहान १० बजे पछि कतै देखिएको छैन । उनलाई त्यसै दिन प्रहरीले रत्नपार्कको बीच सडकमै सांघातिक ढंगले कुटिरहेको देख्नेहरू छन् । प्रभाकरलाई त्यस दिन रत्नपार्क भोटाहिटी वा बीरअस्पतालको आसपासबाट पक्राउ गरिएको देख्नेहरू पनि छन् ।

इञ्जिनियर हुने सपना सहित काठमाण्डौ आएका रूपन्देहीका प्रभाकर सुवेदी गएको तीन महिना देखि वेपत्ता छन् । अझसम्म कसैलाई थाहा छैन - सुवेदी कहाँ छन् । तर प्रहरीले घिसारिरहेको प्रभाकरको रक्ताम्य शरीर हामी तस्वीरमा देखिरहेका छौं । उसो भए सरकारलाई प्रत्येक नागरिकले किन नसोध्ने - प्रभाकर कहाँ छन् ? मानवअधिकार उल्लंघनका प्रत्येक घटना उपर औंला ठड्याउन सक्नु भयो भने मात्र तपाईंले आफ्ना अधिकारहरूको पनि रक्षा गर्न सक्नु हुनेछ ।

प्रजातन्त्रमा पनि हराउँदै छन् प्रभाकरहरु

- नरनाथ लुईटेल -

निरंकुश पञ्चायती कालमा गिरफ्तार नागरिकहरू वेपत्ता हुन्थे । साकेत चन्द्र मिश्र, डा. लक्ष्मी नारायण, पद्म लामा, इश्वर लामा आदि यसका उदाहरण हुन् । तर नागरिकले रगतको मूल्य चुकाएर प्राप्त गरेको वर्तमान प्रजातन्त्र मै पनि विलकुल त्यही प्रकृतिका घटना दोहोरिनु भयंकर विडम्बना नै हो । संविधान र कानूनलाई मिचेर विनापूर्जी मानिसहरूलाई गिरफ्तार गर्नु, कष्टडीमा अमानुषिक र जंगली यातना दिनु, यातना कै क्रममा कोही – कसैको मृत्यु भएमा उसको लाश समेत वेपत्ता पार्नु जस्ता मानवअधिकार उल्लंघनका गम्भीर घटनाहरू प्रजातन्त्र प्राप्ती पश्चात पनि घटी रहेका छन् । यीनै घटनाक्रमहरूको पछिल्लो शिकार बनेका नागरिक हुन् प्रभाकर सुवेदी ।

दासढुंगा दुर्घटनाको निष्पक्ष छानविन गर्न सर्वदलीय आयोगको माग गर्दै शुरू भएको आन्दोलनको पहिलो चरणका अन्तिम तीन दिन अर्थात ०५० असार ११, १२ र १३ गते उपत्यकामा थुप्रै हिंसापूर्ण झडपहरू भएका थिए । गोली, लाठीचार्ज, अश्रुग्यासको सहारा लिएर १ दर्जन भन्दा बढी नागरिकको हत्या गरिएको थियो भने सैयौं प्रदर्शनकारीहरूलाई घाइते तुल्याइ हज्जारौंलाई गिरफ्तार गरिएको थियो । आन्दोलनका कार्यक्रममा सकृयतापूर्वक संलग्न रहेका प्रभाकर सुवेदी ११ गते बेलुकी आफ्नो निवास पुल्चोक क्याम्पसको नयाँ होस्टल कोठा नं. २०४ (ए) मा फर्किएनन् र उनी आजसम्म नै वेपत्ता छन् ।

आन्दोलनका क्रममा प्रहरी प्रशासनको वर्वरता जाहेर गर्ने थुप्रै फोटो चित्र तात्कालिन पत्रपत्रिकाले प्रकाशित गरेका थिए । फोटोग्राफीका सोखिन संतोष पोस्त्रेल र युवा फोटो पत्रकार अरूण क्षितिजले प्रभाकरमाथि भएको ज्यादतिको कठीन तस्वीर खिंचेर सम्झाएका थिए।– "हजारौं शब्दहरूले व्यक्त गर्न नसकेको कुरो एउटै तस्वीरले गर्न सक्छ ।" त्यसै मध्येको एउटा फोटो सूर्य मासिकले आफ्नो आवरण पेजमा प्रकाशित गरेको थियो । सूर्यको उक्त अंक तनहुँ पुगेपछि उक्त फोटोमा चारहात खुट्टामा समातेर प्रहरीले घिसारी रहेको रगतपक्ष व्यक्ति नै आफ्नो वेपत्ता भएको भाइ हो मनेर दाजु दिवाकर सुवेदीले चिने । त्यसको केही दिन अगाडि अर्थात ०५० असार २७ गते जिल्ला प्रहरी कार्यालय काठमाण्डौमा दिवाकरले दर्ता नं. १३४० अनुसार भाइ प्रभाकरको खोज तलास गरी पाउँ भनेर निवेदन दिइसकेका थिए । प्रहरी तथा प्रशासनले उनको खोजीका सम्बन्धमा देखाएको उदासिनता पनि उल्लेखनीय रहेको थियो ।

प्रभाकर कसरी गिरफ्तार भए ?

असार ११ गते सात वाम समूहले आव्हान गरेको "उपत्यका बन्द" को कार्यक्रम थियो । दिउँसो आन्दोलनकारीहरू खुल्ला मञ्चमा आमसभाको निम्ति जम्मा हुन थाले । तर खुल्ला मञ्चको मूख्य द्वारमा प्रशासनले ठूलो ताल्चा लगाइ दिएको थियो । अपार भीडले ढोका फोरेर भित्र पसी सभा शुरू गर्न लागे पछि प्रहरीले सैयौं सेल अश्रुग्यास प्रयोग गरी विरोध कार्यक्रमलाई घण्टौंसम्म बिथोली रह्यो । भोटाहिटी, बागबजार, सुनधारा, भद्रकाली चारै नाकामा तैनाथ दंगा प्रहरी आन्दोलनकारीहरूलाई खुल्लामञ्च तर्फ जान नदिन प्रयत्नरत थिए । खुल्ला मञ्चमा भैरहेको अश्रुग्यास र लाठी प्रहारको खबर सुनेर चारैतर्फ रोष बढ्न थाल्यो र भोटाहिटी बागबजार, वीर अस्पताल अगाडि तथा सुनधारामा रक्तपातपूर्ण झडप शुरू भयो । अश्रुग्यास, लाठी र गोली समेतको प्रहारद्वारा निहत्था नागरिक भकाभक ढल्न थाले । यही क्रममा भोटाहिटीको झडपमा प्रहरीको नृशंस प्रहारबाट घाइते भइ प्रभाकर सुवेदी पनि पछारिए । उनलाई त्यही अवस्थामा गिरफ्तार गरियो र अर्धमृत सुवेदीलाई इन्सपेक्टर हरिश खनालको नेतृत्वमा अरू प्रहरीले चारहात खुट्टा समातेर पशुवत तरिकाले घिसार्दै विघटीत अञ्चलाधीश कार्यालय रहेको ठाउँ रत्नपार्क प्रहरी क्याम्प लगियो । प्रभाकरलाई प्रहरी क्याम्प पुऱ्याउँदा पुऱ्याउँदैको अवस्थामा फोटो खिच्ने जनमञ्च साप्ताहिकसंग सम्बद्ध पत्रकार अरूण क्षितिज बताउँछन् ।– "त्यस व्यक्तिको टाउको क्षत विक्षत थियो र उ बेहोस् देखिन्थ्यो ।" सख्त घाइते सुवेदीलाई हस्पीटल तर्फ नलगेर प्रहरी क्याम्प भित्र लैजानुले उनको त्यतिखेरै मृत्यु भैसकेको त थिएन ? भन्ने आशंका उब्जनु पनि अस्वाभाविक हुन्न ।

को हुन् प्रभाकर सुवेदी ?

पिता मुकुन्दहरी सुवेदी र आमा गंगादेवी सुवेदीका तीन भाइ छोराहरू मध्ये कान्छो प्रभाकरको जन्म २०३० साल मंसिर १० गते पाल्पा, डुम्रेमा भएको थियो । सुवेदी परिवार २०३२ सालमा बसाई सरी बुटवल पुग्यो र त्यहींको ज्ञानोदय मा.वि.बाट जेहन्दार छात्रको रूपमा प्रभाकरले ०४५ सालमा एस.एल.सी. दिए । प्रथम श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरेका सुवेदी ०४६ साल मंसिरबाट राष्ट्र निर्माणको निम्ति एक कुशल इन्जिनियर बन्ने आकांक्षाका साथ इन्जिनियरिंग क्याम्पस पुल्चोक भर्ना भए र त्यहीं होस्टलमा बस्न थाले । उनले सिभिल इन्जिनियरिंग डिप्लोमा कोर्ष अन्तिम वर्षको परीक्षा समेत दिइ सकेका थिए । तर होस्टलबाट क्लियरिन्स लिन भने बाँकी नै थियो ।

आर्थिक स्थिति कमजोर रहेको प्रभाकरको परिवार शुरूवातमा करीब आमा गंगादेवीको नोकरीले चलेको थियो । एकान्तप्रिय र भावुक प्रकृतिका प्रभाकर प्रजातन्त्र प्राप्तीको आन्दोलनमा पनि क्रियाशील थिए । के थाहा यही प्रजातन्त्रमा उनी आफैं बेपत्ता हुनु पर्छ । प्रभारका दुई दिदीहरूको मन र आँखा दुबै रूवाउने यस पटकको तिहार नजिक आउँदैछ ।

दाजु दिवाकरले नसोचेको कुरा

दिवाकर वेपत्ता भएको भाइको खोजिमा भौतारिइ रहेकै छन् । निवेदन दिए पनि सम्बन्धित निकायले उनलाई जिम्मेवारीपूर्ण जवाफ आजसम्म दिएको छैन । उल्टै "हामीलाई थाहा छैन, आन्दोलनको बेलामा कति मान्छे समातिन्छन्, छोडिन्छन् यसको के लेखा ?" जस्ता कुराले उनलाई झन् मर्मान्तक पारिदिएको छ । प्राचीसंगको एक भेटमा उनले बताए – प्रभाकर ज्युंदो छैन कि भन्ने सम्मको संकेत पाउँदा आमा बेहोश हुनु भयो ।" उनी अगाडि बताउँछन् – "पञ्चायती कालमा पनि यस्ता घटना घट्थे तर मेरो भाइ समेत

सहभागी भएको आन्दोलनद्वारा प्राप्त प्रजातन्त्रमा पनि यस्तो हुन्छ भन्ने मैले सोचेको थिइन । तर भयो यस्तै । यो प्रजातन्त्रकै खिल्ली उडाउने काम भएको महशुस गर्दछु ।" अर्को एक प्रश्नको उत्तरमा उनी भन्छन् - "अहिले मेरो भाइ वेपत्ता भएको छ, यो मात्र महत्वपूर्ण कुरा होइन, यो घटना सिंगै राष्ट्र र प्रजातन्त्रको, प्रजातान्त्रिक मूल्य र मान्यतासंग प्रत्यक्षत गाँसिएको छ ।"

रक्तरंजित अवस्थामा प्रहरीले घिसारिरहेका व्यक्ति नै प्रभाकर हुन् भन्ने कुराको प्रमाण धेरै तथ्यहरूले दिइ रहेका छन् । तस्वीरको व्यक्ति मेरै भाइ हा भनेर दिवाकरले दावी गरे पश्चात धेरै पछि आएर मात्र पत्रपत्रिकामा उनी बारे र उनको खोजी सन्दर्भमा चर्चाले ठाउँ पाएको छ । यसै सन्दर्भमा अनेरास्ववियूले असोज १२ गते ढिलै भए पनि एक पत्रकार सम्मेलन गऱ्यो । आफ्नो कार्यकर्ता वेपत्ता भएको यति लामो समयसम्म कायम राख्वेको मौनता ढिलै भए पनि तोड्यो र अनेरास्ववियूका महासचिव रामनाथ ढकालद्वारा सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दिइयो । सम्मानित अदालतले प्रभाकरलाई उपस्थित गराउन कारण देखाउ आदेश जारी गरि सकेको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गत असोज १५ गते एक पोस्टर प्रकाशित गरी सबै पक्षमा अझ बढी चासो जगाएको छ । एम्नेष्टी इन्टरनेशनलले पनि सोही दिन प्रभाकरको खोज खवरका निम्ति विश्वव्यापी रूपमा "अर्जेन्ट एक्सन" जारी गरी सकेको छ । यी सबका वावजुद पनि अझै भन्नु परिरहेछ प्रभाकर अहिले कहाँ छन् ? ❑

पंचायतको उत्तरार्द्धतिर वेपत्ता पारिएका नागरिकहरू

(एम्नेष्टी इन्टरनेशनलद्वारा ०४९ जेठ-असारमा प्रकाशित प्रतिवेदन - "नेपाल-मानवअधिकार सम्बन्धी चासोको सारांश" बाट)

नेपाली कांग्रेसद्वारा एउटा सत्याग्रह कार्यक्रमको घोषणा गरिएको थियो र त्यस कार्यक्रमले मौलिक हकहरूको सरकारी उल्लंघनप्रति विरोध जनाउन अन्य राजनैतिक दलहरूबाट पनि समर्थन पाएको थियो । उक्त कार्यक्रम ०४२ असार २८ र ३ गते भएका बमका विस्फोटनबाट छ जना व्यक्ति मारिएपछि बीचमै रोकियो । विस्फोटनहरूमन्दा अघि शुरू भएका पक्राउहरू विस्फोटनपछि झन् व्यापक भए । असारका मध्यसम्म आफ्ना भूतपूर्व राजनैतिक कामकाज र सम्पर्कहरूका कारणले पक्राउ परेका धेरै व्यक्तिहरू समेत अन्य सयौं व्यक्तिहरू सार्वजनिक सुरक्षा ऐन अन्तर्गत नजरबन्दमा राखिएका थिए। भदौ १० गते गृह मन्त्रीले विस्फोटनहरूका सम्बन्धमा केरकार गर्न १,७५० व्यक्तिहरूलाई पक्रिएका र तीमध्ये १०१ व्यक्तिहरूलाई अझ हिरासतमा राखिएको कुरा बताए । यसबापत ०४२ असोजमा पहिलेदेखि लागू हुने विध्वंसात्मक अपराध ऐन लागू गराइयो र ०४३ मा सरकारविरूद्ध हिंसात्मक कार्यक्रममा मुछिएका आरोपित हिरासतमा एक वर्षभन्दा बढी समय बिताइसकेका ९६ व्यक्तिहरूलाई यस ऐन अन्तर्गत मुद्दाहरू चलाइयो । ऐन अन्तर्गत बिना आरोप छ महिना भन्दा बढी लामो अवधिको हिरासत, गोप्य न्यायिक कारवाही र मृत्यु दण्डका प्रावधानहरू थिए । (विध्वंसात्मक अपराध ऐनलाई ०४७ मा खारेज गरियो ।) सार्वजनिक सुनुवाइको अधिकार दिलाउने आइ.सी.सी.पी.आर. को धारा १४.१ लाई उल्लंघन गर्ने बन्द कोठामा बसेको विशेष अदालतमा भएका कार्वाहीहरूमा सबै प्रतिवादीहरूलाई सरकारको विरोध गर्ने जनवादी मोर्चा नाउँको एउटा संगठनका सदस्यता लिएका आरोप लगायो । जनवादी मोर्चा भारतीय सीमाना नजिक भएको दक्षिण तराईमा सक्रिय थियो । ६९ जना आरोपित व्यक्तिहरूलाई रिहा गरियो र २३ जनालाई दोषी ठहऱ्याइयो । उनीहरूलाई तीन वर्षदेखि आजीवनसम्मका कैद सजाय सुनाइयो । यी बाहेक अन्य चारजनालाई उनीहरूको अनुपस्थितिमा मृत्युदण्डको सजाय सुनाइयो ।

उक्त फैसलाहरू प्रत्यक्षतः अस्थीर थिए किनभने एम्नेष्टी इन्टरनेशनललाई जहाँसम्म थाहा छ अदालतमा कुनै प्रत्यक्षदर्शीको बयान पेश गरिएको थिएन र प्रतिवादीहरूमध्येका कसैले पनि स्पष्ट रूपले आफ्नो अपराध स्वीकार गरेका थिएनन् । अधिकांश सबूत "सरकारी साक्षीहरू" (अर्थात् अन्य आरोपित व्यक्तिहरूलाई दोषी सिद्ध गर्ने प्रमाण दिएका कारणले आफै सजाय पाउन नसक्ने आरोपित व्यक्तिहरू) द्वारा पेश गरिएको थियो । दोष लगाउने केही प्रमाण प्रत्यक्षतः थिएन (साथमा बम भएको बेला पक्राउ परेका एकजना व्यक्तिको मामिलामा बाहेक) । अपराधको सबै "प्रमाण" जनवादी मोर्चासंग आफ्नो र अन्य व्यक्तिहरूको साधारण सम्पर्क जनाउने केही बन्दीहरूका वक्तव्यहरूमा आधारित थियो । केही बन्दीहरूले आफ्नो वयान यातना दिइएको समयमा दिइएको अथवा प्रहरीहरूद्वारा बनाइएका हुन् भनेर प्रहरीलाई आफैले दिएका वयानहरू अदालतमा फिर्ता लिए ।

बम विस्फोटनहरू पछि न्यायिक कार्वाहीहरू भदौको मध्यतिर लागू गराइएको विध्वंसात्मक अपराध विशेष नियन्त्रण र सजाय ऐन अन्तर्गत गुप्त रूपमा भएका थिए । कानूनलाई पहिलेदेखि लागू नगराइएको कारणले, केही महिनासम्म कुनै आरोप नलगाएर बन्दीहरूलाई हिरासतमा राखिएको कारणले, कार्वाही गोप्य भएकोले र अदालतको कार्यविवरण गोप्य भएकोले यी कार्वाहीहरू निष्पक्ष कार्वाहीहरूका अन्तर्राष्ट्रिय सम्झौताहरू विपरित थिए । कानूनलाई पहिलेदेखि लागू नगराइएकोले कार्वाहीहरूले त्यस बखतको नेपाल संविधान (धारा ११.३) लाई पनि उल्लंघन गरेका थिए । तर ०४५ मा सर्वोच्च अदालतले सबै फैसलाहरूको समर्थन गऱ्यो । अन्तरिम सरकारद्वारा ०४७ मा उक्त ऐन खारिज गरियो र ०४८ जेठ-असारमा सजाय पाएका सबैजनालाई क्षमा दिइयो ।

बेपत्ता भएका बन्दीहरू अझ जीवित छन् भन्ने बारेमा नातेदारहरू कम आशा राख्दछन् ।

डा. लक्ष्मी नारायण झा

००४७ सालतिर जन्मेका डा. झा भारतीय सीमाना नजिक रहेको जनकपुरमा चिकित्सक थिए । बम विस्फोटन भएपछि ०४२ जेठको मध्यतिर उनलाई गिरफ्तार गरियो । डा. झा आफ्नो स्थानीय समुदायको प्रवक्ता र स्थानीय

प्रशासनको आलोचक भएको हुनाले यसभन्दा पहिले पनि गिरफ्तार भएको कुरा बताइएको छ। उनको गिरफ्तारीका केही साक्षीहरू थिए र गिरफ्तार गरिएको बेलामा धनुषाको डी.एस.पी. पनि उपस्थित भएको कुरा बताइएको छ। शुरूमा डा. झा जनकपुरमा डी.एस.पी. कार्यालयमा राखिएका थिए, जहाँ उनको परिवारका सदस्यहरू उनीसंग भेट्न पनि गए र करीब दुई हप्तापछि उनी हनुमान ढोकास्थित काठमाडौं डी.एस.पी. कार्यालयमा सारिए। त्यहाँ नातेदारहरू उनीसंग भेट्न नसकेर शुरूमा उनको लागि खानेकुरा छोडिदिन्थे, जुन खानेकुरा उनका निम्ति प्रहरीहरूले बुझ्ने गर्थे। दुई-चार हप्तापछि प्रहरीहरूले परिवारलाई डा. झा



अब प्रहरी हिरासतमा नराखिएको कुरा जनाए तर डा. झा कहाँ पठाइए भनेर केही संकेतसम्म दिएनन्। केही रिपोर्टहरू अनुसार डा. झालाई सम्भवतः काठमाडौंको प्रहरी तालीम केन्द्रमा सारिएको थियो, केही अन्य रिपोर्टहरू अनुसार उनी सैनिक हिरासतमा सारिएर ब्यारेकमा थुनिएका थिए। बम-विस्फोटनको मुद्दामा निर्दोष ठहरिएको एकजना प्रतिवादीले आफू अर्को प्रहरी चौकीमा सारिनु भन्दा अघि उनलाई हनुमान ढोकास्थित काठमाडौं डी.एस.पी.को कार्यालयमा थुनिएको कुरा बताएको छन्। उनको वयान अनुसार उनले हनुमान ढोकामा हिरासतमा राखिएको डा.झालाई देखेका थिए र डा. झालाई यातना दिइएको थियो।

०४२ को फागुन-चैत्र तिर डा. झाको परिवारले एउटा बन्दी-प्रत्यक्षीकरणको निवेदन पेश गऱ्यो र चैत्रमा सर्वोच्च अदालतले जिल्ला प्रहरी, सी.डी.ओ. र गृह मन्त्रालयलाई डा.झाको विषयमा सूचना दिन आदेश जारी गऱ्यो। प्रहरी र सी.डी.ओ. दुबैले डा. झा हाम्रो जिम्मामा छैनन् र कहिले पनि हाम्रो जिम्मामा रहेका थिएनन् भन्ने उत्तर दिए। गृह मन्त्रालयले डा. झाको ठेगानका विषयमा कुनै सोझो उत्तर नदिएर डा. झाका अधिकारहरूको उल्लंघनमा मन्त्रालयको भूमिका निवेदकले दर्शाएको छैन भन्ने प्राविधिक प्रत्युत्तर मात्रै दियो। ०४३ असार-साउनतिर सर्वोच्च अदालतले जनकपुर प्रहरीसंग डा. झाको ठेगानाको सूचना मागेपछि जनकपुर प्रहरीले डा. झालाई हिरासतमा लिएको कुरालाई इन्कार गऱ्यो। १७ दिसम्बर १९८५ मिति भएको एउटा प्रहरी प्रतिवेदनले अर्को एकजना शंकित व्यक्तिले बम-विस्फोटमा दोष लगाएका तीसजना अन्य व्यक्तिहरू समेतको नामावलीमा डा. झाको नाउँ पनि दियो। यीनै व्यक्तिहरूका पारिवारिक नाउँ वा ठेगानाहरू "अहिलेसम्म जानिएका छैनन्" र यी कुरा जानिएपछि "कदमहरू चालिने छन्" भन्ने कुरा प्रतिवेदनमा पनि उल्लेख भएको छ।

डा. लक्ष्मी नारायण झाको ठेगान र उनको अवस्था अझै पनि जानकारीमा आएको छैन।

ईश्वर बहादुर लामा
पदम बहादुर लामा

भारतीय सीमाना नजिक जनकपुरका यी दुबै तीस वर्षीय मानिसहरू सन् ०४२ जेठको मध्यतिर नेपाली कांग्रेसद्वारा चलाइएको सत्याग्रह कार्यक्रमको बेलामा सार्वजनिक सुरक्षा ऐन अन्तर्गत जनकपुरमै पक्राउ परेका थिए। दुबै जना नेपाली कांग्रेसका सदस्य थिए। उनीहरू स्थानीय गोदाममा भएको अस्थायी कारागारमा लगिए जुन ठाउँमा उनीहरू नेपाली कांगेसका अन्य सदस्यहरूका साथै बम-विस्फोट भएको बेलासम्म हिरासतमै राखिए। विस्फोटनहरूपछि उनीहरू नजिकको महोत्तरी जिल्लास्थित जलेश्वर कारागारमा सारिए जहाँ नेपाली काँगेसका अन्य गिरफ्तार सदस्यहरूले उनीहरूलाई देखेका थिए। जलेश्वरमा ल्याइएको केही समयपछि नै उनीहरू अलग ठाउँहरूमा लगिए जहाँ उनीहरूलाई मृत्युका धम्की दिएर उनीहरूबाट बम-विस्फोटनहरूमा मुछिएका व्यक्तिहरूका विषयमा जानकारी लिने कोशिश गरिए। केरकार सकिएपछि उनीहरूलाई जलेश्वर कारागारमा फर्काइयो। फर्किएपछि उनीहरूले अन्य बन्दीहरूलाई यी घटनाहरू सुनाए। त्यहाँ फर्केको दुई दिनपछि उनीहरू हुनमान ढोकास्थित काठमाडौं डी.एस.पी.को कार्यालयमा सारिए जहाँ उनीहरू बम-विस्फोटनमा मुछिएका शंका गरिएका अन्य व्यक्तिहरूका साथै थुनिए। ०४२ साउन ५ गते उनीहरू काठमाडौंको महाराजगञ्जस्थित प्रहरी तालीम केन्द्रमा सारिए। उनीहरू साउन १९ गतेसम्म त्यहीं राखिए। रिपोर्टका अनुसार त्यस दिन उनीहरूलाई प्रहरीहरूले लगेको थियो। केही रिपोर्टहरूमा उल्लेख भए अनुसार उनीहरू काठमाडौंको कुनै सैनिक ब्यारेकमा हिरासतमा राखिएका थिए। दुबै व्यक्तिकहाँ र कुन स्थितिमा छन् भन्ने कुरा अज्ञात नै रहेको छ।

साकेत मिश्र

भारतीय सीमाना नजिक रहेको राजविराजनेर आफ्नो पैतृक गाउँको घरबाट करीब २० वर्षको उमेरको विद्यार्थी साकेत मिश्रलाई बम-विस्फोटनपछि गिरफ्तार गरियो। उनलाई राजविराजको प्रहरी चौकीमा दुई-तीन दिनसम्म राखिएको उल्लेख गरिन्छ। त्यसपछि रिपोर्ट अनुसार उनलाई रातिको बसद्वारा हनुमान ढोकास्थित काठमाडौं डी.एस.पी. कार्यालयमा लगियो। त्यसपछिका तीन महिनाको अवधिमा साकेत मिश्र बारम्बार एक ठाउँबाट अर्को ठाउँमा सारिएको कुरो पुष्टि भइसकेको छ। तीन महिनाको त्यस अवधिभित्र केही व्यक्तिहरूले उनलाई हनुमान ढोकास्थित काठमाडौं डी.एस.पी.को कार्यालयमा विभिन्न समयमा देखेको कुरा बताएका छन्। तर उ त्यहाँ थुनिएको कुरालाई अधिकारीहरूले अस्वीकारले गरेका छन् र गिरफ्तारपछिको उ कहाँ पुऱ्याइयो भन्ने बारेमा अहिलेसम्म पनि औपचारिक थाहा हुन सकेको छैन। मुक्त भएका केही भूतपूर्व बन्दीहरूले



उनलाई प्रहरी हिरासतमा देखेको कुरा बताएका छन्। उनीहरूका भनाइ अनुसार साकेतको मलद्वारबाट रगत आउँदै थियो र उ आफ्ना अंग राम्रोसंग चलाउन नसक्ने अवस्थामा पुगेको थियो। डा. झा र सत्य नारायण शाहका नाउँ उल्लेख भएको ०४२ पुष २ गतेको प्रहरी प्रतिवेदनमा साकेत मिश्रको नाउँ पनि देखिन्छ। दण्ड दिने प्रक्रिया शुरू हुनुभन्दा अघि नाउँ र ठेगाना नजानिएका व्यक्तिहरूको नामावलीमा उसको नाउँ समाविष्ट थियो। साकेत मिश्र कहाँ र कुन अवस्थामा छन् भन्ने कुरो अज्ञात रहेको छ।

सत्य नारायण शाह

भारतीय सीमाना नजिक रहेको जनकपुरका युवक सत्य नारायण शाह काठमाडौंमा बम विस्फोट भएपछि ०४२ असार १४ गतेका दिन प्रहरीहरूद्वारा जनकपुरमै पक्राउ परेका थिए। केही रिपोर्टहरू अनुसार सत्य नारायण शाह हनुमान

रिटको सुनुवाईमा हाजिर नहोऊ र मुद्दा पनि फिर्ता लेऊ नत्र तिमी हराउने छौ भन्ने धम्की पाएँ र यस सम्मानित अदालतले मलाई जनकपुर अञ्चलाधीशबाट बचाउन नसकेको कुरामा सन्देह नभएको कारणले र मेरो छोरालाई जे भए पनि मेरो परिवारको र मेरो आफ्नो ज्यान बचाउन मैले निवेदन फिर्ता लिएँ।

ढोकास्थित काठमाडौं डी.एस.पी. कार्यालयमा लगिए तर गिरफ्तारपछि उनी कहाँ लगिए भन्ने बारेमा अहिलेसम्म पनि औपचारिक रूपमा थाहा भएको छैन। विध्वंसात्मक अपराध ऐन अन्तर्गत स्थापित भएको विशेष अदालतलाई पेश गरिएको ०४२ पुष २ गतेको प्रहरी प्रतिवेदनमा उसको नाउँ देखा पऱ्यो। प्रतिवेदनले असारका बम-विस्फोटहरूका सम्बन्धमा आरोपित भएका ९६ व्यक्तिहरूको नामावली प्रकाशित गरेको थियो। प्रतिवेदनमा आरोपित केही व्यक्तिहरूले दिएका जस्ता भान हुने वयानहरू समाविष्ट छन्, जुन व्यक्तिहरूमध्ये केही व्यक्तिहरू अदालतमा देखा परे। प्रतिवेदनमा सत्य नारायण शाहसमेतका ६८ आरोपित व्यक्तिहरूले ऐन अन्तर्गत एउटा नतोकिएको अपराध "गरेको जस्तो छ" भन्ने कुरा पनि भनिएको छ। यस प्रतिवेदनमा बन्दीहरूको हिरासत-ठाउँका बारेमा कुनै संकेत दिइएको छैन।

०४३ असार-साउनतिर सत्य नारायण शाहका बुवाले सर्वोच्च अदालतसमक्ष एउटा बन्दी-प्रत्यक्षीकरणको निवेदन पेश गरे र अदालतले जनकपुर अञ्चलाधीशलाई ०४३ साउन २० गतेका दिन निवेदनको सुनुवाईमा सान्दर्भिक जानकारी दिने आदेश जारी गऱ्यो। तर बुवाको भनाइ अनुसार उ आफै अञ्चलाधीशको आदेशमा साउन १२ गते नै प्रहरी हिरासतमा राखिएर बिना स्वानेकुरा पाँच दिनसम्म थुनामा रहे। अञ्चलाधीशले तिमी निवेदन फिर्ता लेऊ नत्र तिमी पनि हराउने छौ भनेर धम्की दिए। उनले निवेदन फिर्ता लिए तर सर्वोच्च अदालतलाई एउटा वयान पनि दिए जुन वयानबाट लिइएको उद्धरण निम्नलिखित छ।- "युवा अवस्थाको संघारबाट मेरो छोरा पक्राउ पऱ्यो र बेपत्ता भयो। अब मलाई केही थाहा छैन उ अझै बाँचेको छ कि छैन। रिटको निवेदन पेश गरेपछि म थुनिएर झण्डै मरें। एउटा पत्र सही गर्न म बाध्य भएँ, पत्रमा के लेखिएको थियो कुन्नि। रिटको सुनुवाईमा हाजिर नहोऊ र मुद्दा पनि फिर्ता लेऊ नत्र तिमी हराउने छौ भन्ने धम्की पाएँ र यस सम्मानित अदालतले मलाई जनकपुर अञ्चलाधीशबाट बचाउन नसकेको कुरामा सन्देह नभएको कारणले र मेरो छोरालाई जे भए पनि मेरो परिवारको र मेरो आफ्नो ज्यान बचाउन मैले निवेदन फिर्ता लिएँ। ..... म नम्रतासाथ बिन्ती गर्छु ..... सर्वोच्च अदालत आफ्नै तरफबाट सार्वजनिक कल्याणको मुद्दामामिलाको रूपमा केही गर्न सक्छ भने अदालतले मुद्दा चलाउनु पर्छ अथवा कानून अनुसार गर्नुपर्ने काम गर्नुपर्छ। तर म आफ्नो ज्यान अर्पण गरेर यो मुद्दा चलाउन सक्दिन।"

सर्वोच्च अदालतले कुनै नयाँ कदम चलाएन र सत्य नारायण शाहको हालको ठेगान र स्थिति अज्ञात नै रहेको छ।

महेश्वर चौलागाई

रिपोर्टहरूका अनुसार, महेश्वर चौलागाई नाउँको एकजना प्राथमिक विद्यालय शिक्षक बम विस्फोटन भएको केही समयपछि उर्दी पोशाक लाएका प्रहरीहरूद्वारा ०४२ असार १६ गतेका दिन पक्रियो। उनलाई कोशी अञ्चलस्थित प्रहरी कार्यालय पछि सङ्खुवासभा जिल्ला प्रहरी कार्यालयमा लगियो र उनका परिवारलाई उनीसंग भेट्न दिइएन। परिवारले अधिकारीहरूलाई अनेक बिन्ती गरे पनि उनको गिरफ्तारीका कारणहरू जनाइएनन्। गिरफ्तार हुनुभन्दा पहिले उनी प्रतिबन्धित नेपाल राष्ट्रिय शिक्षक संगठनमा सक्रिय रहेका थिए भन्ने बुझिन्छ। उक्त संगठनका केही सदस्यहरू पञ्चायती अधिकारीहरूद्वारा पक्राउ परेका थिए। उनको नाउँ एम्नेष्टि इन्टरनेशनलसंग उपलब्ध प्रहरी प्रतिवेदनहरूमा देखिंदैन। मुक्त भएका एकजना भूतभूर्व बन्दीले हनुमान ढोकास्थित बम-विस्फोटका विषयमा सोधपूछको लागि



धेरै बन्दीहरू काठमाडौं डी.एस.पी.को कार्यालयमा लगिएका महेश्वर चौलागाईलाई ०४२ असार-साउनतिर देखेको कुरा बताएका छन्। तर चौलागाईलाई बम-विस्फोटहरूको सम्बन्धमा गिरफ्तार गरिएको थियो भन्ने कुराको कुनै लिखित प्रमाण छैन।

०४३ असोज-कार्तिकतिर गिरफ्तार गरिएपछि आफ्नो दाईसंग भेट्न नदिएको कुरालाई लिएर सङ्खुवासभा जिल्ला प्रहरी कार्यालयमा दाइलाई यातना दिइएको कुरो उल्लेख गर्दै दाईको ठेगानका सम्बन्धमा जानकारी पाउन महेश्वर चौलागाईको भाइले सर्वोच्च अदालतसमक्ष बन्दी-प्रत्यक्षीकरणको निवेदन पेश गरे। अदालतले सङ्खुवासभा जिल्ला प्रहरी कार्यालय र गृह मन्त्रालयसंग उनको गिरफ्तारी र हिरासत सम्बन्धी जानकारी दिन अनुरोध गऱ्यो। महेश्वर चौलागाईलाई अवश्य गिरफ्तार गरिएका थिए तर उनको भाइले भनेको ०४२ असार १६ गते नभई, त्यसको एक हप्ताभन्दा बढी पछि असार २५ गतेमा गरिएको थियो भनेर अधिकारीहरूले प्रत्युत्तर दिए। र महेश्वर चौलागाई पक्राउ परेको धेरै छोटो समयपछि मुक्त गरिएको थियो पनि भने। तर महेश्वर चौलागाईका ठेगान र स्थिति अज्ञात रहेको छ। ❑

साकेत चन्द्र मिश्रको कथा

अमानवीय पंचायती शैलीको एक नमूना

तीन वर्ष अघिसम्म साकेत चन्द्र मिश्र लगायत बयालीस सालको "वम काण्ड" को निहूँमा बेपत्ता पारिएका नेपालीहरूका बारेमा अत्यन्त चासो थियो। मान्नै पर्दछ समयको अन्तरालले उपरोक्त चासोलाई केही मत्थर अवश्य पारेको छ। तर राष्ट्रिय-अन्तर्राष्ट्रिय मानवअधिकार संघ संस्थाहरूले बेपत्ता पारिएका मानिसहरूका सम्बन्धमा लगातार अभियान संचालन गरिरहेकै छन्। प्रस्तुत रिपोर्टिङ सर्वप्रथम युवाहरूको सहचर हातेमालो - वर्ष ११ अंक २५ ०४७ कार्तिक-मा प्रकाशित भएको छ। उक्त पत्रिकाका तत्कालिन सम्पादकद्वय तारक घिताल एवं कुन्दन अर्यालद्वारा तयार पारिएको प्रस्तुत रिपोर्टिङमा साकेतको गिरफ्तारीका सम्बन्धमा सिलसिलावद्ध जानकारी दिन खोजिएको छ।

२०४२ साल असार ६ गते दिउँसो नेपालको इतिहासमा पहिलो पल्ट राजदरवार र राष्ट्रिय पञ्चायतमा वम बिस्फोटन भएपछि अनुसन्धानको नाममा राज्य यन्त्रले सारा देशभर आतङ्क मच्चाएर सयकडौं निर्दोषहरूलाई पक्रियो। त्यस बखत ती निमुखा बन्दीहरूले पाएका यातनाले राज़ाको पञ्चायतमा मानवअधिकारको उत्कृष्ठ नमूना देखाएको थियो। वम काण्डमा नियोजित रूपमा फसाइएका ईश्वर लामा, पदम लामा [ईन्द्र लामा (?)], दिलिप चौधरी, डा. लक्ष्मी नारायण झा र साकेत चन्द्र मिश्रलाई उनीहरूको गिरफ्तारी पछि आजसम्म कसैले भेट्न पाएको छैन।

आफ्नै गुण्डाहरू लगाई रक्सौलमा मार्न लगाइएका बैद्यनाथ गुप्ता लगायत तिब्र यातना सहन गर्न नसकी हिरासतमै मारिएको आशंका गरिएका डा. लक्ष्मी नारायण झा, ईश्वर लामा, पदम लामा, दिलिप चौधरी र साकेत चन्द्र मिश्र लगायत अन्य कतिपयका बारेमा कथित विध्वंशात्मक अपराध (विशेष नियन्त्रण तथा सजाय) ऐन २०४२ अन्तर्गत गठीत अदालतमा सरकारी मुद्दा सम्बन्धी ऐन २०१७ को दफा ३(४) अन्तर्गत दाखिल गरेको प्रहरी प्रतिवेदनमा स्पष्ट उल्लेख छ। "___ समेतका व्यक्तिहरूको घर वतन समेत हालसम्म प्रष्ट खुल्न नआएकोले खुल्न आएको अवस्थामा दावी लिइने व्यहोरा साथ संकलित कागजात, तथा दशी समेत यसै साथ पेश गरिएको छ।" २०४२/९/२/३ मा का.मु. उप-न्यायाधिवक्ता मनु प्रसाद पौडेल, म.न्या.का.स.स.अ. तथा म.अ. शास्वा, रानीपोखरी र आङ स्याउ दर्पा लामा, प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय काठमाडौंद्वारा प्रस्तुत उक्त प्रतिवेदनमा पक्राउ परेका निर्दोषहरूबाट लाठीकै भरले तयार पारिएका कपोलकल्पित वयानहरूलाई प्रमाणका रूपमा पेश गरिएको छ। त्यत्ति मात्र होइन त्यही भदौमा काठमाडौं आई छोराका बारेमा वाग्मती अञ्चलका तत्कालिन सह-अञ्चलाधीश ववुआन ठाकूरलाई सोद्धा साकेतका बृद्ध बाबुले यस्तो जवाफ पाए - "उ सब अब नै छै, हमर विचार से उ अब नै छै।" दुःखी बाबुले जान्न चाहे तर अझ कठोर र क्रुद्ध जवाफ पाए - "वैशास्व १० गते नै अञ्चलाधीश अफिस जलेको थाहा छैन ?"

पिताको मनले हारेन, तत्कालिन गृह सचिव वीर बहादुर शाहीलाई पनि सोध्न पुगे तर शाहीले प्रजातन्त्र आएर पञ्चायती कालमा राजनैतिक दमनका कारण बेपत्ता पारिएकाहरूको खोजी गर्न आयोग समेत बनी सकेको अवस्थामा पनि कत्ति नहिचकिचाई भने - "अब



त कागजात केही बाँकी छैन, हामीलाई इन्क्वारी भयो भने त भन्दिन्छौं, समातेर ल्याउँदै थियौं, इण्डियातिर भाग्यो।"

के साकेतलाई पक्रिएकै छैन ? साकेतको राजनैतिक झगडीया र त्यस बेलाका जिल्लामा चिन्हित पञ्च र हाल कथित राष्ट्रिय प्रजातन्त्र पार्टी (सू.ब.था.) का सक्रिय सदस्य कृष्णदेव झा जङ्गिएर भन्छन् - "किन पक्रिएकै छैन सालाहरूले ? इन्दिवर सिंह त गएको थियो, यसरी कपालमा समातेर उठाएको हो।"

उसलाई पक्राउन त तपाईंको हात थियो भन्छन् नि ? - "जुन बेला उ पक्रियो म यहाँ थिएन, काठमाडौंबाट आएपछि थाहा भयो कि यसरी यसरी मान्छेहरू पक्रियो।"

के तपाईंले उसलाई छुटाउने वा बचाउने कोशिस गर्नु भयो ? "मैले यहिंका अरू तीन जनालाई त सहयोग गरें भने उ त आफ्नै सम्बन्धीलाई झन नगर्ने कुरै भएन।"

तर तपाईंले उसलाई बचाउन के गर्नु भयो भन्दा उसले जवाफ अन्यत्रै मोडेर दिन थाल्यो। "वम काण्ड रहस्यमयी नै छ। राजभवनको षड्यन्त्र हो की के हो ? राजाको अगल बगल त धेरै किसिमको मान्छे न छ। जे होस रामराजाले गराएको कुरामा शंकै छ, त्यो जातै त्यस्तै छ, बहादुर हुन जे पनि सकार्छ।" कुराकै क्रममा उनले बताए।

राजविराज निवासी जगरनाथ दास ७ गते आफ्नै घरबाट पक्राउ परेका थिए। उनी भन्छन् - "८ गते राजविराज एस.पि. अफिसमा मेरो साकेतसंग भेट भएको थियो। २१ गते काठमाडौं चलान गरिए पछि हनुमान ढोका कस्टडीमा केशव भेटवाल, दिनेस श्रेष्ठ र साकेत सहित हामी निकै जना २३-२४ दिनसंगै थियौं।" वर्दिया गुलरियाका दिनेस श्रेष्ठका अनुसार - "श्रेष्ठलाई भाद्र २४ गते नक्साल हेड क्वाटरबाट अन्यत्र सार्दासम्म साकेत र डा. लक्ष्मी नारायण पनि त्यहिं जिवितै थिए। तर साकेतको पुरानो रोग साइनोसाईटिसले उसलाई निकै चापेको थियो र उसको मलद्वारबाट पनि रगत आउँथ्यो।"

भाद्र २६ गते सम्म साकेतसंग नुवाकोटका केशव भेटवाल र सायद त्यसपछि सम्म सोलुका अनार सिंह कार्की पनि थिए। उनीहरूका अनुसार "त्यसबेला सम्म साकेत अर्धमृत भैसकेका थिए। मुख र मलद्वारबाट रगत आउँथ्यो र अत्यन्तै अशक्त थिए।"

त्यस्तै काठमाडौंमा बस्ने साकेतका आफन्तहरू आर.एन.ए.सी. का क्याप्टन विपिन मिश्र र सिंचाई विभागका सु.ई. अमोदानन्द मिश्र कहाँ पनि साकेतले सर-सहयोगका लागि कस्टडीबाटै खबर पठाएको कुरा दुबै जना स्वीकार्दछन्। क्याप्टन मिश्रका अनुसार उनी बाहिर गएको बखत फोन आएको थियो भने ईन्जिनियर मिश्रका अनुसार कुनै थर्ड पर्सनले फोन गरेथ्यो तर त्यो बेलाको सिचुएसन नै त्यस्तो थियो कि उनले पैसा वा केही पठाएनन्।

डिल्लीबजार पिपलवोटबाट दक्षिणको बाटो छेवैको सबभन्दा माथिल्लो तल्ला चाईनिज ईंटले बनाइएको पहेंलो घरमा साकेतले २०४१ साल माघतिर डेरा लिएका थिए। तर ८-९ दिन मात्र बसी उनी घरतिर लागे। पछि पक्राउ परेर काठमाडौं ल्याइए पछि उनलाई साथैमा लिई पुलिसहरू उनको कोठा तलासी गर्न आएका थिए। त्यस बखत उनको एउटा हयाण्ड ब्याग र केही कापि किताब पुलिसले लगेको थियो भने एउटा क्याम्प स्वाट, एउटा फोमको डस्ना, एक-एक वटा तकिया, तन्ना र मण्डी छोडेर लिस्ट बनाई घर धनी बुढी आमैलाई दिएको थियो भन्ने कुरा बुढी आमै बताउँछिन्। वीरपुर भारतबाट वि.ए. पास गरेका साकेतले त्रि.वि.वि. किर्तिपुरमा फिलोसफी (कसैको भनाईमा इकोनोमिक्स) मा भर्ना लिएका थिए र उनको कोठामा कापी किताव भेटिनु कुनै अनौठो कुरो थिएन। त्यस बखत उनलाई देख्नेहरू भन्छन्, उ एकदमै कमजोर देखिन्थ्यो, लुगामा पनि रगतका टाटाहरू देखिन्थे।

अझै पनि छोरासंग भेट्न पाइएला कि भन्ने

आशमा झुण्डिरहेका साकेतका पिताका अनुसार – ०४२ सालमै वमकाण्डकै सिलसिलामा पक्राउ परेका गजेन्द्र नारायण सिंहलाई सर्वोच्च अदालतमा भेट्दा उनले साकेत थुनामा आफूसँगै रहेको बताएका थिए मने हाल ताप्लेजुङ्गमा रहेका डा. अमरेन्द्र झाले साकेतसंग पैसा नभएको खबर दिएका थिए।

७ गतेको घटना: असार ६ गते काठमाण्डौंमा वम पड्किएको भोलीपल्ट विहानै ७–८ बजेतिर प्रहरी निरिक्षक इन्दिवर सिंह, तत्कालिन प्र.पं. ताक्षेश्वर मिश्र, का.मु.डि.एस.पि., राजविराजका विष्णु पोखरेल लगायत ८–१० जना शसस्त्र प्रहरीहरू सप्तरी जिल्लाको तिलाठी गाउँस्थित साकेतको घरैमा आइ पुगे। कसै कसैको भनाईमा उक्त कार्यमा कृष्णदेव झाको उक्साहटले पनि काम गरेको थियो। र सप्तरीका कुख्यात सि.आई.डी. विष्णु पोखरेलले साकेतलाई चिनाएको बताइन्छ।

अमोदानन्द मिश्रका अनुसार साकेतका पिता कहिल्यै झुठ बोल्दैनन् र त्यसदिन पनि प्रहरीहरूले सोध्ने बित्तिकै घरैमा छ भन्दिए र छोरालाई बोलाउन थाले। तर केटाकेटी र अन्यले बचाउन वा भगाउन खोज्दा खोज्दै विना पूर्जि आएका प्रहरीहरू वलजफत घरभित्र पसी साकेतलाई ओछ्यानबाटै तानेर ल्याए। त्यस बखत सगरमाथाका एस.पि. मोतिलाल बोहोरा थिए।

गिरफ्तार गरिएको झण्डै हप्ता दिनसम्म साकेतका लागि लगेको खाना बुझियो तर पक्राउ परेदेखि अहिलेसम्म उनका परिवारले उनको अनुहार देखेका छैनन्।

पिता रामचन्द्र मिश्र (६० वर्ष) एवं माता चपला मिश्र (४८ वर्ष) का अनुसार ६ भाइ छोराहरूमध्ये माइलो साकेत पक्राउ पर्दा २१ वर्षका मात्र थिए। उनको घरायसी नाम मुनु थियो।

रामचन्द्र मिश्र, जिल्ला न्यायाधीश, अञ्चल न्यायाधीश र २४ सालमै अस्त्यियार दुरूपयोग निवारण आयोगका का.मु. सचिव समेत भैसकेता पनि आफ्नै छोरालाई न्याय दिलाउन नसकेकोमा आफन्तहरूलाई पनि दोषी ठहऱ्याउँछन्। तर साकेतको ठूला बुबाका छोरा अमोदानन्द मिश्रका अनुसार त्रि.वि.वि.मा भर्ना लिनु अघि साकेत ५–६ महिना उनैकहाँ बसेका थिए र उनले सहयोग गरेका थिए।

अमोदानन्द भन्छन् – "साकेत अति क्रान्तिकारी खालका थियो, वि.पि.लाई समेत ठाडै यसो हुँदैन, उसो हुँदैन भन्न सक्थ्यो, मकहाँ घरमा बस्दा पनि लेवर क्लासमा अनेक मानिसहरूलाई ल्याई रहन्थ्यो।" उनी अगाडि भन्छन् – ०५१ साल मंसीरमा मेरो घरबाट गएपछि ५–६ महिना यतै काठमाडौं र तिलाठी गरेर बिताएछ। मैले माघमा सरस्वती पूजामा उही घरमा भेट्दा सोधेथें – "क्या हो पढ्न जाँदैनौ।" उसले "अब जान्छु भन्थ्यो।"

"उसले माघ देखि महिनाको ३००/– का दरले दुई महिनाको एकैचोटी भाडा तिरेर डिल्लीबजारमा कोठा लिएको रहेछ तर त्यसको लगत्तै घरतिर लागेछ, सायद त्यो दुई महिनाको भाडा कटीसकेपछि हो, घरधनी मेकानिकल ईन्जिनियर विष्टले मलाई फोन गरेर साकेतको बारेमा सोधेका थिए, मैले घरतिर होला आईहाल्छ, पिर मान्नु पर्दैन भनेको थिएँ।" उनी अगाडि भन्छन् – "जेठमा तिलाठी गएको बेला मैले उसलाई डेरावालाले खोजेको बताएँ, उ "अब जान्छु" भन्थ्यो, त्यसपछि म यता, काठमाडौं आईहालें, वमकाण्ड भयो, त्यो दिन अर्थ मन्त्रालयमा मिटिङमा थिएँ। तर त्यस पछि मेरो घर वरिपरि पनि पुलिस गतिविधि देखिन थाल्यो।"

अमोदानन्दका अनुसार १२ गतेतिर उनलाई पुलिसकहाँबाट फोन आयो र पुलिस क्लबमा बोलाइयो। त्यहाँ सोधियो साकेत उनीकहाँ छ कि छैन। उनले छैन भने। त्यसपछि सोधियो उनैकहाँ बस्थ्यो त ? उनले

गिरफ्तार गरिएको झण्डै हप्ता दिनसम्म साकेतका लागि लगेको खाना बुझियो तर पक्राउ परेदेखि अहिलेसम्म उनका परिवारले उनको अनुहार देखेका छैनन्।

स्वीकारे – "पहिले बस्थ्यो।" त्यत्तिकैमा त्यहीं तत्कालिन एस.पि. अच्यूत खरेलसंग उनको भेट भयो, खरेल अमोदानन्दका पुराना परिचित थिए, तुरून्तै सोधे "कता मिश्रजी ?" अनि अरू पुलिसहरूलाई गाली गरे जस्तै गरी भने "ए तिमीहरूले वहाँलाई किन ल्याएको ?" उनले उसैलाई सोधे "किन ल्याएको हो।"

"केही छैन त्यो साकेतको बारेमा अलिकति जान्नु थियो।" "मलाई अत्यन्त डर लाग्यो, साकेतलाई केही भएको छ कि भनी मैले सोधें पनि, मैले त्यहीं खरेललाई साकेतले संडक विभागका एकजना रिटायर्ड मेकानिकल ईन्जिनियरको घरमा डेरा लिएको बताएको हुँ तर मलाई त्यस बेलासम्म साकेत पक्रिएको थाहा थिएन र उसको डेरा पनि देखेको थिइन।" अमोदानन्दले बताए।

के साकेत वमकाण्डमा संलग्न थियो ? – "साकेतको त्यसमा संलग्नता थिएन, त्यसबेला त उ ठिकदारी गरिरहेको थियो।" राजविराजका कृष्णदेव झाको भनाई यस्तो छ।

त्यस्तै वमकाण्डमै फसाइएका जगरनाथ दास भन्छन् – "सब निर्दोषहरूलाई फसाइयो, यदि हामीले वम राख्ने हुन्थ्यौं भने हामी अण्डरग्राउण्ड मै सक्ने थिएनौं ? एक्टिभ भएर कतै भागी सक्ने थिएनौं ? ६ गते काठमाडौंमा वम पड्कियो ७ गते विहानै हामीलाई यहाँ राजविराजमा पक्रियो। यसैबाट बुझ्नुस् न संलग्नता थियो कि थिएन।" "त्यसको केही दिन अगाडि साकेतलाई राजविराजमा भेटेथें, र के गर्दै हुनुहुन्छ भन्दा उसले खनारमा ठिकदारी गर्दैछु भन्थ्यो, मैले भनेथें तपाईंबाट यो काम हुँदैन।" जगरनाथ दास बताउँछन्।

साकेतले डेरा लिएको डिल्लीबजारको घरकी बुढी आमै भन्छिन् – "हामीलाई त उसको केही नराम्रो थाहा छैन, हामी त त्यस्ता मान्छेलाई घरमा राख्दै राख्दैनौं।"

अमोदानन्द भन्छन् – "मेरो ब्रम्ह भन्छ साकेत त्यस घटनामा इनभल्व थिएन, एक त त्यो घटना नै माथिकै षडयन्त्र थियो जस्तो त अहिले सबैले महशुस गरिरहेकै छन्।" "मैले धनगढीमा डाइरेक्टर हुँदा तत्कालिन डि.आई.जी. अच्यूत खरेललाई त्यहाँ पनि भनेथें – साकेत निर्दोष छ।" आफैले रचेको नाटकीय घटनाको अनुसन्धान र दोषीलाई सजाय दिने नाममा देशभरी आतंक फिजाई सिर्फ संख्या बढाउन गिरफ्तारीमा परेका निर्दोषहरू झैं साकेत पनि परे तर समय भन्दैछ उ अब निरंकुशताद्वारा नफर्किने गरी चपाइ सकिएको छ।

तर घर परिवारको मन मान्दैन, उनीहरू अझ पनि साकेतलाई जिउँदै भेटिन्छ कि भन्ने अलिकति आशामा छन्। ०४२ साल माघतिर रामचन्द्र मिश्र आमालाई लिई काठमाडौं लागे र तत्कालिन एस.पि. चेम्जोङलाई कैयन पटक छोराको मुख हेरी पाउने अनुनय गर्दा पनि मौका पाएनन् तर साकेतका लागि उनका पिताले लगेका स्याउ साकेतकहाँ पुऱ्याइदिनु भन्ने हुकुम चेम्जोङले चैनपुर निवासी डि.एस.पि. श्रेष्ठलाई दिए।

त्यसपछि रामचन्द्र वागमती अञ्चलाधीश धर्म ब. थापा एवं सह–अञ्चलाधीश ववुआन ठाकुरलाई भेट्न गए। ठाकुरले भित्री कोठामा लागि उनलाई साकेत पक्राउ नभएको र राखेको ठाउँ पनि थाहै नभएको बताए पछि उनी छाङ्गाबाट खसे झैं भए।

त्यस बखत छोराको पिरले ५–६ महिना काठमाडौं बसेका रामचन्द्र डि.वि. लामालाई भेट्न महेन्द्र पुलिसक्लव समेत गए र एस.पि. राईलाई पनि भेटे तर राईले ठाडै भने – "तपाईंहरू व्यर्थ कोशिस गर्दै हुनुहुन्छ, पुलिसको हठ आइरनको हुन्छ।" राईले एस.पि. अच्यूत खरेललाई भेट्न भने। तालिम केन्द्र महाराजगञ्जमा खरेललाई भेट्न गए तर जवाफ पाए – "धेरै मानिस यहाँ छन्, तर तपाईंको छोरो छैन।" खरेलले सरकारी वकिल भैरव प्रसाद लम्सालद्वारा पेश गरिएको विज्ञप्ति बारे त बताए तर पुनः जोड दिए – "तपाईंको छोरो छैन।"

सोही समय उनले आमाको नाममा मुमा वडामहारानी र राजाको नाममा समेत दरवार पश्चिम ढोकामा निवेदन दिएको मात्र हैन केही पहुँचवालहरूलाई पनि भेटेका थिए। अमोदानन्द भन्छन् – "चिरन शम्सेरसंग आफ्नो नजिकको सम्बन्ध हुँदाहुँदै पनि साकेतलाई फसाइयो।"

साकेतका व्याकुल वावु अझै क्षीण आशाको त्यान्द्रोमा झुण्डिरहेकै छन्। केही अगाडि वमकाण्डकै सिलसिलामा पक्राउ परी जेल जीवन बिताइरहेका चन्द्र देव ठाकुरले उनलाई खबर पठाएछन् – "चिन्ता नगर्नु, साकेत जिवितै छ।" भौतिक रूपमा साकेत जिवितै होस् नहोस्, साकेतको पिडादायी कथाले निरंकुश पञ्चायत र अमानवीय राजको सधैं भण्डाफोर गरिरहने छ र यसै मानेमा उ अमर रहने छ। ❑

मानवअधिकार रक्षाको शसक्त माध्यम

सूचना प्रवाह

मानवअधिकार कार्यकर्ताहरू मानव हकको उल्लंघनका विरूद्ध जोडतोडले आवाज उठाउन सक्छन्। तर मानव हकका उल्लंघनकर्ताहरूलाई यथोचित सजाय दिने दायित्व भने राज्य कै हुन्छ। बरू राज्यपक्षलाई त्यस्तो कार्वाहीका निम्ति दवावको श्रृजना गर्ने काम भने सूचना प्रवाहले गर्दछ।

आजभोलि वर्मामा भएको मानवअधिकार उल्लंघनको कुरो नेपालमा विरोधको विषय बन्न पुग्छ। त्यस्तै नेपालको गोली काण्ड विश्वकै निम्ति चासोको विषय बन्न पुग्छ। एउटा देशको सीमाना भित्रका मानवअधिकार उल्लंघनका घटनालाई विश्वभर फिंजाएर मानवअधिकार संस्थाहरू सम्बन्धित निकायमाथि दवावको श्रृजना गर्ने गर्दछन्।

सूचना प्रवाहद्वारा मानवअधिकार उल्लंघनका घटनाप्रति तीब्र असहमतिको वातावरणको श्रृजना हुन्छ। त्यसैले स्वच्छ पत्रकारिता स्वतः मानवअधिकारको रक्षकका रूपमा खडा हुन पुग्दछ। सूचनालाई प्रवाहित गरी जनमत बनाउने मानवअधिकारवादीहरूको उद्देश्य निष्पक्ष पत्रकारिताको उद्देश्यसंग राम्रोसंग एकाकार हुन्छ।

मानवअधिकारको क्षेत्रमा नेपाली प्रेसको भूमिका

- रामचन्द्र गौतम र कुन्दन अर्याल -

गत वर्ष मंसीर २९ गते राती एकजना ग्रामीण महिलालाई प्रहरी हिरासतमै बलात्कार गर्ने काठमाण्डौ बुढानीलकण्ठका प्रहरी नायब निरीक्षक गोपाल प्रसाद ढकाल जागिरबाट वर्खास्त भएका थिए।

गत वर्ष असारमा ठमेलको एउटा लजमा सात वर्षकी अवोध बालिकालाई बलात्कार गर्ने हर्कजीत भन्ने कुमार लामा पनि केही समयपछि पक्राउ परेका थिए। त्यस्तै कार्यालयकै महिला पिउन माथि हातपात गर्ने विराटनगर क्याम्पसका क्याम्पस चीफ पनि आफ्नो पदको दुरूपयोग गर्दै चौडा छाती बनाएर हिंड्न सक्ने स्थितिमा पुग्न भ्याएन्।

यी केही यस्ता उदाहरणहरू हुन्, जो नेपाली प्रेसको संयुक्त र जोडदार लेखनीका कारण अपराधीहरूले सजाय पाएको कारण संझन योग्य छन्। विराटनगर क्याम्पसकी पिउनले एक्लै क्याम्पस चीफको विरोध गरेकी भए उनको जागिर नै जान सक्थ्यो र संभवतः उनलाई मुङलान पस्न वाध्य पारिन्थ्यो होला। तर प्रेसको सहयोगले न्यायका निम्ति संघर्ष जारी राख्ने बलियो आधारशिला फेला पारिन्।

प्रष्ट छ - उल्लेखित गलत काम गर्ने व्यक्तिहरूलाई यथोचित सजाय दिलाउन अझ थप जोडको आवश्यकता पर्दछ। तर बेला बखत देखा पर्ने महिला उत्पीडनका नमूना घटना वा अन्य मानवअधिकार उल्लंघनका घटनाहरूको उजागर गर्ने काममा आम प्रेसले संयुक्त रूपमा एउटै कुरो लेख्वेको, उठाएको अवसरमा भने केही न केही भएकै छ।

आयल निगमको भ्रष्टाचार देखि वाग्लुङमा नेकपा (मशाल) का कार्यकर्ताहरू माथि भएको प्रहरी ज्यादतीको घटना सम्ममा प्रेसले संविधान र कानून मिच्ने सरकारी स्वेच्छाचारिता विरूद्ध समेत औंला ठड्याउने उल्लेखनीय भूमिका खेल्न सकेको छ।

छयालीस सालको जनआन्दोलनका क्रममा वा खासगरी छत्तीस साल पछिको राजनीतिक तापमान बढेको वातावरणमा नेपाली पत्रकारिताले प्रजातान्त्रिक र मानवअधिकारवादी आन्दोलनको छाता मुनिबाट गरेको संघर्ष यहाँ उल्लेख गरी रहनु पर्दैन। पंचायत ढल्नु अघि खास गरी निजी क्षेत्रको प्रेसले उद्देश्यमूलक पत्रकारिता मार्फत जुन योगदान दिन सक्यो, त्यो पनि नेपाली प्रजातान्त्रिक

सूचनाका वाहकहरूको दुःख

घटना ०५० वैशाख ९ गते पौने बाह्र बजेको हो। वीरगंज यातायात संस्थानको कार्यालय अगाडि धर्ना बसेका पत्रकारहरूमाथि लाठी र छड लिएका केही व्यक्तिहरूलें आक्रमण गरे। नेपाल वातावरण पत्रकार समूहका प्रकाश श्रेष्ठ, सुदर्शन राज पाण्डे, योगेन्द्र सहानीको "कसुर" चाहीं घण्टाघर उत्तरपट्टिको १२ विघा जमिनमा थुपारिएको कोइला र जिप्सनबाट उत्पन्न प्रदूषणको विरोध गर्नु थियो। हुन त धर्नाको पूर्व सूचना दिइएको थियो र संस्थानकै म्यानेजरले पनि आफ्नो नैतिक समर्थन व्यक्त गरेका थिए। तर त्यहाँ भएको आक्रमणबाट कान्तिपुर प्रतिनिधि गिरिस गिरीको टाउकोमा ४ टाँका लगाउनु पर्ने भयो साथै अन्य व्यक्तिहरू पनि घाइते भए। वीरगंजको घटना त पत्रकारहरूले सामाजिक दायित्वबोधबाट अभिप्रेरित हुँदा भोग्नु परेको पीडा थियो। तर नेपालमा बहुदलीय प्रजातन्त्रके आगमन पश्चात पनि पत्रकारहरूले व्यावसायिक धर्ममा लागिरहेका अवस्थामा समेत अनेक आक्रमणको शिकार हुनु परेको छ।

एकातिर सरकारका जिम्मेवार व्यक्तिहरू रोष्टममा पत्रकारहरूको सुरक्षाको कुरा उठाइरहेका हुन्छन्। अर्कातिर कपिलवस्तुमा "लुम्बिनी दैनिक" का देवेन्द्र केवल पिटिइ रहेका हुन्छन्। गत तीन महिनामा पत्रकार जगतमा भएका हमलालाई हेर्दा मंत्रीहरूको सुरक्षा तथा वाक स्वतन्त्रताको भाषण "रोष्टमहरू" मा मात्र सीमित रहेको अनुभव हुन्छ। ललितपुर जिल्लाको "अस्तित्व" साप्ताहिकका सम्पादक वटु कृष्ण कार्कीले ललितपुर मालपोत कार्यालयको भ्रष्टाचार सम्बन्धी समाचार छापे वापत नकावधारीहरूबाट आफ्नो वासस्थानमा भएको आक्रमण सहनु परेको थियो। त्यस्तै धरानबाट प्रकाशित "आरसी" साप्ताहिकका सम्पादक चन्द्रमणी अधिकारीले बीच बजारमा केही व्यक्तिको गाली बेइजती सहनु परेको थियो। वर्तमान संविधानको धारा १६ र धारा १२ ले सूचना प्राप्ति तथा वाक स्वतन्त्रता प्रदान गरेको छ। तर पनि पत्रकारहरूमाथिको धम्की, गाली-बेइजती तथा हमला

सतहमा देखिएको कुरा

आन्दोलनको इतिहासमा अंकित भई सकेको छ ।

छयालीसको परिवर्तन पश्चात नयाँ र प्रजातान्त्रिक संविधानको निर्माणका क्रममा नेपाली प्रेसले वास्तवमै "वाच डग" को भूमिका खेलेको थियो । हरेक तह र वर्गका जनताको नयाँ संविधान प्रतिको चाहना संगै प्रेसले पनि आफ्नै किसिमले संघर्ष चलाएको थियो । दरवारबाट आफ्नै हित अनुकूलको निरंकुशतावादी संविधान ल्याइन थालेको कुराको भण्डाफोर प्रेसले नै गरेको थियो भने "नयाँ संविधान कस्तो हुनु पर्छ" भन्ने विषयमा वाद विवाद र छलफल चलाउन वुद्धिजीवीहरूलाई प्रेसले ठाउँ प्रदान गरेर आफ्नो तर्फबाट संविधानलाई यस रूपमा ल्याउन संघर्ष चलाएको थियो । "मानवअधिकारको दृष्टिबाट नेपालमा हालसम्म लागु भएका संविधानहरूको तुलनामा मानवअधिकार पक्षीय दस्तावेज" मानिने वर्तमान संविधान लागु भईसके पश्चात संविधानतः नेपालमा मानवअधिकारलाई उच्च सम्मान प्रदान गरिएको छ । तर त्यसपछिका अवधिमा पनि नेपाली प्रेसले संविधानको मर्म र अक्षरको पालनाका निम्ति प्रशस्त कुरो उठाएको छ ।

यद्यपि आज पनि पंचायतकालिन राजनीतिक विभाजनबाट हाम्रो प्रेस ग्रस्त छ । व्यावसायिक पत्रकारिताको कुरो निकै उठ्ने गरेको भए पनि हाम्रो प्रेस आज सरकार निकटस्थ र जुनसुकै मामिलामा सरकारलाई गिराउनै पर्छ भन्ने धारणा राख्ने पक्षमा विभाजित छ । र यसै क्रममा पीत पत्रकारिताले पनि प्रशस्त ठाउँ पाएको छ ।

प्रजातन्त्रको पुनः वहाली पश्चात मुलुकको शासन सत्ताको बागडोर जन निर्वाचित सरकारको हातमा आएको छ । तर जनताको सरकार सत्तामा आउने वित्तिकै मानवअधिकार उल्लंघनका घटनाहरू, पक्षपात, धाँधली र अनियमित क्रियाकलापहरू तुलनात्मक रूपले घट्न सकेका छैनन् । संचारका साधनहरूमा सरकारको अनावश्यक, अवाञ्छित र पंचायतकालको स्मरण गराउने खालको चासो अझ चिन्ताको विषय बनेको छ । नेपाली राजनीतिज्ञ वा राजनीतिकर्मीहरूको आफ्नो दायरालाई नाघेर प्रेसलाई प्रभावित पार्न खोज्ने बानीले गर्दा संविधानले सुसूचित हुने अधिकार प्रदान गरेको र प्रेसले ज्यादै स्वतन्त्रता पाएको भए पनि पत्रकारहरूले मानवअधिकारको संरक्षणमा खेल्न सक्ने जति भूमिका अझै खेल्न सकेका छैनन् । सरकारी संचार माध्यमहरूलाई स्वायत्तता दिनु पर्ने माग उठाउने प्रतिपक्षीहरूले पनि यस सवालमा खासै ध्यान पुऱ्याउन नसकेको कुरा उनीहरूले पनि अखवारहरूमा प्रभूत्व जमाउन खोजेबाट प्रष्ट हुन्छ । यहाँनेर प्रतिपक्षीहरूले भन्न सक्छन् - "आफ्नो लगानी र आफ्नै कार्यकर्ताहरूबाट चलाएको अखबारमा हामी जे सुकै लेखाउन सक्छौं ।" तर यो धारणा सतही मात्र हो । मूल कुरो अब पनि नेपाली पत्रकारितालाई मर्यादित बनाउने कि नबनाउने भन्ने हो । आफ्ना कार्यकर्ताहरूलाई भीडन्तका लागि मात्र प्रोत्साहित गर्ने कि दक्ष जनशक्ति पनि तयार गर्ने ? संकुचित सोचाइयुक्त कार्यकर्ताहरूको भीड सदैव मानवअधिकारको संरक्षणमा होइन उल्लंघनमा नै सक्रिय हुने गर्दछ ।

हाम्रो प्रेसको यही विभाजनले गर्दा अहम् महत्वका राष्ट्रिय सवालहरूमा पनि आ-आफ्नो दायित्वहरूलाई बिर्सेर अखवारका सम्पादकीयहरू बीच एक एक पक्षमा रहेर जुहारी चल्ने गर्दछ । पक्षपातको यही रोगका कारण आम निर्वाचन र स्थानीय निर्वाचनमा नेपालीले पत्रपत्रिकाहरू हेरेर नाक खुम्च्याउनु पर्ने स्थिति आयो । स्वभाविकै छ उग्रताले आफ्नो शरीरको भैंसी पनि देख्न सक्दैन । खिंचातानीको त्यस्तै क्रमले गर्दा दुबै चुनावमा हाम्रो प्रेसले मानवअधिकार उल्लंघनका कतिपय घटनाहरूको उजागर गरेको भए पनि त्यसबेला आफ्नेल पर्नै नहुने कतिपय मानवअधिकार उल्लंघनका घटनाहरू ओझेल परे । पक्षीय पत्रकारिताले उठाएका सवालहरू कतिपय समयमा आधिकारिक ठानिंदैन । पाठकहरूले पनि कतिपय घटनालाई यसै कारण हलुका ढंगले लिने गरेको पाइन्छ । स्थानीय निर्वाचनताका सिंधुलीमा हराएका संयुक्त जनमोर्चाका कार्यकर्ता भूवनलाल थापा मगर यस्तै खिंचातानीका कारण तुलनात्मक रूपले प्रेसको चर्चामा पनि आउन सकेनन् ।

चौवालीसौं मानवअधिकार दिवसका अवसरमा गत वर्ष नेपाल भ्रमणमा आउनु भएका एम्नेष्टी इन्टरनेशनलका अध्यक्ष रोस ड्यानियलले श्री ५ को सरकारद्वारा पंचायतकालका मानवाधिकार उल्लंघनकारीहरू विरूद्ध कारवाही गरिनु पर्ने र त्यसका निम्ति एउटा न्यायिक आयोग गठन गरिनु पर्ने आवश्यकता औंल्याउनु भएको थियो । मानवअधिकारको प्रतिष्ठा वृद्धिका निम्ति कटिवद्ध रहेको दावा गर्ने सरकारले यस दिशा तर्फ कुनै उल्लेखनीय कदम नचालेको कुरा स्पष्ट छ । मल्लिक आयोग र पंचायतकालमा वेपत्ता जस्ता व्यवहारहरू बढी रहेका छन् । पत्रकारको कलमबाट ज्यादती हुँदै हुँऊदैन भन्ने होइन । तर त्यस्तो ज्यादतीको कानूनी ढंगले उपचार गर्ने प्रचलन अझ राम्रोसंग स्थापित हुन सकेको छैन ।

कानूनको सहरासाथ पत्रकारहरूमाथि भएका कार्वाहीहरू पनि विवादबाट मुक्त छैनन् । माथवर सिंह वस्नेत, शरदचन्द्र वस्ती तथा सम्भु श्रेष्ठलाई "राज्य विरूद्धको अपराध" अन्तर्गत पक्राउ गरिनु पनि प्रेस स्वतन्त्रता माथिको प्रहार थियो ।

साउन ५ गते वीरगंजबाट प्रकाशित हुने "अविचल" साप्ताहिकका शिव तिवारी तथा दिनेश राईलाई प्रहरीले समाचार संकलन गरिरहेको अवस्थामा समाती हिरासतमा राखेको थियो । त्यसको विरोधमा प्रकाशित नेपाल पत्रकार संघ, पर्साको विज्ञप्तिमा उल्लेख गरिएको छ ।- "चर्को घाममा चउरमा सुताएर वुटले हिर्काउने र अभद्र व्यवहार गरेको" ।

सूचना संकलन तथा प्रवाहलाई मानवअधिकारवादीहरू मानवअधिकारको रक्षा र विकासको निम्ति एक सशक्त माध्यम ठान्दछन् । सरकार पनि मनिरहेकै छ ।- "प्रजातन्त्रका मूल्य मान्यतालाई स्वीकार गरी प्रजातन्त्रलाई गुम्नबाट बचाउने काम पत्रकार जगतको हो ।" तर पत्रकार स्वयंको रक्षा कसले गरिदिने ? फोटो खिच्दा बीच बाटोमा पिटाई खानु पर्ने तथा नगरदाह गा.वि.स.को पदमौल गाउँमा समाचार संकलनमा गएको टोलीलाई आतंकित पार्ने जस्ता घटनाहरू विरूद्ध कार्वाही कसले गर्ने ? श्रमजिवी पत्रकारहरूको निम्ति विशेष कानून बन्ने प्रयास प्रयासमा नै छ ।

पुलिसको लाठीबाट घाइते बनाइएका पर्सा पत्रकार संघका सदस्य नारायण पराजुलीको सम्बन्धमा खेद पत्रहरू छापामा धेरै आए । सरकारले पनि सक्दो उत्तम शब्द प्रयोग गरी खेद प्रकट गऱ्यो । तर त्यसपछि पनि धरान सुनसरीमा पत्रकार संघका सदस्य मणीराज भट्टराई तथा राजविराजमा लोकेन्द्र वुढाथोकीमाथि हातपात र कुटपीट भयो ।

झण्डै दुई वर्ष अघि खाली खुट्टा कोठाबाट निस्किएका वीरगंजका पत्रकार मनोज झा जुत्ता लगाएका मृत अवस्थामा फेला परेका थिए । आजसम्म उनको मुद्दा "अनुसन्धान" मा नै रहेको छ ।

वीरगंजबाट प्रकाशित "उत्थान" का सम्पादक सुर्दशन पाण्डेलाई कुनै समूहको स्वार्थमा आघात पर्ने समाचार छापे वापत पिट्नेका विरूद्ध कुनै कार्वाही भएन ।

गत दुई महिने वाम आन्दोलनका क्रममा पनि पत्रकारहरूमाथि आक्रमण भएका थिए । जुलुस प्रदर्शनमा घुसपैठिया तत्वहरूद्वारा त्यस्ता आक्रमण भएका हुन भन्ने तर्क आन्दोलनका पक्षपातीहरूको रहेको छ । सरकारी संचार माध्यमले चाहीं त्यस्ता घटनाहरूलाई आन्दोलन विरोधी जनमत बनाउने काममा उपयोग गऱ्यो । दुःखको कुरो त्यस्ता घटनाहरूको चर्चा ज्यादै भए पनि भविष्यमा फेरि कुनै सूचनाकर्मीले सूचना संकलनका क्रममा कुटपीटको शिकार हुनु नपरोस् भन्ने विषयमा गंभीर प्रतिवद्धता सरकार र प्रतिपक्षी दुबै पक्षबाट जाहेर भएन ।

सरकारी पक्षका अनुसार श्रमजिवी पत्रकार सम्बन्धी ऐन आगामि हिउँदो अधिवेशनमा पारित हुनेछ । श्रम बेचेर गुजारा गर्ने तर पत्रिकाको स्वामित्व र नियन्त्रणको प्रक्रियामा नरहने पत्रकारहरूको पीडा आउँदो ऐनले कति हदसम्म पूरा गर्ने दिशा निर्दिष्ट गर्ला । प्रतिक्षाकै विषय बनेको छ ।

- मीना शर्मा

संविधान उल्लंघन

महिलामाथि कुटपीट

जुवाडेको पक्षमा नेताको दबाव

मन्त्रीले कति घूस खाए ?

हत्याकाण्डबार

मानवाधिकारवादीहरू

पारिएकाहरूलाई खोजविन गर्न बनेको आयोगको प्रतिवेदनलाई समेत घोर उपेक्षा गरेको जस्ता कतिपय प्रसंगलाई ध्यानमा राखेर नेपाली प्रेसले सरकारमाथि अन्तर्राष्ट्रिय मानवअधिकार संघ-संस्थाहरूद्वारा दिलाउनु पर्ने आवश्यकता देखिन्छ । तर सरकारी संचार माध्यमले ड्यानियलको भनाईको आफ्नो अनुकूल हुने प्रसंग प्रसारित गऱ्यो भने बेला बेला प्रतिपक्ष भन्दा चार हात माथि उफ्रिने प्रकाशनहरूले पनि ऐन मौकामा सरकारमाथि प्रहार गर्न सकेनन् ।

सत्ता पक्ष र विपक्षमा चाहिने भन्दा बढी विभाजित हाम्रो प्रेस टनकपुरको राष्ट्रिय मामिलामा पनि नराम्रोसंग बाँडियो । टनकपुरसँगै जोडिएको कावासोती गोली काण्ड सरकारको एउटा जघन्य ज्यादती थियो । तर त्यस मामिलामा पनि "सरकारको गल्ति कम्जोरी जनता माझ पुऱ्याउने र जनताका समस्या सरकार समक्ष पुऱ्याउने" आफ्नो दायित्व हाम्रो प्रेसले अपेक्षाकृत रूपमा पूरा गर्न सकेन । नेपालको सरकारले बहुदलीय व्यवस्थाको आगमन सँगै "नागरिक तथा राजनीतिक अधिकारका अन्तर्राष्ट्रिय अनुबन्ध" मा हस्ताक्षर गरी सकेको छ । तैपनि सरकारले विभिन्न वहानामा घटाएका गोली काण्डहरू पश्चात एउटा पनि आयोग बनाउन सकेको छैन । एम्नेष्टी इन्टरनेशनलले गत वर्ष सन् १९९३ को फेब्रुअरीमा हाम्रो सरकारको यस रवैयाका विरूद्ध विश्वव्यापी अभियान संचालन गरेको थियो । स्वयं कतिपय बेला मानवअधिकारबाट वंचित रहनु पर्ने हाम्रो प्रेसले भने मानवअधिकारसंग सम्बन्धित सवाललाई कैयन समयमा वेवास्ता गरे झैं देखिन्छ । वरिष्ठ मानवअधिकार प्रवक्ताहरू पनि पक्ष विपक्षमा बाँडिने गरेको, मानवअधिकार संघ संस्थाका प्रतिवेदनहरू पनि एक पक्ष विशेषप्रति पूर्वाग्रही रहने गरेको आदि तथ्यहरूलाई पूर्णतः नकार्न सकिदैन । तर यो कुरो पनि अहिलेको तीतो सत्य हो - कतिपय बेला मानवअधिकार संघ संस्थाका सामग्रीहरू अखवारका रद्दी टोकरीहरूमा फ्याँकिने गरेका छन् । दुई वर्ष अघि भारतका केही मानवअधिकार प्रवक्ताहरूले "कश्मिरका लागि पहल गर्ने समिति" को नाममा त्यहाँ भई रहेको मानवअधिकार उल्लंघन सम्बन्धी विस्तृत र स्थलगत प्रतिवेदन तयार गरेका थिए । र त्यस प्रतिवेदनको सार खिंचेर तत्कालिन भारतीय प्रधानमन्त्री नरसिंह रावको नाममा एउटा खुला-पत्र लेखेका थिए। तर उक्त पत्रलाई कुनै

विडम्वना यो छ कि प्रजातन्त्रको वहाली पश्चात पनि पत्रकारहरू स्वयं मानवअधिकारबाट वंचित भइरहेका छन् । तर उनीहरूले मानवअधिकार र प्रेस बीचको नङ-मासुको सम्बन्धलाई पूर्णतः आत्मसात गर्न नसकेको अनुभव त्यसबेला हुन्छ जब आधारभूत मानवअधिकारबाट वंचित गरी घरबारबाट खेदिएका सुकुम्बासीहरूका सम्बन्धमा लेखिन्छ - कम्युन भत्काइयो ।

अखवारहरूले ठ्याम्मै ठाउँ दिएनन् । अन्ततः उनीहरूले छुट्टै पुस्तिका प्रकाशित गरे । पुस्तिकाको पुछारमा लेखिएको छ । - "समितिले यो पत्र जनवरी १९, १९९२ का दिन जारी गरेको थियो । अघिपछि झैं कुनै समाचार पत्रहरूले यसलाई प्रकाशित गरेनन् ।" कामना गरौं छपाई र पत्रकारिता - दुबै प्रविधिमा भारत भन्दा पछाडि रहेका हामीले त्यहाँबाट यस्ता कुरा भने सिक्नु पर्ने ठान्ने छैनौं ।

संविधान र मानवअधिकारको घोषणा पत्र विपरितका कारवाही विरूद्ध हाम्रो प्रेसको स्वर प्रस्वर हुँदा हुँदै पनि विभाजित छ । गोरखापत्र संस्थानले पोहोर अन्धाधुन्ध रूपमा अवकाश दिने क्रममा पत्रकारहरूलाई नै शिकार बनाउँदा पनि सिंगो पत्रकारिता वा "संचारलाई कांग्रेसीकरण गरिदैछ भन्ने पक्षको पत्रकारिता" लाई पनि छोएन ।

विडम्वना यो छ कि प्रजातन्त्रको वहाली पश्चात पनि पत्रकारहरू स्वयं मानवअधिकारबाट वंचित भइरहेका छन् । तर उनीहरूले मानवअधिकार र प्रेस बीचको नङ-मासुको सम्बन्धलाई पूर्णतः आत्मसात गर्न नसकेको अनुभव त्यसबेला हुन्छ जब आधारभूत मानवअधिकारबाट वंचित गरी घरबारबाट खेदिएका सुकुम्बासीहरूका सम्बन्धमा लेखिन्छ - कम्युन भत्काइयो ।

प्रजातन्त्रको पुनः वहाली पश्चात निश्चय नै पत्रकारिता क्षेत्रले बढी मात्रामा प्रोत्साहित हुने अवसर प्राप्त गरिरहेको छ । कुनै पनि सामग्रीले प्रकाशनमा आउनु अघि सेन्सरसीपको कष्टकर प्रक्रियामा जानु नपर्ने, प्रकाशित पत्रपत्रिकाहरू सरकारले जफत गर्न नसक्ने तथा पत्रपत्रिकाको दर्ता सजिलै पाउन सकिने भएको छ । र यसै कारण पत्रपत्रिकाको माध्यमबाट मानवअधिकार उल्लंघनका विरूद्ध व्यापक जनमत तयार पार्न सकिने भएको छ । तर अझै पनि सरकारी अनुदान र हण्डीका भरमा पत्रकारिताको दिशालाई मौसम अनुसार परिवर्तन गर्ने प्रवृत्ति व्याप्त रहेकोले नेपाली पत्रपत्रिकाहरूले अपेक्षित मात्रामा सरकार माथि कठोर दवाब दिन सक्ने बलवुतामा आफुलाई उभ्याउन सकेका छैनन् । अशिक्षा, अज्ञानता र दरिद्रताका शिकार जनताको संख्या अत्यधिक रहेबाट पनि पत्रकारिताले अपेक्षित वर्चस्व कायम गर्न सकेको छैन । राजनीतिक पार्टीहरू र पत्रकारिताको सम्बन्ध पानी र माछाको जस्तो हुनु पर्ने भए पनि सम्बन्धको सन्तुलन बिग्रियो भने पत्रकारितालाई दूरगामी असर पर्ने गर्दछ भन्ने कुरा यहाँनेर उल्लेख गर्नु सान्दर्भिक ठहर्ला ।

अन्त्यमा हामी प्रेसमा संलग्न मानवअधिकार प्रति चासो राख्ने मानिसका नाताले के भन्न चाहन्छौं भने - हाम्रो भविष्यका उज्याला पक्षहरू पनि नदेखिएका भने छैनन् । हामी सबैको कर्तव्य हो, ती उज्याला पक्षहरूलाई अझ विस्तृत पार्नु । मानवअधिकार संघ संस्था एवं अन्य तह र वर्गका जनताका आवाजहरू सँगै काँधमा काँध मिलाएर प्रेसले कलम चलाउनाले बलात्कारी प्रहरी अधिकृतले एक महिना मै वर्खास्त हुनु पऱ्यो, सात वर्षीया वालिकामाथि दानवीय अत्याचार गर्ने पिपाशुलाई पक्राउ गर्नै पर्ने वाध्यता सरकारमाथि आई पऱ्यो, पिउन जस्ती निम्न वर्गीय कर्मचारीले पनि क्याम्पस चीफ विरूद्ध टक्कर लिन सक्ने अवसर प्राप्त गरिन्, प्रहरी हिरासतमा अत्यन्त क्रूरतापूर्वक यातना दिने बानी परेका प्रहरीलाई संयमका साथ शिष्ट व्यवहार गर्ने नयाँ बानी बेहोरा सिक्नु पर्छ भन्न सकिने भएको छ ।

भनिन्छ प्रेसले आम मानिसहरूका लागि पथ प्रदर्शकको भूमिका खेल्न सक्दछ । वास्तवमा प्रेसले जनतालाई मानवअधिकार भनेको के हो भन्ने बताउने कुरामा पनि महत्वपूर्ण भूमिका खेल्न सक्दछ । ❑

मानवअधिकार शिक्षाका लागि प्रेसको भूमिका

- सुवास ढकाल / कृष्ण पहाडी -

कुनै पनि मानवअधिकार उल्लंघनको घटना सर्वप्रथम प्रकाशमा ल्याउने कार्य प्रेसले नै गर्छ। त्यसैले संसारको पहिलो मानवअधिकारवादी संस्था पनि प्रेस नै हो। प्रेसले दिएको समाचारलाई भिन्न रूपमा प्रकाशमा ल्याउने काम त्यसपछि अन्य निकायले गर्छन्। यस अर्थमा मानवअधिकार र प्रेस बीचको सम्बन्ध नङ र मासुको जस्तै छ।

विश्वका अधिकांश जनताले संसारको कुनै पनि भागमा भैरहेको मानवअधिकार हननको घटनालाई यसरी एकातिर प्रेसको माध्यमबाट प्रत्यक्ष थाहा पाउँछन् भने विश्वको कुनै पनि मानवअधिकारवादी संस्थाको जानकारीको प्रमुख स्रोत पनि प्रेस नै हुन्छ। त्यस्ता संस्थाहरूबाट मूख्य रूपमा उठाइने घटनाहरू पनि पुनःश्च प्रेस कै माध्यमबाट चर्चामा आउँछन्। जब त्यस्ता उल्लंघनहरूको विरूद्धमा अभियान छेडिन्छ र जनमत निर्माण गर्ने क्रम शुरू हुन्छ त्यो अभियान पनि समाचार भएर सर्वत्र चर्चित हुन थाल्छ। यसरी मानवअधिकार उल्लंघन देखि लिएर त्यस्तो घटना विरूद्ध छेडिने जेहादसम्म सर्वत्र प्रेसको महत्वपूर्ण भूमिका रहन्छ। यस अर्थमा पुनःश्च दोहोऱ्याउनु उचित हुन्छ – संसारको प्रथम मानवअधिकारवादी संस्थाको भूमिका प्रेसले नै खेलेको हुन्छ।

संसारका भिन्न भूभागमा भइरहेका आम हत्याका घटनाहरूलाई उँधिनेर प्रेसले नै जनमानसमा ल्याइरहेको हुन्छ। कतिपय घटनाहरू त दबिई सकेका हुन्छन् वा जुन श्रेणीको अपराध भएको छ समाजमा त्यो भन्दा न्यून देखिएको हुन्छ। त्यस्ता घटनाहरूको छानविन गरी यथार्थको पर्दाफास गर्ने कार्य निश्चय पनि सहज हुँदैन। यसरी अतितको गर्भबाट मानवतामाथि घात भएका घटनाहरूलाई. चर्चामा ल्याउने कार्य निश्चय पनि सजिलो हुँदैन। तर अहिले एउटा प्रश्न ज्वलन्त रूपमा उठिरहेको छ – "कुनै पनि घटना घटिसकेपछि त्यसलाई प्रकाशमा ल्याउनु या निन्दा गर्नुले मात्र कर्तव्य पूरा हुन्छ त ?" विश्वका भिन्न भूभागमा घट्ने त्यस्ता घटनालाई निर्मूल वा कम गर्न प्रेस जगतबाट खेल्न सकिने भूमिकालाई अझ प्रभावकारी बनाउन सकिँदैन र ? अथवा कुनै भागमा नरसंहार हुनसक्ने वा शासनको कोपका कारण हजारौंको जीवन उजाड हुन सक्ने वातावरणलाई समय मै जोगाउन सकिँदैन र ? कुनै बन्दी यातनाको शिकार भयो र त्यो छापामा प्रमुखतासाथ छापियो तर ती समाचारले अर्को बन्दीमाथि निरंकुशताको हात रोक्न कति मद्दत पुऱ्यायो त ? त्यसैले अब मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि प्रेसको प्रभावकारी भूमिका अझ कसरी बलियो हुन सक्छ त्यस दिशामा पनि ध्यान दिनु पर्ने बेला आएको छ।

मानवअधिकारको उल्लंघनका लागि जिम्मेवार ठहरिएकाहरूलाई कठघरामा उभ्याउनु पर्ने तथा मानवअधिकार उल्लंघनको शिकायत प्राप्त भएको ठाउँमा राज्यले निष्पक्ष र स्वतन्त्र आयोग गठन गर्नु पर्ने वातावरण तयार गर्न जोड दिनु पर्ने देखिन्छ। जसबाट भविष्यमा अधिकारको दुरूपयोग गरि जो सत्तामा आए पनि उनीहरूको स्वार्थ अनुकूल वा उनीहरूलाई रिझाउन मानवअधिकार प्रति घात गर्नेहरूलाई एउटा पाठ मिलोस र घटनाको जड प्रवृत्तिलाई नै समाप्त गर्ने दिशामा ठोस तथा प्रभावकारी उपायको सुरूवात हुन सकोस्।

चाहे अपराधी हुन वा अन्य नागरिक

> *यो पृष्ठभूमिमा मानव अधिकारको उल्लंघनको विषय संसारको जुनसुकै भागमा घटेको किन नहोस् त्यसको विरूद्ध आवाज उठाउने कार्यमा नेपाली प्रेस पनि पछि परेको छैन।*

संविधान प्रदत्त कानूनी उपचारको हक सबैसंग हुन्छ। राजनैतिक परिवर्तनहरूसंगै मानवअधिकारको अन्तर्राष्ट्रिय मापदण्ड विपरित २/४ घण्टा मै ट्रायल सिध्याएर प्रतिशोध साध्ने घटनाहरू पनि संसारमा प्रशस्त देखिएका छन्। सैनिक अदालत वा विशेष अदालतको सहारा लिएर विपक्षीहरूलाई तह लगाउने काम पनि संसारका कैयन भूभागहरूमा शासनकै अंग भैसकेका छन्। एकातिर विभिन्न राज्यमा मृत्युदण्ड र यातनाको प्रयोगमा ह्रासै कमी आउन सकिरहेको छैन भने सशस्त्र विपक्षी समूहद्वारा निरन्तर भैरहने मानवअधिकार उल्लंघन पनि अहिलेको विश्वमा चिन्ताको विषय भएको छ। मूठभेडको नाममा मारिएका मान्छे र न्यायालयको निर्णय क्षेत्र बाहिर मारिएका असंख्य बन्दीहरूको समाचार अहिले पनि न्यून छैन। वेपत्ता पारिएका बन्दीहरू र राजनैतिक हत्याहरू लगायत सामूहिक रूपमा मान्छे मारिने प्रकृया संसारका कुनै न कुनै भागमा दोहोरिरहेका छन्।

समाजको ढाँचा बदलिएर शरणार्थीको ओइरो लाग्न थालेको छ। यो पृष्ठभूमिमा मानवअधिकारको उल्लंघनको विषय संसारको जुनसुकै भागमा घटेको किन नहोस् त्यसको विरूद्ध आवाज उठाउने कार्यमा नेपाली प्रेस पनि पछि परेको छैन। तर त्यस्तो आवाजलाई अझ सशक्त बनाउन थुप्रै प्रयासहरू आवश्यक छन्। मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघको पहलमा तयार गरिएका अन्तर्राष्ट्रिय अनुवन्धहरूलाई अनुमोदन गराउन र सो वमोजिम घरेलु कानूनहरूको निर्माण वा परिमार्जित गराउने कार्य सम्पन्न हुन सकेको खण्डमा मानवअधिकार उल्लंघनकर्ताहरूलाई कठघरामा उभ्याउन सक्ने ठोस उपाय हुन सक्छ। त्यस्तै मानवअधिकार सम्बन्धी शिक्षाको व्यापक प्रचार प्रसार हुन सके मात्र यो विषय आम जनमानसमा पुग्न सक्ला, होईन भने कानून कार्यान्वयन गर्ने निकायका माथिल्लो तहका अधिकारीहरूलाई नै यस विषयमा उचित ज्ञान नभएको पृष्ठभूमिमा व्यावहारिक पक्ष कति फितलो होला सहजै अनुमान गर्न सकिन्छ। तसर्थ मानवअधिकारको अवधारणा विश्वव्यापी घोषणा पत्र तथा अन्तर्राष्ट्रिय अनुवन्धहरूको व्यापक प्रचार प्रसारका लागि नेपाली प्रेस जगतबाट वृहत अभियान चलाउनु पर्ने आवश्यकता माथि ध्यान दिनु पर्ने बेला आएको छ। चेतनाको अभावमा मानवअधिकारको विषय भाषण र गोष्ठीको शोभा शिवाय केही हुन सक्दैन। वास्तवमा मानवअधिकारको विश्वव्यापी घोषणा पत्र र अनुवन्धहरूद्वारा निर्धारित प्रकृया मात्र अवलम्बन गर्न सकेको खण्डमा यस दिशामा ठूलो उपलब्धि हासिल हुन सक्ने कुरामा दुई मत छैन। विद्यालय तथा क्याम्पसमा पढाइने पाठ्य सामग्रीमा हालसम्म मानवअधिकार सम्बन्धी शिक्षा तर्फ उचित ध्यान नदिएको वर्तमान पृष्ठभूमिमा आ–आफ्नो प्रकाशन मार्फत एउटा ठूलो अभियान मानवअधिकार शिक्षाका लागि संचालन गर्नु पर्ने थप दायित्व पनि अहिले नेपाली प्रेसको काँध माथि छ। अन्यथा प्रजातन्त्र र मानवअधिकारको आदर्शले उर्जा पाउन सक्दैन र त्यस्तो स्थिति रही रहेसम्म विकृत यथार्थले नेपाली जनजीवनलाई गाँज्ने कुरामा दुई मत हुन सक्दैन। विगतका दिनहरूमा राजनैतिक दलहरूमाथि प्रतिवन्ध रहँदा सशक्त विपक्षको एउटा भूमिका नेपाली प्रेस जगतले खेलेको कुरामा दुई मत हुन सक्दैन। त्यस्तै आज मानवअधिकारको शिक्षाको प्रचार प्रसारका लागि अरू निकायले खेल्नु पर्ने भूमिका पनि प्रेसको काँधमा आई परेको हुन सक्छ। विशुद्ध मानवीय धरातललाई अझ सशक्त बनाउने हो भने प्रजातन्त्र र मानवअधिकारको यो अभियानलाई तेस्रो विश्वका अधिकांश देशहरूमा देखिने फोहोरी प्रवृत्तीबाट मुक्त राख्न पनि प्रेस जगतले अझ प्रभावकारी भूमिका खेल्नु पर्ने बेला आएको छ। (एम्नेष्टी नेपालद्वारा०४९ मंसीर १० गते काठमाण्डौमा आयोजित मानवअधिकार शिक्षाका लागि प्रेसको भूमिका विषयक गोष्ठीमा प्रस्तुत कार्यपत्र)

औंस्याही नीशा

- स्व. विनोद घिमिरे -

रामेश्वर दाइकी सानी छोरी औंसीको राती जन्मीएकी थिई उनलाई सबैले औंस्या भन्ने गरेका छन् । औंसीको दिन जन्मेको हुनाले औंस्या भन्नु स्वभाविकै हो । पहाडबाट एक दिन उनको मावली हजुरबा मधेश झर्नु भो । वहाँ पहाडमा कहलिएको ज्योतिषी हुनुहुन्थ्यो । तसर्थ वहाँ यहाँ आउने वित्तिकै रामेश्वर दाइकी आमाले वडो खिन्न स्वरमा छोरीतिर देखाउँदै सबै बेलीविस्तार लगाउनु भयो । हजुरबाले पनि गंभीर भएर कुरा सुन्नु भयो र अन्त्यमा "हुन्छ सल्लाह गरौंला नि ।" भन्दै कुराको टुँगो लगाउनु भयो ।

औंसीको अँध्यारो रातमा जन्मेकी हुनाले उनको नाम निशा राखे । म भित्र पनि कता कता कुतकुती, खास गरी एक दिन अगाडि वा पछाडि जन्मेकी भए पनि त हुन्थ्यो जस्तो भावना यदाकदा न चिताउँ भन्दा पनि उठी हाल्दो रहेछ । झन पक्का पुरेतकी छोरी, विहान बेलुका पाठ पूजा नगरी भातसम्म नखाने उनकी आमाको मनस्थिति कस्तो भयो होला सहजै अनुमान गर्न सकिन्छ । औंस्या भन्नासाथ कुसाईतमा जन्मेकी बालिका भन्ने ठानिन्छ ।

औंसीको दिन जन्मनुमा ती बालिकाको के दोष । उनले सक्ने भए त पूर्णीमा कै दिन जन्म लिन्थी होली, सदा सर्वदा उज्यालो र चहकीलो अनुहार तथा उन्मुक्त भएर रहन्थी होली । तर यी सब निशाकी आमा, बाको सोचाइले नभ्याउने कुरो थियो । औंसीमा जन्मेर निशाले आफ्नो जनमभरका लागि भेदभावको पर्खाल खडा गरी सकेकी थिइन् ।

हुन त वेदका पाना र पुराणका पंक्तिमा गर्भधारणको प्रकृयालाई पनि खास मुहूर्तभित्र राख्नेको पाइएको छ । अब यसले के कति राम्रो वा नराम्रो परिणाम भित्र्याउँछ भन्ने कुरो अझसम्म खोज खबर वा अनुसंधानकर्ताको जिम्मामा नै रहेको छ । तर पनि निशामाथि भने घर आँगन भित्रै अन्याय भएको थियो । साह्रै केटाकेटी छउन्जेल उनले धेरै कुरो थाहा पाएकी थिइनन् । तर होशमा आए यता उनले पीडाका कैयन घैलाहरू रित्याउनु परेको छ ।

गोरी, जीउ हात सर्लक्क परेका, उज्यालो अनुहार भएकी फरासिली नीशा औंसीको रातमा जन्मी । यो कुरो त्यस औंस्या भन्ने परम्पराको लागि स्वयं नै एउटा झापट थियो । झन पढ्नमा अति नै तीखो दिमाग भएकोले गर्दा उनलाई कुसाईतमा जन्मेको ठान्ने मेरो धारणा त्यसै हराएर गयो । शिशु कक्षा देखि एस.एल.सी. सम्म प्रथम श्रेणीमा उत्तीर्ण भएकी नीशा आजभोलि सीप, जांगर एवम् सामाजिक कार्यमा त्यतिकै नै सक्रिय छिन् । उनको दिनचर्या र क्रियाकलापहरूमा कहीं पनि खोट देखिएको छैन ।

प्रगतिशील विचार राख्ने नीशा आजभोलि तीन वटा छोराछोरीकी आमा छिन् र उनको श्रीमान पनि अझ सम्म जिउँदै छन् । उनको बिहे पछि पन्ध्र वर्षहरू वितिसकेका छन् । उनी र उनको परिवार आज समाजमा एउटा प्रतिष्ठित र सुखी परिवारको रूपमा रहेको छ । माइतबाट विसाएकी पीडाको भारी आज उनले घरमा भने बोक्नु परेको छैन । अब निशाको जीवन फरक छ, औंस्याही निशाको ठाउँमा लाग्छ अर्के निशा उभिएकी छ ।

१५ वैशाख २०४४

आधा शक्ति पुरुष, आधा शक्ति नारी

"जीवनको जिम्मेवारी" – अडियो क्यासेट बजारमा उपलब्ध अन्य क्यासेटहरू भन्दा अलि भिन्दै किसिमको छ। क्यासेटमा संग्रहित दश वटा गीतहरूका बारेमा भूमिकाले नै प्रष्ट पारेको छ। वास्तवमै "जीवनको जिम्मेवारी" मा अटाएका गीतहरूले ग्रामीण नारी जीवनका पीर, पीडा र समस्याहरूलाई समेटेका छन्।

जीवनलाई प्रिय र गौरवशाली बनाउनु पर्छ भन्ने ध्येय अघि सार्ने उक्त गीत संकलनले पहिलो गीत मार्फत नै जीवनको परिभाषा बडो सटिक ढंगले गरेको छ।–

आधा जीवन पुरूष, आधा जीवन नारी
यी दुबैको काँधमा जीवनको जिम्मेवारी

एउटा आँखाले हेर्दा आधा मात्र दृष्टि
दुबै आँखाले हेर्दा हुने पूर्ण दृष्टि

आधा शक्ति पुरूष, आधा शक्ति नारी
यी दुबैको काँधमा श्रृष्टिको जिम्मेवारी

सिद्धहस्त संगीतकार रामेशको मेहनतले संकलित सबै गीतहरूलाई कर्णप्रिय बनाएका छन्। लय र संगीत संयोजनले शीर्षक गीत नै पहिलो नम्बरमा रहेको हो कि जस्तो लाग्छ। तर विचारपक्षलाई विचार गर्ने हो भने दोश्रो गीत "गहनाको बन्धन" ले एउटा स्पष्ट आग्रहलाई अगाडि सारेको छ।–

अलि अलि गर्दै गहना लाउनलाई छाडौं
सिक्री वाला कल्लीको बन्धन फुकालौं

छोराहरू बल बुद्धि र पौरखले चिनिने
छोरीहरू गहना र पहिरनमा जाँचिने

गीतका रचनाकार रामेशले हिम्मतका साथ नारी मुक्ति आन्दोलनका पक्षपाती महिलाहरूलाई समेत अल्झाएको "गहना र पहिरन" माथि प्रहार गरी सम्बन्धित सबैलाई निधार खुम्च्याउन वाध्य पार्नु भएको छ।

"जीवनको जिम्मेवारी" लाई आँशु, पीर, पीडा वरपर मात्र नघुमाइ रहेर त्यस्तो जीवन विरूद्ध हुँकार गर्नुपर्ने आवश्यकता माथि समेत जोड दिइएको छ।–

नारीको जुनीमा आँशुको ओइरो
आँशुले चलायो छातीमा पहिरो।

विद्वान हुँ भन्छन् हाकिम हुँ भन्छन्
छोरी मात्रै पायो भने सौता हाल्छन्



नारीलाई दोष दिन अति नै सजिलो
चाहिदैन केही पनि प्रमाण गतिलो

गीतहरू वास्तवमै सबैले गाउन सक्ने किसिमका छन्। सबै गीतबाट कुनै न कुनै प्रष्ट संदेश प्रस्तुत गरिएको छ।

आमा मलाई क ख ग पढ्न सिकाउ
आउँदैन कसरी मैले सिकाउँ

साहुको ऋण छ भन्छन्, कति छ बताउ
गिन्ती मलाई आउँदैन कसरी बताउँ

प्रस्तुत गीतमा बडो सरल र मन छुने किसिमले शिक्षाको महत्व झल्काउँदै अन्त्यमा "आमा" लाई भन्न लगाइएको छ।–

यस्तै यस्तै कुराले हार दिक्क भई सकें
दुई चार अक्षर नपढ्नाले पाउनु दुःख पाई सकें
सै ले कापी कलम प्रौढ स्कूल जान्छु
बुढेसकाल भए नि पढ्न थाल्छु
जस्ले जे भने नि म लाज मान्दिन
पढ्न सिक्न जान्नलाई उमेर चाहिदैन।

"साइड ए" को अन्तिम गीत "हाम्रो जीवन" मा ग्रामीण महिलाको पीडालाई अभिव्यक्त गरिएको छ।–

झिसमिसे मै उठ्छु – घरको कोठा बढार्छु

त्यति काम गर्दा पनि मानिसहरू भन्छन्
हाम्रो काम कामै होइन रे
बरै हाम्रो कुनै कामै छैन रे

"साइड वी" को पहिलो गीतमा बेचिएका चेलिबेटीको दुःख प्रस्तुत गरिएको छ। "विजुली शहर देखाउँछु भन्दै मलाई त्यल्ले छकायो" भन्ने बोलबाट शुरू भएको उक्त गीत एड्सको पीडासम्म पुगेर टुंगिएको छ।

"नचाहिने कुरामा बेला गएछ
हामी नारी जातिमा नि केही कमी छ"

प्रस्तुत गीतमा नारीहरूले आफ्नै कमजोरीहरूका बारेमा पनि सोच्नु पर्ने कुरा उल्लेख गर्दै कम्जोरीहरूको चर्चा समेत गरिएको छ।

"कठै मेरो बाबा" – गीतमा श्रमजिवी महिलाहरूको पीडालाई दर्शाइएको छ। मातृत्वको पीडाद्वारा मार्मिक बनाइएको उक्त गीतको लय संग्रहित अन्य गीतहरूको तुलनामा अलि अप्ठ्यारो छ।

"आजकाल गाउँमा सन्चो छ" भन्ने बोलका साथ गाउँ सुधार सम्बन्धी एउटा गीत पनि क्यासेटमा समेटिएको छ। संकलनको अन्तिम गीत नारी–पुरूष बीच सद्भाव बढाउने र दुबैमा सहयोगको भावना अभिवृद्धि गराउने उद्देश्यका साथ प्रस्तुत गरिएको छ।–

नारी पुरूष बराबरी
जीवनको हर क्षेत्रमा दुबै शक्ति हाराहारी

संकलनको पहिलो र अन्तिम गीतमा रामेशको स्वर पनि सुन्न पाइन्छ। संकलनका अन्य गायिकाहरूमा लोचन भट्टराई, पवित्र सुब्बा र समिका कंसाकार रहेका छन्। वाद्यवादन तर्फका भरत नेपाली, अरिम र रामेश स्वयंको नाम क्यासेटमै उल्लेख गरिएको छ।

महिला अधिकार र महिलाहरूको पीडा बारे सहज ढंगले धेरै कुरा प्रस्तुत गरिएकोमा क्यासेट उत्पादक – ए.पी.एन.डब्लु र यु.एम.एन. काठमाण्डौ धन्यवादका पात्र छन्।

आइडियल डिजाइनर्सका सुन्दर श्रेष्ठद्वारा निर्मित क्यासेट डिजाइन आकर्षक छ। – "डोरीले बाँधिएकी र मुख थुनिएकी एउटी आइमाई सकी नसकी असंख्य वोझको डोको उचालिरहेकी छिन्।" र त्यो चित्रले पनि संकलित गीतहरूले झैं. आजको नेपाली नारीको स्थितिको प्रतिनिधित्व गरेको छ।

"जीवनको जिम्मेवारी"
(नारी सम्बन्धी गीतहरू)
भाव तथा संगीत रचना : रामेश
संगीत सहयोगी : अरिम
उत्पादक : ए.पी.एन.डब्लू / नेपाली महिला सल्लाहकार समूह – यु.एम.एन.

– अर्याल

"सबैका लागि सबै मानवअधिकार"

गत जेठ ३२ देखि असार १२ गतेसम्म अष्ट्रियाको राजधानी भियनामा साढे दुई दशक पश्चात विश्व मानवअधिकार सम्मेलन सम्पन्न भएको थियो। उक्त सम्मेलनले जारी गरेको घोषणापत्रमा यस्तो पनि लेखिएको छ - "विश्व आदिवासी वर्ष १९९३ को स्वागत गरिन्छ।" तर भियना घोषणा पत्रले स्वागत गरेको आदिवासी वर्ष त विना खास उपलब्धी विदा हुँदै नै छ। अन्य कतिपय कुराहरुमा पनि गहन ध्यान पुऱ्याउनु आवश्यक छ।

भियना घोषणापत्र तथा कारवाही सम्बन्धी कार्यक्रम

२५ जून १९९३

भाग १

प्रतावना १

यो विचार गर्दै - अन्तर्राष्ट्रिय समुदायको मानवअधिकारको प्रवर्द्धन तथा संरक्षण प्राथमिकता प्रदान गर्नु पर्ने विषय हो र यो सम्मेलनले, अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी व्यवस्था तथा मानवअधिकारको संरक्षणमा संलग्न प्रक्रिया को व्यापक समीक्षा गर्न अद्वितीय अवसर प्रदान गर्दछ। जसले गर्दा सो अधिकारहरुको न्यायपूर्ण तथा संतुलित तरीकाले पूर्ण रुपमा पालन, प्रवर्धन गर्ने पक्रियालाई अघि बढाउन सकियोस,

प्रस्तावना २

यसलाई मन्यता तथा सुनिश्चितता प्रदान गरी कि सबै मानवअधिकारको व्यक्तिमा अन्तर्निहित मर्यादा तथा मूल्यहरुबाट उद्भव हुन्छ, तथा व्यक्ति नै मानवअधिकार एवम् मौलिक स्वतन्त्रताहरुको महत्वपूर्ण विषय हो, र परिणमतः उसैले नै मुख्य रुपले लाभान्वित हुनु पर्छ तथा यी अधिकार तथा स्वतन्त्रताहरुको लाभ हासित गर्न सक्रिय रुपमा सहभागी हुनु पर्दछ ,

प्रस्तावना ३

१. संयुक्त राष्ट्र संघको वडापत्र तथा मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रमा उल्लेखभएका उद्देश्य तथा सिद्दान्तहरु प्रति उनिहरुको प्रतिवद्धता पुनः सुनिश्चित गर्दै,

२. यो प्रतिवद्धतालई पुनः सुनिश्चित गर्दै, जो संयुक्त राष्ट्रको वडापत्रको दफा ५६ मा उल्लेख भएको छ, जसबाट संयुक्त तथा पृथक कारवाही गरिने भन्ने छ, दफा ५६ मा उल्लेख भएका उद्देश्यहरु हासिल गर्न प्रभावकारी अन्तर्राष्ट्रिय सहयोग उपर उपयुक्त जोर दिइने छ, साथै सबैको लागि मानव अधिकार तथा मैलिक स्वतन्त्रताहरु प्रति विश्वव्यापी सम्मान प्रदान गरिनेछ तथा सोको पालना गर्नमा जोड दिइनेछ,

३. संयुक्त राष्ट्र वडापत्र अनुरुप सबै राष्ट्र हरुको दायित्वहरुमाथि जोर दिंदै जसले गर्दा जाति, लिंग, भाषा अथवा धर्म सम्बन्धी कुनै भेदभाव बेगर सबैका लागि मानवअधिकार तथा मौलिक स्वतत्त्रताहरु प्रति सम्मान बढाइने छ तथा बढाउन प्रोत्साहित गरिने छ,

प्रस्तावना ४

संयुक्त राष्ट्र वडापत्रको प्रस्तावनालाई खास गरेर मौलिक मानवअधिकार व्यक्तिको मर्यादा, मूल्य तथा साना एवम् ठूला राष्ट्रका पुरुष तथा स्त्रीहरुको संमान अधिकारहरु उपर विश्वास सुनिश्चित गर्ने प्रतिवद्धतालाई स्मरण गर्दै,

प्रस्तावना ५

युद्धको विभीषिकाबाट भावी पीढीलाई बचाउन, यस्तो अवस्थाको श्रृजना गर्न, जस अन्तर्गत सन्धिहरु र अन्तर्राष्ट्रिय कानूनका अन्य उद्गमस्थलहरुबाट निश्रृत हुने न्याय र सम्मान प्रतिका दायित्वहरुको पालन हुन सकोस, र वृहद स्वतन्त्रताको लागि सामाजिक प्रगति तथा जीवन स्तरको प्रवर्धन गर्न, सहनशील र राम्रो छिमेक कुन अभ्यासरत रहन, तथा सम्पूर्ण जनताको आर्थिक तथा सामाजिक प्रगतिका लागि अन्तर्राष्ट्रिय व्यवस्थालाई संलग्न गराउनका लागि संयुक्त राष्ट्र वडापत्र को प्रस्तावनामा उल्लेखित प्रतिवद्धताहरुलाई अझ बढी स्मरण गर्दै,

प्रस्तावना ६

यस उपर जोर दिंदै मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणपत्र, जो सम्पूर्ण जनता तथा राष्ट्रहरुको लागि उपलब्धिको सामान्य मापदण्ड निर्धारण गर्दछ, - प्रेरणाको उद्गम स्थल हो - र हाल मौजुद अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी लेखापत्रहरुमा समावेश भए.जस्तै मापदण्ड निर्धारणलाई अगाडि बढाउन संयुक्त राष्ट्रका लागि आधा भएको छ, खास गरेर नागरिक तथा राजनैतिक अधिकारहरु सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता तथा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरु सम्बन्धी अन्तर्राष्ट्रिय समझदारीमा समावेश भएको,

प्रस्तावना ७

अन्तर्राष्ट्रिय दृश्य पटलमा वृहद् परिवर्तनहरु भईरहेको तथ्य उपर विचार गर्दै, र संयुक्त राष्ट्र वडापत्र वर्णित सिद्धान्तहरु उपर आधारित अन्तर्राष्ट्रिय व्यवस्थाका लागि सबै जनताको आकांक्षाहरु उपर समेत विचार गर्दै, जस अन्तर्गत आउँदछ, सबैका लागि मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरुको सम्मानलाई प्रवर्धन तथा प्रोत्साहित गर्ने साथै समान अधिकारहरु सम्बन्धित सिद्धान्त प्रति सम्मान तथा शान्ति, प्रजातन्त्र, न्याय, समानता, कानूनी शासन, बहुलवाद, विकास, राम्रो जीवनस्तर तथा एकता सम्बन्धी जनताको अत्म निर्णय गर्ने अधिकार, मानदण्डलाई अगाडी बढाउन संयुक्त राष्ट्रको लागि आधार भएको छ।

संसार भरीका महिलाहरु धेरै किसिमका भेदभाव तथा हिंसाको शिकार भईरहेका छन्, यस तथ्य बाट गहिरो चिन्ता गर्नु पर्ने भएको छ।

प्रस्तावना ८

यो बोध गर्दै कि मानव अधिकारको क्षेत्रमा संयुक्त राष्ट्रका गतिविधिहरुको युक्तिपूर्ण व्याख्या गर्नु र सो व्याख्यालाई बढाउँदै लैजानु आवश्यक छ जसले गर्दा यस क्षेत्रमा संयुक्त राष्ट्र संघका व्यवस्थाहरुलाई बलियो पार्न सकियोस र अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरुको पालनातर्फ निर्विवाद सम्मानका साथ उद्देश्यहरुलाई अगाडी बढाउन सकियोस,

प्रस्तावना ९

ट्यूनिश, सान जोश र बैङ्कमा सम्पन्न तीन सभाहरुले पारित गरेका घोषणाहरु उपर ध्यान केन्द्रित गर्दा तथा सरकारहरुले दिएको योगदानहरु उपर ध्यन दिंदा र सरकारी तथा गैरसरकारी संस्थाहरुले दिएका सुझावहरुलाई ख्याल गर्दा र साथै स्वतन्त्र विशेषज्ञहरुबाट मानवअधिकार सम्बन्धी विश्व सम्मेलनको बाटो पहिल्याउन तयारीका विधिहरु पूरा गरिंदै जाँदा तयार गरिएका अध्ययन सामाग्रीहरुबाट समेत,

प्रस्तवाना १०

१९९३ मा विश्वका स्वदेशी जनताको अन्तराष्ट्रिय वर्षलाई स्वागत गरिन्छ। यसले अन्तर्राष्ट्रिय समूदायको यो प्रतिबद्धतालाई सुनिश्चित गरेकोछ कि सबै मानवअधिकार र मौलिक स्वतन्त्रताको उपभोग गर्न सकिनेछ र जनताका संस्कृति र पहिचानहरुको मूल्य विविधतालाई आदर गरिने छ,

यसलाई पनि मान्यता प्रदान गर्दै कि अन्तर्राष्ट्रिय समुदायले हाल सामाना गर्न परी रहेका व्यवधानहरु हटाउन उपायहरुको तर्जुमा गरिनेछ र सबै मानवअधिकारको पूर्ण रुपमा पालन गराबउन तथा संसार भरी मानव अधिकारहरुको निरन्तर उल्लघंन सम्बन्धी चुनौतीहरुको सामना गर्नुपर्ने छ,

प्रस्तावना ११

संसारका मानिसहरुलाई र संयुक्त राष्ट्रका सबै सदस्य राष्ट्रहरुलाई आव्हान गर्ने, वर्तमान युगको भावना तथा यथार्थहरुलाई उद्बोधित गर्ने, सबै मानव अधिकारहरु र मौलिक स्वतन्त्रताहरुको प्रवर्धन र संरक्षण गर्ने विश्वव्यापी क्रियाकलापमा आ-आफुलाई समर्पित गरियोस, जसले गर्दा यी अधिकारहरु पूर्णरुपमा उपभोग गर्न पाइयोस,

प्रस्तावना १२

अन्तर्राष्ट्रिय समूदायको प्रतिवद्धतातर्फ नयाँ

पाइला अगाडि सार्न प्रतिज्ञावद्ध हुने, जसले गर्दा अन्तर्राष्ट्रिय सहयोग र सामूहिक एकताको लागि बढी तथा निरंतर प्रयासबाट मानवअधिकार सम्बन्धी प्रयत्नहरुतर्फ ठोस प्रगति हासिल गर्न सकियोस,

निम्न बमोजिम भिएना घोषण र पूरा गर्नु पर्ने कार्यक्रम विशुद्ध प्रतिवद्धतासाथ पारित गरिन्छ:

भाग २

अनुच्छेद १

मानवअधिकार सम्बन्धी यस अन्तर्राष्ट्रिय सम्मेलनले संयुक्त राष्ट्रको वडापत्र, मानवअधिकार तथा अन्तर्राष्ट्रिय कानून सम्बन्धी अन्य मान्यताहरु अनुरुप सबै राष्ट्रहरुद्वारा सबै मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरुको पालन तथा संरक्षणको साथै सो को निर्विवाद सम्मान प्रवर्धन तर्फको दायित्व पूरा गर्नुपर्ने पवित्र प्रतिबद्धतालाई पुनः सुनिश्चित गर्दछ ।

यस व्यवस्था अन्तर्गत मानवअधिकारको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगमा बृद्धि हुनु संयुक्त राष्ट्रका प्रयोजनहरुको पूर्ण उपलब्धिका लागि अनिवार्य छ ।

स्वविवेक प्रयोग गर्ने अधिकार सबै मनुष्यलाई छ । यस्तो अधिकार भएको हुँदा तिनीहरुले आफ्नो राजनैतिक स्थिति उन्मुक्त रुपले निर्धारण गर्दछन् र आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको उन्मुक्त रुपमा दिशा निर्धारण गर्दछन् ।

औपनिवेशिक अथवा अन्य रुपमा वैदेशिक दवाव अथवा आधिपत्य अन्तर्गत जनताले सामाना गर्नु पर्ने खास परिस्थितिलाई ध्यानमा राखी यो मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले संयुक्त राष्ट्र संघको वडापत्र अनुसार स्वविवेक प्रयोगको आफ्नो अविच्छिन्न अधिकार तर्फ समझदारी कायम राख्न उपयुक्त कारवाही गर्न सकिने जनताको अधिकारलाई मान्यता प्रदान गर्दछ । मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले आत्म निर्णयको अधिकारको मान्यता नदिनुलाई मानवअधिकारको उल्लंघन भएको सम्झन्छ र यस्तो अधिकार तर्फ प्रभावकारी समझदारीको महत्व माथि प्रकाश पार्दछ ।

संयुक्त राष्ट्र संघको वडापत्र अनुसार राष्ट्रहरु बीच मैत्रीपूर्ण सम्बन्ध र सहयोग सम्बन्धी अन्तर्राष्ट्रिय कानूनका सिद्धन्तहरुबारे १९७० को घोषणा बमोजिम, यो सम्झिने छैन कि कुनै यस्तो कारवाही गर्न अक्तियारी अथवा प्रोत्साहन प्रदान गरिएको छ, जसले गर्दा सार्वभौम सत्ता सम्पन्न तथा स्वतन्त्र राष्ट्रहरुको प्रादेशिक अखण्डता अथवा रजनैतिक एकता, सम्पूर्ण अथवा आंशिक रुपमा, खण्डित अथवा कमजोर हुन जाओस । यस्तो राष्ट्रले जनताको स्वायत्तता तथा समान अधिकारहरु सम्बन्धी सिद्धान्तको परिपालन गर्दै कार्यसंचालन गर्ने गरेको हुनु पर्छ र यसरी एउटा यस्तो सरकारी व्यवस्थाबाट संचालित भएको हुनु पर्छ, जहाँ कुनै किसिमको भेदभाव विना सो प्रदेशका सम्पूर्ण जनताले प्रतिनिधित्व गर्ने मोका पाउन ।

विदेशी आधिपत्य अन्तर्गत रहेका जनताको सम्बन्धमा मानवअधिकार सम्बन्धी मापदण्डहरुको कार्यान्वयन गराउने निश्चितता तथा सुपरिवेक्षणका लागि प्रभावकारी अन्तर्राष्ट्रिय कानून अनुसार खास गरेर १९४९ को युद्ध कालमा नगरका वासिन्दाहरुको संरक्षण सम्बन्धी जेनेभा अभिसन्धी र मानवीय कानूनका अन्य लागू हुन वांछनीय मापदण्डहरु अनुसार, मानवअधिकारको उल्लंघनका विरुद्ध प्रभावकारी कानूनी संरक्षण प्रदान गरिनु पर्दछ ।

अनुच्छेद २

सबै मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरु, यीनका उद्देश्य तथा सिद्धान्तहरु, खास गरेर अनतर्राष्ट्रिय सहयोगको उद्देश्य अनुरुप, संयुक्त राष्ट्रको प्राथमिकता प्रदान गरिनु पर्ने उद्देश्य सम्झनु आवश्यक छ । यी उद्देश्य तथा सिद्धान्तहरुको ढाँचा भित्र सबै मानव अधिकारहरुको प्रवर्धन तथा संरक्षण गर्नु अन्तर्राष्ट्रिय समूदायको न्यायसंगत सरोकार भित्र पर्दछ । अतः मानवअधिकार सम्बन्धी निकाय तथा विशेष एजेन्सीहरुले अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी साधनहरुको निरंतर तथा वस्तुपरक प्रयोगमा आधारित गतिविधिहरुमा समन्वय कायम राख्ने प्रक्रियालाई अगाडी बढाउँदै लग्नु आवश्यक छ।

मानवअधिकार एवम् मौलिक स्वतन्त्रताहरु सम्पूर्ण मानवमात्रको जन्मसिद्ध अधिकार हुन् । यीनको संरक्षण र प्रवर्धन गर्नु सरकारहरुको प्रथम दायित्व हो ।

अनुच्छेद ३

सबै मानवअधिकार, सर्वमान्य, अविभाज्य र पारस्परमा निर्भर रहेका तथा पारस्पर सम्बन्धित हुन्छन् । अन्तर्राष्ट्रिय समुदायले मानवअधिकारलाई संसार भरीनै स्वच्छ र समान तरीकाले एकैनाशको मापदण्ड कायम गरी र साथै एकैनाशको महत्व दिदै व्यवहारमा ल्याउनु वांछनीय छ, जवकि राष्ट्रिय र क्षेत्रीय विशिष्टताहरु र अनेकौ ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक पृष्ठभूमिहरुका महत्वहरुको ख्याल राख्नु आवश्यक छ, राजनैतिक, आर्थिक तथा सांस्कृतिक पद्धतिहरुमा विभिन्नताको बावजूद राष्ट्रहरुको कर्तव्य हुन्छ ।- उनिहरुले सबै मानवअधिकार र मौलिक स्वतनत्रताहरुको प्रवर्धन तथा संरक्षण गर्नुपर्छ ।

अनुच्छेद ४

मानवअधिकारको प्रवर्धन र संरक्षण गर्ने प्रक्रियाहरु संयुक्त राष्ट्र संघको वडापत्र र अन्तर्राष्ट्रिय कानूनका उद्देश्य र सिद्धान्तहरु अनुरुप संचालन हुनु पर्दछ ।

अनुच्छेद ५

प्रजातन्त्र, विकास र मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरु प्रति आदर प्रदर्शन गर्नु, यी सबै कुरा पारस्परमा निर्भर गर्ने खालका छन् । यीनको कार्यान्वयन पनि संगसंगै नै हुन सक्छ । प्रजातन्त्र जनताको आफ्नै विचारको स्वतन्त्र अभिव्यक्ति उपर आधारित छ, जसबाट उनीहरुको राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक पद्धतिहरुको निर्धारण हुने गर्छ र सबै किसिमको जीवन पद्धतिहरुमा उनीहरुको पूर्ण सहभागिता समेत निर्धारित हुन्छ । उपरोक्त कुराहरुको सन्दर्भमा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरुको प्रवर्धन तथा संरक्षणमा सर्वमान्य तथा कुनै शर्तहरु नथोपरिएको हुनु पर्छ । अन्तर्राष्ट्रिय समूदायले सम्पूर्ण विश्वमा प्रजातन्त्रको सुदृढीकरण तथा प्रवर्धन, मानवअधिकार तथा मौलिक स्वतन्त्रताको विकास तथा सम्मान प्रदर्शनलाई, समर्थन गर्नु पर्दछ ।

मानवअधिकार सम्बन्धी विश्व सम्मेलन सुनिश्चित गर्दछ - धेरैजसो अफ्रिकामा पर्ने प्रजातान्त्रिक पद्धति र आर्थिक सुधारहरु प्रति प्रतिवद्ध अल्प विकसित देशहरुलाई अन्तर्राष्ट्रिय समुदायबाट सहायता प्रदान गरिनु पर्दछ, जसले गर्दा यिनीहरु प्रजातन्त्र तथा आर्थिक विकास तर्फ उन्मुख हुन सकुन ।

अनुच्छेद ६

१. मानवअधिकार सम्बन्धी विश्व सम्मेलनले विकासको अधिकारलाई, विकासको अधिकार सम्बन्धी घोषणपत्र मा उल्लेख भए अनुसार र सर्वमान्य तथा अविच्छिन्न अधिकार तथा मौलिक अधिकारको अविच्छिन्न भाग समेत भएको ख्याल राखी, दृढ समर्थन गर्दछ ।

२. विकासको अधिकार सम्बन्धी घोषण पत्रमा उल्लेख भए अनुसार मनुष्य नै विकासको केन्द्रविन्दु हो ।

३. जबकि विकासले सम्पूर्ण मानवअधिकारको उपभोग गर्ने सुविधा प्रदान गर्दछ, विकासको अभावलाई, अन्तर्राष्ट्रिय मान्यता प्राप्त मानवअधिकार काटछांट गर्नका लागि न्यायोचित पार्ने हेतुले, प्रयोग गर्न पाइने छैन ।

४. विकासलाई सुनिश्चित पार्न तथा विकासको बाँधाहरुलाई पूर्णरुपमा हटाउन राष्ट्रहरुले परस्पर सहयोग कायम राख्नु पर्दछ । विकासको अधिकार प्रति समझदारी कायम राख्न तथा विकासका वाधाहरुलाई पूर्णरुपमा हटाउन अन्तर्राष्ट्रिय समूदायले प्रभावकारी अन्तर्राष्ट्रिय सहयोगलाई प्रवर्धन गर्नु पर्ने छ ।

५. विकासको अधिकार कार्यान्वयन तर्फ दिगो रहने प्रगति गर्न राष्ट्रिय स्तरमा प्रभावकारी विकास सम्बन्धी नीति, तथा न्यायोचित आर्थिक सम्बन्ध र अन्तर्राष्ट्रिय स्तरमा अनुकूल आर्थिक वातावरण कायम हुनु आवश्यक छ ।

विकास सम्बन्धी अधिकारको परिपूर्ति हुनु पर्दछ, जसले गर्दा वर्तमान र भविश्यका पीढीहरुको विकास तथा वातावरण सम्बन्धी आवश्यकताहरुको न्यायोचित पूर्ति हुन सकोस् । मानवअधिकार सम्बन्धी यो विश्व सम्मेलनले ठान्दछ कि गैरकानूनी तरीकाले विषालु तथा खतरापूर्ण वस्तु तथा फोहोर मैलाहरुलाई थुपार्नु मनुष्यको बाँच्ने अधिकारमाथि र सबैको स्वास्थ्य उपर ठूलो खतरा हुन सक्छ ।

अस्तु मानव अधिकारहरुको यो विश्व सम्मेलन सबै राष्ट्रहरुलाई आव्हान गर्दछ कि विषालु र खतरापूर्ण वस्तु तथा फोहोर मैला सम्बन्धी हाल लागू रहेका सम्झौताहरुलाई मान्यता प्रदान गरी कडाईका साथ कार्यान्वयन गरोस् र गैरकानूनी ढंगले थुपार्ने प्रक्रियाको रोकथामका लागि सहयोग प्रदान गरोस् ।

वैज्ञानिक प्रगति तथा त्यसको प्रयोगको लाभ हासिल गर्न सबैलाई अधिकार छ । यो विश्व सम्मेलनले यो नोट गर्दछ कि केही निश्चित प्रगतिहरु खास गरेर जैविक चिकित्सा तथा जैविक विज्ञानहरु र सूचना प्रविधिहरुबाट समेत, मनुष्यको पवित्रता, मर्यादा तथा मानवअधिकारहरुको लागि, सम्भवतः विपरित परिणाम निस्कन सक्दछ । अतः यो सुनिश्चित गर्न अन्तर्राष्ट्रिय सहयोगको लागि आव्हान गरिन्छ कि मानव अधिकारहरु तथा मर्यादाको पूर्णरुपमा

सम्मान गरियोस् जो सर्वत्र चिन्ताको विषय भएको छ।

यो विश्व सम्मेलन अन्तर्राष्ट्रिय समुदायलाई आव्हान गर्दछ कि विकासशील देशहरुको वैदेशिक ऋण भारलाई कम पार्ने दिशातर्फ मद्धत गर्न हरसम्भव प्रयास गरियोस, जसले गर्दा यस्ता देशका सरकारहरुका आफ्नो जनताको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको पूर्ण उपलब्धिको लागि गरिने प्रयासहरुमा, सो मद्धतले पूरकको भूमिका निभावस्।

अनुच्छेद ७

राज्य र अन्तराष्ट्रिय संगठनहरुको लागि यो आवश्यक देखिन्छ कि गैर सरकारी संस्थाहरुको सहयोग प्राप्त गरी राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा अनुकूल अवस्थाहरुको श्रृजना गरियोस, जसले गर्दा मानवअधिकारको पूर्ण तथा प्रभावकारी उपभोग सुनिश्चित हुन सकोस्। राष्ट्रहरुले मानवअधिकारको सबै किसिमको उल्लंघन र त्यसका कारणहरु, तथा यी अधिकारहरुको उपभोगमा आउने वाधाहरुलाई समाप्त पार्नु पर्छ।

व्यापक रुपमा भीषण निर्धनता कायम रहनाले मानवअधिकारको पूर्ण तथा प्रभावकारी उपभोगमा रोकावट पैदा गर्दछ, अतः अन्तर्राष्ट्रिया समुदायले यसमा शिघ्र कमी आउनु र पछिगई समाप्त नै पार्नुलाई उच्च प्राथमिकता प्रदान गर्नु आवश्यक छ।

अनुच्छेद ८

मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरुलाई कुनै किसिमको भेदभाव नगरी आदर गर्नु, अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी कानूनको मौलिक नियम हो। सबै किसिमका जातिवाद तथा जातीय भेदभाव, विदेशीहरु प्रति अनावश्यक घृणा र त्यस सम्बन्धित असहिष्णुताको शीघ्र तथा व्यापक समाप्ति हुनु अन्तर्राष्ट्रिय समुदायको लागि प्राथमिकता प्रदान गर्नु पर्ने सवाल हो। सरकारले तिनीहरुलाई रोकथाम गर्न तथा दृढतापूर्वक विरोध गर्न प्रभावकारी कदम उठाउनु पर्छ। समुह, संस्था, सरकारी तथा गैरसरकारी संगठनहरु र व्यक्तिहरुलाई आग्रह गरिन्छ कि यस्ता अनैतिक विषयहरुको विरुद्धमा आफ्नो कारवाहीहरुमा सहयोग तथा समन्वय कायम गर्ने प्रयासहरुलाई तीब्र पारियोस्।

यो विश्व सम्मेलन रंगभेदलाई मेट्नमा भएको प्रगतिको स्वागत गर्दछ र अन्तर्राष्ट्रिय समुदाय तथा संयुक्त राष्ट्र संघको प्रणालीलाई यो कारवाहीमा मद्दत पुऱ्याउन आव्हान गर्दछ।

यो विश्व सम्मेलन, शान्तिपूर्वक रंगभेद मेट्न गरिएको अभियानलाई विथोल्न निरन्तर गरिने हिंसाको कारवाही प्रति पनि खेद प्रकट गर्दछ।

सबै किसिमको आतंकवाद सम्बन्धी कारवाही, तरीका र गतिविधिहरु तथा केही देशहरुमा लागू औषधिको कारोवार प्रत्यक्षरुपमा तथा पारस्परिक सम्बन्ध जोडिएको देखा पर्नु, यस्ता गतिविधिहरु हुन जसको उद्देश्य मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरु र प्रजातन्त्रको विनाश गर्नु हो यसले गर्दा प्रादेशिक अखण्डता र राष्ट्रहरुको सुरक्षामा खतरा पैदा हुन्छ र विधिवत् गठित सरकारहरुलाई विथोल्ने हुन्छ। अन्तर्राष्ट्रिय समुदायले आतंकवादलाई रोक्न तथा सामाप्त पार्नका लागि सहयोगमा वृद्धि गर्न आवश्यक कारवाही गर्नु पर्दछ।

अनुच्छेद ९

महिला र बालबालिकामा मानवअधिकार सर्वसम्मत मानवअधिकारका अपरिहार्य, सम्पूर्ण र अविभाज्य अंश हुन्। राष्ट्रिय, क्षेत्रिय तथा अन्तर्राष्ट्रिय समुदायको प्राथमिक उद्देश्यहरु हुन्।

लिंगको आधारमा गरिने हिंसा तथा सबै किसिमको यौन प्रताडना तथा सांस्कृतिक दुराग्रह र अन्तर्राष्ट्रिय बेचविखनको परिणामबाट उत्पन्न हुने शोषण मनुष्यको मर्यादा तथा गरिमाको प्रतिकूल हुने हुँदा त्यसको समाप्ति हुनु आवश्यक छ। यसको प्राप्ति, कानूनी विधि अपनाई र राष्ट्रिय कारवाहीबाट आर्थिक तथा सामाजिक विकास, शिक्षा, सुरक्षित भातृत्व तथा स्वास्थ्य सेवा तथा सामाजिक समर्थन जस्ता क्षेत्रहरुमा अन्तर्राष्ट्रिय सहयोगबाट हुन सक्छ।

महिलाहरुका मानवअधिकार सम्बन्धित सबै मानवअधिकार बारेको लेखपत्रहरु समाविष्ट भई संयुक्त राष्ट्रका मानवअधिकारका गतिविधिहरुको अविच्छिन्न भाग हुनु पर्दछ।

यो विश्व सम्मेलन सरकारहरु, संस्थाहरु, सरकारी तथा गैरसरकारी संगठनहरुलाई आग्रह गर्दछ कि महिलाहरु बालिका र शिशुहरुका मानवअधिकारको संरक्षण तथा सम्बर्धन गर्ने प्रयासहरुलाई तीब्र पारियोस्।

अनुच्छेद १०

अल्पसंख्यक मानिसहरुमा अधिकारहरुको सम्वर्धन तथा संरक्षणको महत्व उपर विचार गर्दा र राष्ट्रहरुको राजनैतिक तथा सामाजिक स्थायित्वमाथि यस्ता सम्वर्धन तथा संरक्षणको योगदान उपर विचार गर्दा, यो मानवअधिकार सम्बन्धी विश्व सम्मेलन राष्ट्रहरुको दायित्वलाई यो निश्चित गर्दछ कि अल्पसंख्यक मानिसहरुले राष्ट्रिय अथवा जातीय, धार्मिक तथा भाषामा आधारित अल्पसंख्यकहरु सम्बन्धित संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी घोषणा अनुरुप कुनै भेदभाव नगरी र कानूनी दृष्टिकोणले पूरा समानता दर्शाई सबै मानव अधिकार तथा मौलिक स्वतन्त्रताको पूर्ण तथा प्रभावकारी रुपमा प्रयोग गर्न पाउने छन्।

अल्पसंख्यक समुदायका मानिसहरुले आफ्नो धर्मको प्रचार तथा पालन गर्ने र निजी तथा सार्वजनिक रुपमा मुक्त तथा हस्तक्षेप रहित अथवा कुनै किसिमको भेदभाव वेगर आफ्नो भाषाको प्रयोग गर्ने अधिकार प्राप्त गर्ने छन्।

अनुच्छेद ११

यो विश्व सम्मेलन समाजको विकास तथा अनेकताका लागि स्वदेशी मानिसहरुको जन्मजात मर्यादा तथा अद्वितीय योगदान प्रति समझदारी राख्दछ र आर्थिक, सामाजिक तथा सांस्कृतिक हित तथा दीगो विकासको प्रतिफलबाट उनीहरु लाभान्वित हुन पाउन् भन्ने अन्तर्राष्ट्रिय समुदायको प्रतिबद्धतालाई दृढतापूर्वक समर्थन गर्दछ। राष्ट्रहरुले समाजको सबै पक्षमा आफ्नो देशका नागरिकहरुको पूर्ण तथा स्वतन्त्र सहभागिता, खास गरेर निश्चित गर्नु आवश्यक छ। स्वदेशी मानिसहरुको अधिकारहरुको प्रवर्धन तथा संरक्षणको योगदान उपर विचार गर्दा राज्यहरुले, अन्तर्राष्ट्रिय कानून बमोजिम, समानताको आधारमा तथा भेदभाव नगरी स्वदेशी मानिसहरुको सबै मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरु प्रति सम्मानलाई सुनिश्चित पार्न, सामूहिक रुपमा आवश्यक कारवाही गर्न पर्दछ र उनीहरुको पृथक पहिचान, संस्कृतिहरु, सामाजिक संगठनको मूल्य तथा विविधतालाई मान्यता प्रदान गर्नु पर्दछ।

अनुच्छेद १२

यो विश्व सम्मेलन, राष्ट्रहरुको ठूलो संख्याबाट बालबालिकाहरुका अधिकार सम्बन्धी सम्मेलनको चाडो प्रमाणीकरणलाई स्वागत गर्दै र विश्व शिखर सम्मेलनबाट पारित घोषणा तथा कार्ययोजनामा निहित केटाकेटीहरुका अधिकारको मान्यतालाई ध्यानमा राखी १९९५ सम्ममा सम्मेलनको विश्वव्यापी प्रमाणीकरण तथा सदस्य राष्ट्रहरुबाट, सबै आवश्यक विधान सम्बन्धी, प्रशासकीय एवम् अन्य गतिविधिहरु तथा उपलब्ध साधनहरुको सम्भव भएसम्म बढी मात्रामा बाँडफाँटद्वारा यसको प्रभावकारी कार्यन्वयनको लागि अनुरोध गर्दछ। बालबालिकाहरुसंग सम्बन्धित सबै कारवाहीहरुमा, भेदभावरहित सर्वोपरि हित नै प्राथमिक महत्वको चिन्तन हुनुपर्छ र उनीहरुका विचारलाई आवश्यक महत्व दिइनु पर्दछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रक्रिया तथा कार्यक्रमहरुलाई, खास गरेर बालिकाहरु, परित्यक्त बालबालिकाहरु, सडकका केटाकेटीहरु आर्थिक तथा यौन सम्बन्धी शोषितहरु जस्तैः केटाकेटी सम्बन्धी उत्तेजक साहित्य, बाल वेश्यावृत्ति अथवा अंगहरुको बेचविखन, एड्स समेतका रोगहरुको शिकार, शरणार्थी तथा विस्थापित, थुनुवामा परेका, सशस्त्र संघर्षमा संलग्न तथा अकाल, अनावृष्टि तथा अन्य संकटहरुको शिकार केटाकेटीहरुको रक्षा तथा संरक्षणका लागि सुदृढ गरिनु पर्दछ। अन्तराष्ट्रिय सहयोग र सहचार्यलाई, सम्मेलनको कार्यान्वयनलाई सहायता प्रदान गर्न परेको छ। तथा केटाकेटी का अधिकारहरुलाई, संयुक्त राष्ट्र व्यवस्थामा मानवअधिकार सम्बन्धी गतिविधि अन्तर्गत प्रथम महत्व दिइनु पर्दछ।

यो विश्व सम्मेलनले यस माथि पनि जोड दिन्छ कि बालकहरुले आफ्नो व्यक्तित्वको पूर्ण तथा सुचारुपूर्वक विकास गर्दै परिवारिक वातावरणमा बढ्ने मौका पाउनु पर्छ, जसले गर्दा उनीहरुले व्यापक संरक्षण पाउन सकुन्।

विस्थापित मानिसहरु तर्फ, समाजका सबै पक्षमा उनीहरुको सक्रिय सहभागिता समेत गरी, भेदभाव रहित अवस्थालाई सुनिश्चित गर्न तथा सबै मानवअधिकार र मौलिक स्वतन्त्रताहरुद्वारा समान रुपमा लाभान्वित हुन, विशोषरुपमा ध्यान दिइनु आवश्यक देखिन्छ।

यो मानव अधिकार सम्बन्धी विश्व सम्मेलन यो सुनिश्चित गर्दछ कि, आफ्नो देशमा फर्केर जाने अधिकार सहित, कुनै किसिमको भेदभाव रहित अन्य देशहरुमा यातनाको विरुद्ध शरण माग्ने तथा उपभोग गर्ने अधिकार सबैलाई छ। यस सम्बन्धमा, मानव अधिकार सम्बन्धी घोषणा शरणर्थीहरुको स्तर सम्बन्धी १९५१ को सम्मेलन, यसको १९६७ को सन्धि पत्र तथा क्षेत्रीय लेखपत्रहरुको महत्वलाई यसले अरु बढी दर्शाउछ। यसैले ती राष्ट्रहरु जसले आफ्ना क्षेत्रभित्र बढी संख्यामा शरणार्थीहरुलाई प्रवेश दिई आतिथ्येय प्रदान गर्ने सिलसिला जारी राखेका छन्, आफ्नो कर्तव्य प्रति समर्पित भएकोमा संयुक्त राष्ट्रको शरणर्थीहरु सम्बन्धी हाई कमिश्नरको कार्यालयको समेत, सराहना गर्दछ। यसले निकट पूर्वमा अवस्थित प्यालेस्टाइन शरणार्थीहरुको लागि संयुक्त राष्ट्र संघको राहत कार्यरत एजेन्सीको कार्यालय प्रति सराहना प्रकट गर्दछ।

यो मानवअधिकार सम्बन्धी विश्व सम्मेलनले मान्दछ सशस्त्र संघर्ष र तीब्र मानवअधिकार उल्लंघन मानिसहरुको विस्थापनका विविध तथा जटिल कारणहरु

मध्ये पर्दछ ।

यो मानवअधिकार सम्बन्धी विश्व सम्मेलन ठान्दछ कि विश्वव्यापी शरणार्थी संकटको जटिलता उपर विचार गर्दा र संयुक्त राष्ट्रको वडापत्र, सान्दर्भिक अन्तर्राष्ट्रिय साहचर्य अनुरुप र भार वहनमा साझेदारीको भावना कायम राखी सम्बन्धित देशहरु तथा सान्दर्भिक संगठनहरुमा संयुक्त राष्ट्र संघीय शरणार्थी आयोगको आज्ञापत्रलाई ख्याल गरी, समन्वय तथा सहयोग कायम राखी अन्तर्राष्ट्रिय समुदायबाट व्यापक समझदारीपूर्ण रवैयाको आवश्यकता छ । यसमा शरणार्थीहरु तथा अन्य विस्थापित मानिसहरुका गतिविधिहरुको मूल कारण तथा प्रभाव लक्षित रणनीतिहरुको विकास समावेश हुनुपर्छ । साथै संकटकालीन स्थितिको लागि तयारी तथा व्यवस्था अन्तर्गत प्रतिक्रिया, महिला तथा केटाकेटीहरुको विशेष आवश्यकतालाई स्थायी समाधानहरुको उपलब्धि उपर ध्यानमा राखी प्रभावकारी संरक्षण तथा सहायताको व्यवस्था समेत हुनु आवश्यक छ । मुख्य रुपले, अन्तर्राष्ट्रिय शरणार्थी सम्मेलनहरुबाट पारित समाधानहरु लगायत मर्यादापूर्ण तथा सुरक्षित स्वेच्छापूर्वक स्वदेश आगमन सम्बन्धी चाहे जस्तै समाधान पनि निस्कनु आवश्यक छ । यो मानवअधिकार सम्बन्धी विश्व सम्मेलन खास गरेर यो अवस्थामा राष्ट्रहरुको दायित्व तर्फ संकेत गर्दछ जब यसको सम्बन्ध सोको उत्पत्ति हुने देशहरुसंग हुने गर्दछ ।

व्यापक रुपमा पहुँचलाई ध्यानमा राखी, यो मानवअधिकार सम्बन्धी विश्व सम्मेलनले अन्तरसरकारी तथा मानवहित सम्बन्धी संगठनहरु मार्फत र यस्ता प्रश्नहरुको स्थायी समाधान निकाली जसको सम्बन्ध उनीहरुको स्वेच्छापूर्वक तथा सुरक्षित वापसी तथा पुनर्वास समेतमा गरी, आन्तरिक विस्थापित मानिसहरु सित पर्दछ, विशेष ध्यान दिनु पर्ने महत्वलाई दृढतापूर्वक दर्शाउछ ।

संयुक्त राष्ट्रको वडापत्र र मानवहित सम्बन्धी कानूनको सिद्धान्त अनुसार यसले सबै प्राकृतिक तथा मानवकृत विपत्तिहरुबाट पीडितहरुलाई मानवहित सम्बन्धी सहायताको आवश्यकता तथा महत्व उपर अरु बढी जोड दिन्छ ।

अनुच्छेद १३

बसाई सर्ने मजदूरहरुको सबै किसिमको भेदभावलाई समाप्त पार्ने, तथा हाल कायम रहेका मानवअधिकार सम्बन्धी लेखपत्रहरु को बढी प्रभावकारी कार्यान्वयन लगायत यस्ता समूहहरु, जसलाई आघात पुऱ्याउन सकिने तुल्याएको छ, त्यस्ता मानिसहरुको मानवअधिकारको सम्वर्धन तथा संरक्षणलाई बढी महत्व प्रदान गरिनु पर्दछ । राष्ट्रको राष्ट्रिय स्तरमा पर्याप्त उपायहरु पत्ता लगाई त्यसलाई कायम राख्नु पर्ने कार्तव्य हो, खास गरेर शिक्षा स्वास्थ्य तथा सामाजिक सहायताको क्षेत्रमा, आफ्नो जनसंख्याको आघात पुऱ्याउन सकिने क्षेत्रहरुमा मानिसहरुका अधिकारलाई प्रवर्धन तथा संरक्षणको लागि तथा उनीहरु मध्ये त्यस्ताहरुको सहभागितालाई सुनिश्चित पार्न, जो आफ्नो निजी समस्याहरुको समाधान पत्ता लगाउन अभिरुचि राख्दछन् ।

यो विश्व सम्मेलन ठहर गर्दछ कि अत्यन्त गरीबी तथा सामाजिक वहिष्कार मानवीय मर्यादाको उल्लंघन हो । अत्यन्त गरीबीको कारण बारे राम्ररी जानकारी गर्न अतिशीघ्र कारवाही गर्नु आवश्यक देखिन्छ । साथै, अतयन्तै निर्धन मानिसहरुको मानवअधिकालाई प्रवर्धन गर्नको लागि, र अत्यन्त गरीबी तथा वहिष्कारलाई समाप्त पार्नको लागि तथा सामाजिक उन्नतिको प्रतिफल को उपभोगलाई बढावा दिन अतिशिघ्र आवश्यक कारवाही गर्नु पनि आवश्यक देखिन्छ । राज्यहरुका लागि यो अति आवश्यक छ कि अत्यन्तै निर्धन मानिसहरुले जुन समुदायमा तिनीहरु जीवन बिताउँदछन् त्यहाँ निर्णयहरु गर्नुपर्ने पक्रियाहरुमा, सहभागी भई हुकदै जान सकोस । जसले गर्दा अत्यन्त गरीबीका विरुद्ध संघर्षमा प्रयासरत रहन र मानवअधिकारको प्रवर्धन सम्भव होस् ।

अनुच्छेद १४

यो विश्व सम्मेलन, मानवअधिका सम्वन्धी लेखपत्रहरुको वर्गीकरण गर्दै व्यवस्थित रुपले संकलन गर्ने काममा भएको प्रगतिलाई, स्वागत गर्दछ, जो गतिशिल तथा विकासशील प्रक्रिया हो र मानवअधिकार सम्बन्धी सन्धिहरुको विश्वव्यापी समर्थनको लागि अनुरोध गर्दछ ।

अनुच्छेद १५

हरेक राष्ट्रले मानवअधिकार सम्बन्धी गुनासो अथवा उल्लंघनहरुको निवारण गर्ने उपायहरुको प्रभावकारी व्यवस्था गर्नु आवश्यक छ । कानूनलाई लागू गराउने तथा मुद्दा चलाउने निकायहरु लगायत खास गरेर अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी लेखपत्रहरुमा वार्णित र लागू गर्न सकिने मापदण्डहरु अनुरुप स्वतन्त्र न्यायिक पद्धति तथा कानूनी पेशा, मानवअधिकारको पूर्ण तथा भेदभाव रहित सम्पादन गर्न अति आवश्यक छ साथै प्रजातन्त्र तथा स्थायी विकासका प्रक्रियाको लागि पनि अनिवार्य छ । यस सम्बन्धमा न्यायिक प्रशासनसंग सम्वन्धित संस्थाहरुको लागि उपयुक्त मात्रामा अर्थको प्रवन्ध मिलाउनु पर्दछ, अन्तर्राष्ट्रिय समुदायबाट प्राविधिक तथा आर्थिक सहायता दुवै बढ्दो मात्रामा प्रदान गरिनु पर्दछ । संयुक्त राष्ट्र संघको निम्ति यो आवश्यक छ कि सल्लाहकार सम्बन्धी सेवाहरुको प्राथमिकताको आधारमा, सुदृढ तथा स्वतन्त्र न्यायिक प्रशासन प्राप्त गर्नका लागि विशेष कार्यक्रमहरुलाई उपयोगमा ल्याइयोस ।

अनुच्छेद १७

यो विश्व सम्मेलन मानवअधिकारको सामूहिक उल्लंघन भई रहेकोमा भय प्रकट गर्दछ, खास गरेर जनहत्याको रुपमा (जातिनै सखाप पार्ने खालको) युद्ध स्थितिमा स्वस्नीमान्छेहरुमाथि व्यवस्थित ढंगले बलात्कार, शरणार्थी र विश्थापितहरुको सामूहिकरुपमा प्रस्थापनको स्थिति श्रृजना हुनु । यस किसिमका घृणीत क्रियाकलापलाई जोरदार शब्दमा निन्दा गर्दै यो आव्हानलाई दोहोऱ्याउदछ कि यस किसिमको अपराध गर्नेहरुलाई सजाय दिनु पर्दछ र यस्ता क्रियाकलापहरु तुरुन्त रोकिनु पर्दछ ।

अनुच्छेद १९

यो विश्व सम्मेलन विश्वका सबै भागहरुमा निरन्तर मानवअधिकारको उल्लंघन भईरहेकोमा गम्भीर चिन्ता प्रकट गर्दछ, जो अन्तर्राष्ट्रिय मानव हित सम्बन्धी कानूनमा उल्लेख भएका मापदण्डहरु तथा पीडितहरुको लागि प्रयाप्त तथा प्रभावकारी उपायहरुबारे पनि बेवास्ता गरिएको देखिन्छ ।

यो विश्व सम्मेलन, सशस्त्र संघर्ष भइरहेका वखत शहरी क्षेत्रका वासिन्दाहरुलाई खास गरेर स्वास्नीमान्छे, केटाकेटी, वृद्ध तथा अपांगहरुलाई प्रभावित पार्ने मानवअधिकारको उल्लंघन भईरहेको तर्फ गहिरो चिन्ता प्रकट गर्दछ । अतः यो सम्मेलन राष्ट्रहरु र सशस्त्र संघर्षमा लागेका सबै पक्षहरुलाई आव्हान गर्दछ कि अन्तर्राष्ट्रिय मानव हित सम्बन्धी कानूनलाई १९४९ को जेनेभा सम्मेलनमा पारित भए बमोजिम, दृढतापूर्वक पालन गरियोस् । साथै अन्तराष्ट्रिय कानून तथा सिद्धान्तहरु, अन्तर्राष्ट्रिय सम्मेलनद्वारा पारित मानवअधिकार संरक्षणका न्यूनतम मापदण्डहरुको पनि दृढतापूर्वक पालन गर्न आव्हान गर्दछ ।

यो विश्व सम्मेलन १९४९ को जेनभा सम्मेलनमा पारित र अन्तर्राष्ट्रिय मानव हित सम्बन्धी कानून बारेका अन्य लेखपत्रहरुमा उल्लेख भए अनुसार मानवहित सम्बन्धी संगठनहरुबाट सहायता दिइनुपर्ने पीडितहरुको अधिकारलाई पुनः समर्थन गर्दछ र यस किसिमका सहायताको लागि सुरक्षित तथा सामयिक प्रवेशको लागि आव्हान गर्दछ ।

यो मानवअधिकार सम्बन्धी विश्व सम्मेलन दुःख प्रकट तथा प्रतिवाद समेत गर्दछ कि सबै मानवअधिकारको पूर्ण उपभोगमा असाध्य बाधा पुऱ्याउने स्थितिहरु तथा विश्वका विभिन्न भागहरुमा क्रमवद्ध उल्लंघनहरु निरन्तर भईरहेका छन् । यस किसिमका उल्लंघन र वाधाहरु अन्तर्गत यातना र निर्दयतापूर्ण अमानवीय तथा होच्याउने खालका व्यवहार अथवा सजाय, छिटो तथा मनपर्दो कार्यान्वयनहरु, बेपत्ता पार्ने, स्वदेशी आधिपत्य तथा अन्य देशीय प्रभुत्व, परचक्रीको विकृत अरुचि, गरीबी, भोक तथा आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारहरुका अन्य उल्लंघनहरु, असहिष्णुता, आतंकवाद, महिला माथिको भेदभाव र कानूनी शासन व्यवस्थाको अभाव आदि पर्दछन् ।

यो मानवअधिकार सम्बन्धी विश्व सम्मेलन अन्तर्राष्ट्रिय कानून र संयुक्त राष्ट्रको वडापत्र अनुरुप नभएका कुनै यस्तो एकतर्फी कारवाही नगर्न आव्हान गर्दछ, जसले राष्ट्रहरुका बीच व्यापारिक सम्बन्धहरुमा वाधा पुऱ्याउँदछ र मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा तथा अन्तर्राष्ट्रिय मानवअधिकार लेखपत्रहरुमा खास गरेर खाना र औषधोपचार सम्बन्धी हेरचाह, आवास तथा आवश्यक सामाजिक सेवाहरु लगायत प्रत्येकको स्वास्थ्य र कुशल जीवनयापनका निम्ति पर्याप्त हुने गरी जीवनस्तर कायम राख्ने अधिकारहरु समेत उल्लेख भए अनुसारको मानवअधिकारतर्फ पूर्ण सम्पादनमा बाधा पुऱ्याउँदछ । यो विश्व सम्मेलन ठहर गर्दछ कि खाद्यान्नलाई राजनैतिक दबावको लागि प्रयोग गर्न सकिन्न ।

यो विश्व सम्मेलन मानवअधिकार सम्बन्धी प्रश्नहरु उपर पुऱ्याउनु पर्ने विचारको विश्वव्यापकता, वस्तुगतता र अनैच्छिकतालाई निश्चित तुल्याइनु पर्ने कुराको महत्वलाई पुनः निश्चितता प्रदान गर्दछ ।

अनुच्छेद २०

यो विश्वसम्मेलन पुनः ठहर गर्दछ कि मानवअधिार सम्बन्धी विश्वव्यापी घोषणा तथा अन्य अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी लेखपत्रहरु, जसबाट यो निश्चित हुन्छ कि शिक्षाबाट मानवअधिकार तथा मौलिक स्वतन्त्रता सुदृढ हुन्छ- मा उल्लेख भए अनुसार कर्तव्य पालन गर्न बाध्य छन् । यो विश्व सम्मेलन मानवअधिकार सम्बन्धी शैक्षिक कार्यक्रमहरु सम्बन्धी विषयलाई समावेश गर्नुपर्ने प्रक्रियाको महत्वलाई दृढ समर्थन गर्दछ र

सतहमा देखिएका कुरा

राज्यहरुलाई सो बमोजिम गर्न आव्हान गर्दछ। शिक्षाले राष्ट्रहरु तथा सबै जातीय अथवा धार्मिक समूहहरु बीच समझदारी, सहनशीलता, शान्ति र मैत्रिपूर्ण सम्बन्धहरुलाई प्रवर्धन गर्नु पर्दछ र यी उद्देश्यहरु सम्बन्धी संयुक्त राष्ट्र संघका गतिविधिहरुको विकासलाई प्रोत्साहन प्रदान गर्नु पर्दछ। मानवअधिकार सम्बन्धी शिक्षा तथा सैद्धान्तिक तथा व्यवहारिक दुबै प्रकारका उपयुक्त सूचनाहरुको विस्तारले, कुनै किसिमको जाति, लिंग, भाषा अथवा धर्मको भेदभाव नगरी मानवअधिकारको प्रवर्धनमा तथा सम्मान प्रदर्शनमा, प्रमुख भूमिका निभाउँदछ। र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तर अन्तर्गत शैक्षिक नीतिहरुमा यसलाई संगठित पार्नु पर्दछ। यो विश्व सम्मेलनले जनाउँछ कि बाधाहरु सम्बन्धी बाधा अडकाउहरु तथा संस्थागत अपर्याप्ततालेगर्दा यी उद्देश्यहरुको शीघ्र पूर्ति हुनमा वाधा आउन सक्छ।

अनुच्छेद २१

त्यस्ता देशहरुलाई सहायता प्रदान गर्न बढी प्रयासहरु हुनु आवश्यक छ, जसले यस्ता अवस्थाहरु पैदा गर्न अनुरोध गरेका छन, जसले गर्दा प्रत्येक व्यक्तिले विश्वव्यापी मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरुको उपभोग गर्न सकोस। सरकारहरु संयुक्त राष्ट्र संघीय व्यवस्था तथा अन्य बहुव्यापी संगठनलाई आग्रह गरिन्छ कि यस्ता कार्यक्रमहरुमा साधनहरु पर्याप्त मात्रामा बृद्धि गरियोस, जसको उद्देश्य राष्ट्रिय विधान, राष्ट्रिय संस्थाहरु तथा सम्बन्धीत पूर्वाधारहरु, जसले कानूनी शासन र प्रजातन्त्र थामेका छन्, निर्वाचन सम्बन्धी सहायता, तालीम, अध्यापन तथा शिक्षाका माध्यमबाट मानवअधिकारको चेतना जागृत गर्ने, जनसहभागिता र सभ्य समाजको स्थापना गर्ने र सुदृढ पारोस्।

मानवअधिकारका लागि स्थापित केन्द्रहरु अन्तर्गत संचालित परामर्शदात्री सेवाहरु तथा प्राविधिक सहयोग सम्बन्धी कार्यक्रमहरुलाई सुदृढ बत्ताउनुको साथै बढी दक्ष तथा पारदर्शक बनाउनु आवश्यक छ, जसले गर्दा मानवअधिकार प्रति सम्मानमा बृद्धि हुन सकोस्। राष्ट्रहरुलाई आव्हान गरिन्छ कि संयुक्त राष्ट्र संघको साधारण बजेटबाट बृहद् मात्रामा बाडफाँटलाई बढाउन लगाई यी दुबैबाट यी कार्यक्रमहरुलाई प्रदान गरिने आफ्नो स्वेच्छिक अनुदानहरुमा बृद्धि गरियोस्।

अनुच्छेद २२

मानवअधिकारलाई प्रवर्धन र संरक्षण गर्ने संयुक्त राष्ट्र संघीय गतिविधिहरुको पूर्ण तथा प्रभावकारी कार्यान्वनमा, संयुक्त राष्ट्र संघको वडापत्रबाट तथा सदस्य राष्ट्रहरुबाट सुम्पिए बमोजिम संयुक्त राष्ट्र संघ मानवअधिकार सम्बन्धी गतिविधिहरुबाट माग भए बमोजिमको मानवअधिकारलाई उच्च महत्व प्रदान गरिएको प्रतिविम्बित हुनपर्छ। यस दिशातर्फ, संयुक्त राष्ट्र संघका मानवअधिकार सम्बन्धी गतिविधिहरुलाई बढ्दो मात्रामा साधनहरु उपलब्ध गराउनु पर्दछ। यो मानवअधिकार सम्बन्धी विश्व सम्मेलन राष्ट्रिय संस्थाहरुबाट मानवअधिकारको प्रवर्धन र संरक्षणका लागि महत्वपूर्ण तथा रचनात्मक भूमिका खेलेकामा खास गरेर सम्बन्धित अधिकारीहरुलाई उनीहरुबाट परामर्शदाताको हैसियतले, मानवअधिकार उल्लंघनहरुको निवारणार्थ उनीहरुबाट खेलिने भूमिका, तथा मानवअधिकार सम्बन्धी शिक्षालाई सुनिश्चित पार्ने ठहर गर्दछ।

मानवअधिकार सम्बन्धी विश्व सम्मेलन राष्ट्रिय संस्थाहरुको स्थापना र सुदृढिकरणलई प्रोत्साहित गर्दछ, जो "राष्ट्रिय संस्थाहरुको स्तर निर्धारण सम्बन्धी सिद्धान्तहरु" संग सम्बन्धित छ तथा जसले यो मान्दछ कि प्रत्येक राज्यको यस्तो ढाँचाको छनौट गर्ने अधिकार छ, जो राष्ट्रिय स्तरमा उसको खास आवश्यकताहरुको लागि सबभन्दा लाभदायक हुन्छ।

अनुच्छेद २४

मानवअधिकारको प्रवर्धन तथा संरक्षणमा क्षेत्रीय प्रवन्धहरुले मौलिक भूमिका निभाउँछ। अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी लेखपत्रहरुमा उल्लेख भए अनुसार र त्यसको संरक्षणको लागि उनीहरुबाट विश्वव्यापी मानवअधिकार सम्बन्धी मापदण्डहरुलाई बलियो तुल्याउनु पर्दछ। यो विश्व सम्मेलन, मानवअधिकारको प्रवर्धन तथा संरक्षणको लागि क्षेत्रीय उपक्षेत्रीय प्रवन्धहरुका स्थापनाको सम्भाव्यता उपर विचार गर्नु पर्ने कुरालाई जोड दिन्छ, जहाँ उनीहरुको अस्तित्व कायम रहेको पाइन्न।

अनुच्छेद २५

यो मानवअधिकार सम्बन्धी विश्व सम्मेलन अन्तर्गत सबै मानवअधिकारको प्रवर्धनमा तथा राष्ट्रिय, क्षेत्रिय तथा अन्तर्राष्ट्रिय मानवहित सम्बन्धी गतिविधिहरुमा गैर सरकारी संस्थाहरुको प्रमुख भूमिकालार्य महत्वपूर्ण मान्दछ। यो सम्मेलन मानवअधिकार सम्बन्धी जनभावना बढाउने तर्फ उनीहरुको योगदान, यस दिशातर्फ शिक्षा, तालीम र अनुसन्धानको संचालन तथा सबै मानवअधिकार तथा मौलिक स्वतन्त्रताको प्रवर्धन तथा संरक्षण तर्फको उनिहरुको योगदानलाई, सराहना गर्दछ। राष्ट्रहरुमाथि नै मापदण्ड निर्धारणको प्राथमिक अभिभारालाई स्वीकार गरिएता पनि यो सम्मेलन यो दिशा तर्फ गैर सरकारी संस्थाको योगदानलाई पनि आवश्यक सम्झन्छ। यस सम्वन्धमा, यो सम्मेलन, सरकारी तथा गैरसरकारी संस्थाहरु र मानवअधिकार सम्बन्धी क्षेत्रहरुमा निष्पक्ष ढंगले लागेका यिनका सदस्यहरुले सर्वमान्य घोषणा तथा राष्ट्रिय कानूनहरुको संरक्षणबाट मान्यताप्राप्त अधिकार र स्वतन्त्रताहरुलाई उपभोग गर्न सक्नु पर्छ। यी अधिकार र स्वतन्त्रताहरु संयुक्त राष्ट्र संघको प्रयोजन र सिद्धान्तहरु विपरीत लागू गरिनु हुन्न। गैर सरकारी संस्थाहरुले राष्ट्रिय कानून एवम् मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणाको ढाँचाभित्र, वाधा अड्काउ बेगर उनीहरुको मानवअधिकार सम्बन्धी गतिविधिहरुलाई अगाडि बढाउन स्वतन्त्र हुनु पर्दछ।

अनुच्छेद २६

मानवअधिकार तथा मानवहित सम्बन्धित विषयहरु बारे जवावदेह र निष्पक्ष सूचनाका उद्देश्यको महत्वलाई विशेष जोड दिदै, विश्व सम्मेलन, माध्यमको बढ्दो संलग्नतालाई प्रोत्साहित गर्दछ, जसको लागि स्वतन्त्रता र संरक्षण, राष्ट्रिय कानूनको ढाँचा भित्र, निश्चित हुनु पर्दछ।

प्रकरण : मूलतः डकुमेण्ट पीसी / ९८ मा "प्रकरणहरु १ र २ को बीचमा राखिनु पर्नै" मा समाविष्ट

सबैको लागि मानवअधिकार तथा मौलिक स्वतन्त्रताको पालना तथा त्यस प्रति विश्वव्यापी सम्मेलनको लागि संयुक्त राष्ट्र संघीय प्रणालिको प्रयास राष्ट्रहरुका बीच शान्ति तथा मैत्रीपूर्ण सम्बन्धहरुको लागि आवश्यक स्थिरता कायम गर्न तथा कल्याण गर्न योगदान गर्दछ र साथै संयुक्त राष्ट्र संघको वडापत्र अनुरुप शान्ति तथा सुरक्षा तथा सामाजिक र आर्थिक विकासको लागि वातावरणमा सुधार ल्याउँछ।

भाग तीन

I संयुक्त राष्ट्र संघीय प्रणाली अन्तर्गत मानवअधिकार सम्बन्धी बढी समन्वय

१. यो विश्व सम्मेलन संयुक्त राष्ट्र संघीय व्यवस्था अन्तर्गत मानवअधिकार तथा मौलिक स्वतन्त्रतालाई टेवा दिन बढी सहयोगको लागि सिफरिश गर्दछ। यस उद्देश्यको पूर्तिको लागि, यो विश्व सम्मेलन संयुक्त राष्ट्र संघका सबै भाग, अंग र विशेष माध्यमहरुलाई आग्रह गर्दछ, जसका गतिविधिहरु मानवअधिकारको सहयोगार्थ संचालित छन्, जसले गर्दा अनावश्यक दोहरिन जानेलाई निवारण गर्नु पर्ने आवश्यकतालाई ख्यालमा राखी उनीहरुका गतिविधिहरुलाई सुदृढ, युक्तिसंगत तथा प्रवाहित पार्न सकियोस्। यो विश्व सम्मेलन महासचिवलाई यो पनि सिफारिस गर्दछ कि सम्बन्धित संयुक्त राष्ट्र संघका अंग तथा विशेष माध्यमका उच्चस्तरिय अधिकृतले आफ्ना वार्षिक सभाहरुमा, आफ्नो गतिविधिहरुलाई समन्वित गर्नुको अतिरिक्त सबै मानवअधिकारको उपभोग सम्बन्धी आफ्ना रणनीति तथा नीतिहरुको प्रभावलाई समेत लेखाजोखा गर्ने गरोस्।

२. अझ बढी यो विश्व सम्मेलन क्षेत्रीय संगठनहरु तथा प्रमुख अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय आर्थिक तथा विकासोन्मुख संस्थाहरुलाई आव्हान गर्दछ कि मानवअधिकारको उपभोगमा अपनाइने नीति तथा कार्यक्रमको प्रभावको पनि लेखाजोखा गर्ने गरोस्।

यो विश्व सम्मेलन ठान्दछ कि संयुक्त राष्ट्र संघीय प्रणालीका सम्बन्धित विशेष माध्यमहरु, अंगहरु तथा संस्थाहरु र साथै अन्य सान्दर्भिक अन्तर सरकारी संस्थाहरुले जस्का गतिविधिहरुबाट मानवअधिकरहरुको संचालन हुन्छ, आफ्नो सापेक्षिक आज्ञापत्रहरु अन्तर्गत मानवअधिकारका मापदण्डहरुको रचना, प्रवर्धन तथा कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्दछ, साथै यिन्ले आफ्नो दक्षताको क्षेत्र भित्र विश्व सम्मेलनको परिणामलाई ध्यान दिनु पर्दछ।

४. यो विश्व सम्मेलन दृढतापूर्वक सिफारिश गर्दछ कि विश्वव्यापी स्वीकृतिको उद्देश्य राखी संयुक्त राष्ट्र संघीय प्रणालीको ढाँचा भित्र मान्यता प्राप्त मानवअधिकार सम्बन्धी सन्धि तथा कुटनैतिक शिष्टाचारहरुको समर्थन तथा प्रवेश अथवा उत्तराधिकारलाई प्रोत्साहित तथा सुविधाजनक गर्न एकत्रित रुपमा प्रयास हुनु आवश्यक छ।

यो विश्व सम्मेलन राज्यहरुलाई प्रोत्साहित गर्दछ कि उनीहरुले अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी लेखपत्रहरुमा राखिने कुनै आरक्षणहरुको विस्तारलाई सीमित गर्ने तर्फ विचार गरोस्, कुनै आरक्षणहरुको रुपरेखालाई जति सक्यो त्यति छोटकरी तथा साँगुरो पारोस्, यो निश्चित पारोस् कि सम्बन्धित संधिका उद्देश्य र तात्पर्यसित कसैको पनि हित प्रतिकूल छैन तथा कुनै पनि आरक्षणहरुको नियमित लेखाजोखा गरियोस, जसले गर्दा तिनीहरुलाई खारेज गर्न सकियोस्।

५. यो विश्व सम्मेलन, हाल मौजूद विश्व सम्मेलनका मापदण्डहरुको उच्च गुणस्तरलाई निरन्तर कायम राख्नु पर्ने आवश्यकतालाई मान्दै तथा मानवअधिकार सम्बन्धी लेखपत्रहरुको विस्तारलाई रोकथाम गर्न महासभाको प्रस्ताव नं. ४१/१२० मा निहित नया अन्तर्राष्ट्रिय लेखपत्रहरुको व्याख्यासंग सम्बन्धित मार्गदर्शनहरुलाई पुनः सुनिश्चित गर्ने ठहर गर्दछ तथा संयुक्त राष्ट्र संघका मानवअधिकार सम्बन्धी अंगहरुलाई आव्हान गर्दछ कि नया मापदण्डहरुको मस्यौदा गर्नु पर्ने आवश्यकता बारे मानवअधिकार सम्बन्धी सन्धिका अंगहरुसंग सोधपूछ गरियोस् तथा प्रस्तावित नया लेखपत्रहरुको प्राविधिक समीक्षा गर्न सचिवालयलाई अनुरोध गरियोस्।

७. यो विश्व सम्मेलन सिफारिस गर्दछ कि मानवअधिकार सम्बन्धी अधिकृतहरुलाई, कुनै बखत आवश्यक भए, सदस्य राज्यहरुको अनुरोधमा संयुक्त राष्ट्र संघका क्षेत्रीय कार्यलयहरुलाई सूचना प्रवाहित गर्ने उद्देश्यले तथा मानवअधिकार सम्बन्धी क्षेत्रमा तालीम एवम् अन्य प्राविधिक सहायता प्रदान गर्न जिम्मा दिनु पर्दछ।

८. यो विश्व सम्मेलन, सकारात्मक पहिलो पाइलोको रुपमा बोलाइएको मानवअधिकार सम्बन्धी आयोगको संकटकालिन अधिवेशनलाई स्वागत गर्दछ तथा वडापत्रको कडा उल्लंघनहरु तर्फ परिलक्षित अन्य तरिकाहरु उपर संयुक्त राष्ट्र संघीय व्यवस्थाका सम्बन्धित भागहरुबाट विचार गरियोस् भन्ने चाहन्छ।

साधनहरु

१. यो विश्व सम्मेलन, मानवअधिकार सम्बन्धी केन्द्रका गतिविधिहरुको संचालनको लागि उपलब्ध मानवीय, आर्थिक तथा अन्य साधनहरुका बीच बढ्दै गई रहेको विषमताबाट चिन्तित भई, संयुक्त राष्ट्र संघीय प्रमुख कार्यक्रमहरुको लागि आवश्यक पर्ने साधनहरुलाई ध्यानमा राखी, महासचिव र महासभालाई अनुरोध गर्दछ कि संयुक्त राष्ट्र संघको हाल मौजूद र भविष्यको साधारण वजेट भित्रबाट मानवअधिकार सम्बन्धी कार्यक्रमको लागि साधनहरुमा महत्वपूर्ण वृद्धिको लागि शीघ्र पाइला चालियोस्, तथा बढी मात्रामा फाजिल बजेट सम्बन्धी साधनहरुको खोजीमा पनि अविलम्व पाइला चालियोस्।

२. यस ढाँचा भित्र, साधारण बजेटको बढी मात्रा मानवअधिकार सम्बन्धी केन्द्रलाई सीधा वितरण गरिनु पर्दछ, जस्ले गर्दा यसका खर्चहरु र अन्य सम्पूर्ण खर्चहरु संयुक्त राष्ट्र संघका मानवअधिकार सम्बन्धी अंगहरुसंग सम्बन्धित खर्चहरु लगायत, मानवअधिकार सम्बन्धी केन्द्रले व्यहोर्नु पर्ने खर्चहरुको पूर्ति हुन सकोस्। केन्द्रका प्राविधिक सहयोग सम्बन्धित गतिविधिहरुलाई स्वेच्छापूर्वक कोष उपलब्ध गराउने कार्यबाट यो वृद्धि गरिएको बजेटलाई सबल गराउनु पर्दछ। यो सम्मेलन हाल मौजूद ट्रष्ट फण्डहरुमा उदारतापूर्ण अनुदानको लागि आव्हान गर्दछ।

३. यो विश्व सम्मेलन, मानवअधिकार सम्बन्धी केन्द्रलाई पर्याप्त मानवीय, आर्थिक तथा अन्य साधनहरु उपलब्ध गराउन महासिचव र महासभालाई अनुरोध गर्दछ, जस्ले गर्दा आफ्ना गतिविधिहरु प्रभावकारी तरीकाले, दक्षतापूर्वक र तदारुकताका साथ संचालन गर्न सक्षम हुन सकोस्।

४. यो विश्व सम्मेलन, यसलाई सुनिश्चित पार्नु पर्ने आवश्यकतालाई ध्यानमा कि अन्तर सरकारी अंगहरुबाट अख्तियार सुम्पिए बमोजिम मानवअधिकार सम्बन्धी गतिविधिहरुको संचालनको लागि मानवीय तथा आर्थिक साधानहरु उपलब्ध छन्, संयुक्त राष्ट्र संघको चार्टरको धारा १०१ अनुसार, महासचिव तथा सदस्य राज्यहरुलाई युक्तिसंगत निकट सम्पर्क कायम राख्न आग्रह गर्दछ, जसको उद्देश्य यो प्राप्त गर्नु हो कि बढी अख्तियारीबाट उपलब्ध हुने साधनहरु सचिवालयलाई वितरण गर्न सकियोस्। यो विश्व सम्मेलन महासचिवलाई यसमाथि विचार गर्न आव्हान गर्दछ कि कार्यक्रम बजेट चक्र सम्बन्धी विधिहरुलाई समायोजन गर्नु आवश्यक अथवा सहायक हुन सक्छ कि ? जसले गर्दा सदस्य राष्ट्रहरुले अख्तियारी प्रदान गरे बमोजिम मानवअधिकार सम्बन्धी गतिविधिहरुको सामयिक र प्रभावकारी कार्यान्वयनलाई निश्चित गर्न सकियोस्।

मानवअधिकार सम्बन्धी केन्द्र

१. यो विश्व सम्मेलन मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्र संघलाई बलियो पार्नु पर्ने महत्व माथि जोड दिन्छ।

२. मानवअधिकार सम्बन्धी केन्द्रले, मानवअधिकार माथि विधिवत् ध्यान दिनुपर्ने कुरालाई समन्वित गर्नमा, प्रमुख भूमिका खेल्नु पर्दछ। केन्द्रको मूख्य भूमिका सोही अवस्थामा राम्ररी बुझ्न सकिन्छ, जब यसलाई संयुक्त राष्ट्र संघका अन्य अंग र भागहरुसंग पूर्णरुपमा सहयोग गर्न सक्षम पारिनेछ। यो सम्मेलनले संयुक्त राष्ट्र संघबाट केही शान्ति कायम गर्नको लागि गरिने अभियानहरु सम्बन्धी खास व्यवस्था अन्तर्गत मानवअधिकारका अंगहरुको प्रमुख भूमिकालाई मान्दै यो सिफारिश गर्दछ कि, संयुक्त राष्ट्र संघको वडापत्र अनुरुप, महासचिवद्वारा मानवअधिकार सम्बन्धी केन्द्र तथा व्यवस्थाहरुका प्रतिवेदन, अनुभव तथा क्षमताहरु उपर ध्यान दिइयोस्। मानवअधिकार सम्बन्धी केन्द्रको समन्वय कायम गर्ने भूमिकाबाट पनि यो जानकारी प्राप्त हुन्छ कि न्यूयोर्कमा अवस्थित मानवअधिकार सम्बन्धी केन्द्रको कार्यालयलाई सुदृढ पारिएको छ।

३. मानवअधिकार सम्बन्धी केन्द्र, विषयगत तथा प्रादेशिक सम्वाददाताहरु, कार्यरत समूहहरु तथा सन्धिका अंगहरु सम्बन्धित प्रणालीको लागि प्रयाप्त साधनहरुको उपलब्धि बारे विश्वस्त हुनुपर्छ। सिफारिसहरुको कार्यान्वयनको लागि पछ्याउनु मानवअधिकार सम्बन्धी आयोगबाट विचार पुऱ्याउनु पर्ने प्राथमिक विषय हुनु पर्छ।

४. मानवअधिकार सम्बन्धी केन्द्रले मानवअधिकारको प्रवर्धनमा ठूलो भूमिका निभाउनु पर्दछ। यो भूमिका सदस्य राज्यहरुको सहयोग मार्फत तथा परामर्शदात्री सूवहरु तथा प्रविधिक सहायता सम्बन्धी बढी कार्यक्रमबाट मूर्तरुप दिन सकिन्छ। हाल मौजूद स्वेच्छिक कोषहरुलाई यी उद्देश्यहरुको पूर्तिको लागि गहकिलो तरीकाले विस्तारित गर्नुपर्छ र बढी दक्षतापूर्वक तथा समन्वयात्मक तरीकाले प्रवन्ध मिलाउनु पर्नेछ। सवै गतिविधिहरुले कडा तथा पारदर्शक परियोजना व्यवस्थापन सम्बन्धित नियमहरुलाई पालन गर्नु पर्दछ, नियमित कार्यक्रम तथा परियोजनाहरुको मूल्याङ्कन समय-समयमा गरिनु पर्दछ। केन्द्रले, खास लवरले, यी परियोजना तथा कार्यक्रमहरुसंग सीधा सम्बन्धित सवै सदस्य राष्ट्रहरु तथा संगठनहरुको लागि खुल्ला हुने सूचना सभाहरुको कम्तिमा वर्षमा एक पटक प्रवन्ध गर्नु पर्दछ।

मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय उच्च आयुक्तको स्थापना सम्बन्धी प्रश्न लगायत मानवअधिकार सम्बन्धी राष्ट्रका साधनलाई संयोजन गर्ने तथा बलियो पार्ने

१. सवै मनिसहरुको लागि संतुलित तथा सम्हाल्न सकिने ढाँचा अन्तर्गत र हालका घोषणामा प्रतिविम्बित भए बमोजिम, यो विश्व सम्मेलन, मानवअधिकारको प्रवर्धन तथा संरक्षण सम्बन्धी हालको र भविष्यको आवश्यकताको लागि संयुक्त राष्ट्र संघको मानवअधिकार सम्बन्धी साधन ९:बअजल्लभचथ० को निरन्तर संयोजन गर्नुपर्ने आवश्यकतालाई स्वीकार गर्दछ। खास गरेर, संयुक्त राष्ट्र संघका मानवअधिकार सम्बन्धी अंगहरुले आफ्नो समन्वय, दक्षता तथा प्रभावकारितामा बृद्धि गर्दै लग्नु पर्छ।

२. मानवअधिकार सम्बन्धी यो विश्व सम्मेलनले महासभालाई यो सिफारिस गर्दछ कि आफ्नो अड्चालिसौं अधिवेशनमा सम्मेलनको प्रतिवेदनलाई परीक्षण गर्दा सवै मानवअधिकारको प्रवर्धन तथा संरक्षणको लागि उच्च आयुक्तको स्थापना सम्बन्धी प्रश्नलाई उसले प्राथमिक ध्यान दिनु पर्ने विषय सम्झी कार्यारम्भ गरोस्।

II समानता, मर्यादा तथा सहिष्णुता

(क) जातिवाद, जातीय भेदभाव, विदेशीहरु प्रति घृणा तथा अन्य प्रकारका असहनशीलता

१. यो विश्व सम्मेलन जातिवाद र जातीय भेदभावको समाप्ति, रंगभेद अथवा जातीय श्रेष्ठता वा वहिष्कारको प्रवृति अथवा जातिवादको समसामयिक रुप र अविर्भावहरु सम्बन्धी सिद्धान्तहरु, अन्तर्राष्ट्रिय समुदायको लागि प्राथमिक उद्देश्यको रुपमा तथा मानवअधिकार सम्बन्धित क्षेत्रमा विश्वव्यापी प्रवर्धन कार्यक्रमको रुपमा, विचार गर्दछ। संयुक्त राष्ट्र संघका अंग तथा निकायहरुले यस्ता कारवाहीका कार्यक्रमको कार्यान्वयन तर्फ आफ्ना प्रयासहरु बलियो पार्नु पर्छ, जसको सम्बन्ध जतिवाद र जातीय भेदभावलाई परास्त गर्ने तथा सोही दिशातर्फ तत्पश्चातका आदेशात्मक अख्तियारीहरु सम्बन्धी तेश्रो दशकसंग छ।

२. यो विश्व सम्मेलन सवै सरकारहरुलाई आग्रह गर्दछ कि दण्डनीय कारवाहीहरु तथा यस किसिमका वारदातहरुलाई परास्त गर्न राष्ट्रिय संस्थाहरुको स्थापनाबाट समेत, सवै जातिवाद, विदेशीहरु प्रति घृणा अथवा सम्बन्धित असहनशीलताको जहाँ आवश्यकता देखिए उपयुक्त कानून बनाई, सवै प्रकारको रुप र आविर्भावहरुलाई रोकथाम र परास्त गर्न दरिलो नीतिहरुको विकास तथा शीघ्रगामी कदमहरु उठावस्।

३. यो विश्व सम्मेलन मानवअधिकार सम्बन्धी आयोगको, सूप्रसामयिक रुपमा जातिवाद, जातीय भेदभाव, विदेशीहरु प्रति घृणा र सम्बन्धित असहनशिलता सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनका पक्षहरु हुन्, कि सम्मेलनको धारा १४ अन्तर्गत घोषणा गर्ने बारे विचार गरोस्।

४. यो विश्व सम्मेलन सवै

सतहमा देखिएका कुरा

सरकारहरुलाई आव्हान गर्दछ कि उनीहरुको अन्तर्राष्ट्रिय दायित्व अनुरुप तथा उनीहरुका सान्दर्भिक कानूनी प्रणालीहरुलाई यथोचित सम्मान गर्दै सबै उपयुक्त कारवाहीहरु गरियोस्, जसले गर्दा धर्म अथवा विश्वासमा आधारित असहनशीलता र सम्बन्धित हिंसाको प्रतिवाद हुन सकोस्। साथै, महिलाहरुको विरुद्ध भेदभाव सम्बन्धी गतिविधिहरु तथा धार्मिक स्थलहरुलाई अपवित्र पार्ने गतिविधिहरुलाई समेत प्रतिवाद गरियोस्। यो समझदारी कायम राख्नु आवश्यक छ कि प्रत्येक व्यक्तिलाई विचार, विवेक प्रयोग, अभिव्यक्ति र धर्म सम्बन्धी स्वतन्त्रताको अधिकार छ। यो सम्मेलन सबै राज्यहरुलाई, सबै प्रकारका असहनशीलताको समाप्ति सम्बन्धी घोषणा तथा धर्म अथवा विश्वासमा आधारित भेदभाव सम्बन्धी व्यवस्थाहरुलाई कार्यान्वित गर्न आव्हान गर्दछ।

५. यो विश्व सम्मेलन यस माथि जोड दिन्छ कि सबै मानिसहरु, जो जातीय शुद्धिकरणसंग सम्बन्धित अपराधपूर्ण कार्यहरु गर्दछन् अथवा गराउन लगाउँदछन्, व्यक्तिगतरुपले जिम्मेवार छन्, र यस किसिमका मानवअधिकार सम्बन्धी उल्लंघनको लागि उत्तरदायी छन्। अन्तर्राष्ट्रिय समुदायले, यस्ता न्यायको उल्लंघनका लागि कानूनी दृटिले जिम्मेवार हुनेहरुलाई सम्मुख ल्याउन हरसम्भव प्रयास गर्नु पर्दछ।

६. यो विश्व सम्मेलन सबै राज्यहरुलाई आव्हान गर्दछ कि व्यक्तिगत तथा सामूहिकरुपमा जातीय शुद्धिकरणसंग सम्बन्धित अभ्यासहरुलाई प्रतिवाद गरियोस्, जसले गर्दा यसको शीघ्र समाप्ति हुन सकोस। जातीय शुद्धिकरणसंग सम्बन्धित यस्ता घृणित कार्यबाट पीडित व्यक्तिहरु उपयुक्त तथा प्रभावकारी रुपमा कष्ट निवारणको भागी छन्।

ख. राष्ट्रीय, जातीय, धार्मिक तथा भाषागत अल्पसंख्याका मानिसहरु सम्बन्धी

१. यो विश्व सम्मेलन मानवअधिकार सम्बन्धी आयोगलाई आव्हान गर्दछ कि मानिसको त्यो अधिकार प्रभावकारी ढंगले प्रवर्धन तथा संरक्षण गर्ने तरिका तथा विधिहरुको परीक्षण गरोस्, जसको सम्बन्ध अल्पसंख्यकहरु सित पर्दछ र जो संयुक्त राष्ट्र संघको राष्ट्रिय अथवा जातीय, धार्मिक तथा भाषागत अल्पसंख्याका मानिहरुको अधिकार सम्बन्धी घोषणापत्रमा उल्लेख गरिएको छ।

२. यो विश्व सम्मेलन राष्ट्रहरु तथा अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्दछ कि यस्ता मानिसहरुको अधिकारलाई प्रवर्धन तथा संरक्षण गरियोस्, जसको सम्बन्ध संयुक्त राष्ट्रको राष्ट्रिय अथवा जातीय, धार्मिक तथा भाषागत अल्पसंख्यका मानिसका अधिकारसंग सम्बन्धित घोषणापत्र अनुरुप राष्ट्रिय अथवा जातीय, धार्मिक तथा भाषागत अल्पसंख्यक सम्बन्धी मानिसहरुसंग पर्दछ।

३. उपयुक्त देखिए बमोजिम गर्नुपर्ने कारवाहीहरुमा, समाजको सबै किसिमका राजनैतिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक क्षेत्रहरुमा उनीहरुको पूर्ण सहभागितालाई सुविधाजनक पारिएको हुनु पर्छ।

आदिबासी

१. यो विश्व सम्मेलन, भेदभावहरुलाई रोकथाम गर्ने तथा अल्पसंख्यकहरुको संरक्षण गर्ने सम्बन्धी उप-आयोगको नागरिक सम्बन्धी कार्यरत समूहलाई आव्हान गर्दछ कि आफ्नो एघारौं सत्रमा नागरिक अधिकारहरुसित सम्बन्धित घोषणापत्रको मस्यौदालाई पूरा गरोस्।

२. यो विश्व सम्मेलन सिफारिस गर्दछ कि मानवअधिकार सम्बन्धी आयोगले आदिबासीहरु सम्बन्धी कार्यरत समूहका आज्ञापत्रको नवीकरण तथा अद्यावधिकारण बारे स्वदेशी जनता सम्बन्धी घोषणापत्रको मस्यौदालाई पूरा गर्नुपर्दा, विचार गरोस्।

३. यो विश्व सम्मेलनले यो पनि सिफारिस गर्दछ कि संयुक्त राष्ट्र संघीय प्रणाली अन्तर्गत परामर्शदात्री सेवाहरु तथा प्रविधिक सहायता सम्बन्धी कार्यक्रमहरुले, राज्यहरुले सहायताको लागि गर्ने अनुरोधहरुप्रति, सकारात्मक प्रतिक्रिया प्रदान गरोस, जस्को सीधा लाभ स्वदेशी जनताले हासिल गर्न सकून्।

४. यो विश्व सम्मेलन राज्यहरुलाई आग्रह गर्दछ कि समाजका सबै क्षेत्रमा आदिबासीको पूर्ण तथा स्वतन्त्र सहभागितालाई निश्चित पारियोस्, खास गरेर यस्ता विषयहरुमा, जो उनीहरुसंग सम्बन्धित छन्।

५. यो विश्व सम्मेलन सिफारिस गर्दछ कि महासभाले विश्वका आदिबासीको अन्तर्राष्ट्रिय दशकको घोषणा गरोस्, जो जनवरी १९९४ देखि कार्यमूलक कार्यक्रमहरु सहित प्रारम्भ हुनेछ र जसको निर्णय स्वदेशी जनताहरुको सहभागितामा हुनुपर्छ। एउटा उपयुक्त स्वेच्छिक ट्रष्ट कोष यस उद्देश्यको पूर्तिको लागि स्थापना हुनु पर्छ। यस्तो ढाँचा अन्तर्गत संयुक्त राष्ट्र संघीय प्रणाली अन्तर्गत आदिबासीहरुका लागि एउटा स्थायी भेटघाट गर्ने मञ्चको स्थापनाबारे विचार हुनु पर्दछ।

बसाई सरेका श्रमिकहरु

यो विश्व सम्मेलन सबै राज्यहरुलाई सबै बसाई सर्ने श्रमिकहरु तथा उनको परिवारहरुका मानवअधिकारको संरक्षणलाई निश्चित गर्न आग्रह गर्दछ।

यो विश्व सम्मेलन ठहर गर्दछ कि बसाई सर्ने श्रमिकहरु र समाजका बाँकी भाग - जहाँ यी श्रमिकहरु बस्दछन् - का बीच बढी मेलमिलाप तथा सहिष्णुता पैदा गर्ने अवस्थाको श्रृजना गरिनु विशेष महत्व राख्दछ।

यो विश्व सम्मेलन राज्यहरुलाई अनुरोध गर्दछ कि सबै बसाई सर्ने श्रमिकहरु र उनका परिवारहरुका अधिकारहरु सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन बारे सम्भवतः शीघ्रातिशीघ्र दस्तखत गर्ने तथा समर्थन गर्ने सम्भावना उपर विचार गरियोस्।

ग. महिलाहरुको समानस्तर तथा मानवअधिकार

१. यो विश्व सम्मेलन महिलाहरुबाट सबै मानवअधिकारको पूरा समान उपभोग गराउन अनुरोध गर्दछ र यो क्रिया सरकारहरु तथा संयुक्त राष्ट्र संघको लागि प्राथमिक हुनु पर्दछ। यो विश्व सम्मेलन महिला हरुको माध्यम र लाभ हासिल गर्ने, दुवै रुपमा, विश्वासका प्रक्रिया अन्तर्गत संगठन तथा पूर्ण सहभागिताको महत्वलाई विशेष जोड दिन्छ। र रिओ घोषणापत्र एजेण्डा २१ को च्याप्टर २४ मा अन्तर्निहित महिलाहरुको लागू गर्न सकिने तथा न्यायोचित विकास सम्बन्धी विश्वव्यापी कारवाहीलाई स्थापित गर्ने उद्देश्यहरुलाई, पुनः प्रस्तुत गर्दछ।

२. महिलाहरुको समानस्तर तथा मानवअधिकार संयुक्त राष्ट्र संघीय प्रणाली सम्बन्धी गतिविधि अन्तर्गतको मूल धारामा समाहित हुनु पर्दछ। यी प्रश्नहरु, तत्सम्बन्धित संयुक्त राष्ट्र संघीय संचारको माध्यम तथा व्यवस्थाहरुमा पूर्ण रुपले नियमित तथा व्यवस्थित रुपमा, सम्बोधित हुनु पर्दछ। खास तौरले, महिलाहरुको स्तर सम्बन्धी आयोग, मानवअधिकार सम्बन्धी आयोग, महिलाहरु विरुद्धका सबै प्रकारको भेदभावको समाप्ति सम्बन्धी समिति, युनिफेम, संयुक्त राष्ट्र संघ विकास कार्यक्रम तथा अन्य संयुक्त राष्ट्र संघका माध्यमहरुका बीच सहयोगमा बृद्धि गर्ने र उद्देश्य तथा लक्ष्यहरुलाई अझ बढी प्रवर्धन गर्न कारवाहीहरु गरिनु पर्छ। यस सन्दर्भमा, मानवअधिकार सम्बन्धी केन्द्र तथा महिलाहरुको प्रगतिको लागि गठित डिभिजन बीच सहयोग र समन्वयलाई बलियो पार्नु पर्छ।

३. खास गरेर, यो विश्व सम्मेलनले निम्न विषयहरु उपर जोड दिन्छः- (१) सार्वजनिक र निजी जीवनमा महिलाहरुको विरुद्ध हिंसालाई समाप्त गर्न गरिने कारवाहीको महत्व, (२) सबै किसिमको लैंगिक प्रताडनको समाप्ति, (३) महिलाहरुको बेचबिखन र शोषणको समाप्ति, (४) न्यायिक प्रशासनमा लैंगिक पक्षपातको समाप्ति र (५) कुनै पनि यस्ता झगडाहरुलाई समूल समाप्त गर्ने जो महिलाहरुको अधिकार तथा केही परम्परागत अथवा प्रचलित रीतिरिवाजहरु, सांस्कृतिक दुराग्रहहरु र धार्मिक कट्टरता बीच उत्पन्न हुन सक्दछ। यो विश्व सम्मेलन महासभालाई आव्हान गर्दछ कि महिलाहरुको विरुद्ध हिंसा सम्बन्धित घोषणापत्रको मस्यौदालाई स्वीकृति प्रदान गरियोस् र राष्ट्रहरुलाई अनुरोध गर्दछ कि महिलाहरुको विरुद्ध हिंसालाई यस सम्बन्धी व्यवस्थाहरु अनुसार युद्धस्तरमा विरोध गरियोस्। सशस्त्र संघर्षका अवस्थाहरुमा महिलाहरुका मानवअधिकारको उल्लंघन अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानव हित सम्बन्धी कानूनका मौलिक सिद्धान्तहरुको उल्लंघन हो। यस किसिमका सबै उल्लंघनहरुलाई निवारणार्थ, खास गरेर हत्या, नियोजित बलात्कार लैंगिक दासता, तथा बल प्रयोगबाट गर्भधारण लगायत, विशेष तवरले प्रभावकारी प्रतिक्रिया हुनु आवश्यक छ।

४. यो विश्व सम्मेलन, मान्छेहरुका विरुद्ध सबै किसिमको भेदभावको गुप्त अथवा प्रकट दुवै रुपमा, समूल समाप्तिको लागि अनुरोध गर्दछ। संयुक्त राष्ट्र संघले सन् २००० सम्ममा महिलाहरुका विरुद्ध सबै किसिमका भेदभावको समाप्तिको लागि सम्मेलनका सबै राष्ट्रहरुबाट विश्वव्यापी समर्थनको लक्ष्यलाई प्रोत्साहित गर्नु पर्दछ। विशेष रुपले ठूलो संख्यामा आरक्षणहरु सम्बन्धित तरिका र साधनहरुको सम्मेलनमा चर्चा गर्न प्रोत्साहित गर्नु पर्दछ। भनाईको तात्पर्य के भने महिलाहरुको विरुद्ध सबै किसिमका भेदभावको समाप्ति सम्बन्धी सम्मेलनले सम्मेलन आरक्षणहरुको आफ्नो समीक्षालाई निरन्तर जारी राख्नु पर्दछ। राष्ट्रहरुलाई त्यस्ता आरक्षणहरुलाई खारेज गर्न अनुरोध गरिन्छ, जो सम्मेलनको उद्देश्य र अभिप्रायको विपरीत छन् अथवा जो अन्तर्राष्ट्रिय सन्धि सम्बन्धी कानूनको अनुकूल छैन।

५. सन्धि सुपरिवेक्षण गर्ने अंगहरुले आवश्यक सूचनाहरु प्रवाहित गर्नु पर्दछ, जसले गर्दा महिलाहरुले उनीहरुका मानवअधिकार तथा समानताको पूर्ण र समान उपभोगको प्रयास तर्फ हाल मौजूद कार्यान्वयनका विधिहरुको बढी प्रभावकारी प्रयोग गर्न

सक्षम हुन सकोस् । महिलाहरुको समानता तथा महिलाहरुका मानवअधिकार प्रतिको प्रतिवद्धताको कार्यान्वयनलाई बलियो पार्न नयाँ तरिकाहरुलाई अपनाउनु आवश्यक छ । महिलाहरुको स्तर सम्बन्धी आयोग तथा महिलाहरु विरुद्धका सबै प्रकारको भेदभावको समाप्ती सम्बन्धी समतिले महिलाहरुका विरुद्ध सबै किसिमको भेदभावको समाप्ति सम्बन्धी सम्मेलनको इच्छाधीन कूटनैतिक सन्धिपत्रको प्रथम मस्यौदा तैयार गरी दर्खास्त दिने अधिकार प्रयोगमा ल्याउन सकिने सम्भाव्यतालाई यथाशीघ्र जाँच्नु पर्दछ । यो विश्व सम्मेलन मानवअधिकार सम्बन्धी आयोगको यो निर्णयलाई स्वागत गर्दछ, जसबाट आफ्नो पचासौं अधिवेशनमा महिलाहरुका विरुद्ध हिंसा सम्बन्धी विशेष सम्बन्ध कायम राख्न अभिलेख राख्ने अधिकारीको नियुक्ति बारे विचार गरिनेछ ।

६. यो विश्व सम्मेलन महिलाहरुबाट आफ्नो जीवन पर्यन्त शारीरिक तथा मानसिक स्वास्थ्यको उच्च स्तर कायम राख्नु पर्ने कुराको महत्वलाई मान्दछ । महिलाहरु सम्बन्धी विश्व सम्मेलन तथा महिलाहरुका विरुद्ध सबै किसिमका भेदभावको समाप्ति सम्बन्धी सम्मेलन र साथै १९६८ को तेहरान सम्मेलनको सन्दर्भमा, यो विश्व सम्मेलन, स्त्री र पुरुषको बीच समानताको आधारमा, साथै एउटा महिलाको पहुँच हुन सक्ने जति तथा स्वास्थ्यको पर्याप्त हेरचाहको अधिकार तथा परिवार नियोजन सेवाको विस्तृत क्षेत्र र सबै स्तरहरुमा शिक्षामा समान प्रवेशको अधिकार समेतलाई पुनः समर्थन गर्दछ ।

७. सन्धि सुपरिवेक्षण गर्ने अंगहरुले लिङ्ग सम्बन्धी तथ्याङ्कहरुलाई प्रयोगमा ल्याई आफ्नो विवेचना तथा ठहरहरुमा महिलाहरुको वस्तुस्थिति तथा महिलाहरुका अधिकारहरुलाई समावेश गर्नु पर्दछ । राज्यहरुलाई सन्धि सुपरिवेक्षण गर्ने निकायमा प्रस्तुत गरिने प्रतिवेदनहरुमा महिलाहरुको कानूनी तथा वास्तविक अवस्थाको जानकारी गराउन प्रोत्साहित गरिनु पर्दछ । यो विश्व सम्मेलन चित्त बुझिने गरी यो जनाउँदछ कि मानवअधिकार सम्बन्धी सम्मेलनले आफ्नो उनन्चासौं अधिवेशनमा एउटा प्रस्ताव पारित गरेको थियो । प्रस्तावमा यो उल्लेख छ कि मानवअधिकार सम्बन्धी क्षेत्रमा सम्पर्क कायम गर्न तथा कार्यरत समूहहरुलाई पनि सोही गर्न प्रोत्साहित गर्नु पर्दछ (प्रस्तावः १९९३/४६) । डिभिजनबाट संयुक्त राष्ट्र संघका अन्य निकायहरुको सहयोगमा महिलाहरुको प्रगतिको लागि खास गरेर मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्र संघले कारवाही गर्नु पर्दछ, यो निश्चित गर्नको लागि कि संयुक्त राष्ट्र संघका मानवअधिकार सम्बन्धी गतिविधिहरुले महिलाहरुका मानवअधिकारको उल्लंघनको खास किसिमका लैंगिक दुरुपयोगहरु सहित, नियमित रुपमा चर्चा हुनु पर्दछ । संयुक्त राष्ट्र संघका मानवअधिकार तथा मानवीय हित सम्बन्धी राहत दिने कर्मचारीहरु, खास गरेर महिलाहरु सम्बन्धी मानवअधिकारको दुरुपयोगको जानकारी प्राप्त गर्ने तथा संचालन गर्ने कार्यमा सहयोग गर्ने आफ्नो कार्यलाई प्रोत्साहित गरिनु पर्दछ ।

८. यो विश्व सम्मेलन सरकारहरु तथा क्षेत्रिय र अन्तर्राष्ट्रिय संस्थाहरुलाई अनुरोध गर्दछ कि निर्णय गर्नु पर्ने पक्षहरुमा महिलाहरुको प्रवेश तथा निर्णय गर्नुपर्ने प्रक्रियाहरुमा उनीहरुको बढी मात्रामा सहभागितालाई सुविधाजनक पारियोस् । संयुक्त राष्ट्र संघको वडापत्र अनुरुप संयुक्त राष्ट्र संघ सचिवालयमा महिला कर्मचारीहरुको नियुक्ति तथा पदोन्नति गर्न अरु बढी कारवाहीलाई यसले प्रोत्साहित गरोस् र संयुक्त राष्ट्र संघका अन्य प्रमुख तथा सहायक अंगहरुलाई प्रोत्साहित गरोस् कि समान अवस्था अन्तर्गत महिलाहरुको सहभागितालाई निश्चित गरियोस् ।

९. यो विश्व सम्मेलन १९९५ मा बेजिंगमा सम्पन्न हुने महिलाहरु सम्बन्धी विश्व सम्मेलनलाई स्वागत गर्दछ र अनुरोध गर्दछ कि महिलाहरुका मानवअधिकार बारे छलफल कार्यक्रमहरुमा समानता, विकास तथा शान्तिका सम्मेलनका प्राथमिक उद्देश्यहरु अनुरुप, प्रमुख भूमिका खेलिनु पर्दछ ।

घ. बाल अधिकारहरु

१. यो विश्व सम्मेलन "केटाकेटीहरुको लागि प्रथम आव्हान" यो सिद्धान्तलाई दोहोऱ्याउँदछ र यस सम्बन्धमा बृहद् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरुको महत्वलाई जोड दिन्छ । खास गरेर यसलाई जो संयुक्त राष्ट्र केटाकेटीहरुको कोष सम्बन्धित हुन् तथा जो अस्तित्व, संरक्षण, विकास तथा सहभागिता सम्बन्धी केटाकेटीका अधिकारहरु प्रतिको सम्मानलाई बढावा दिने सित सम्बन्धित हुन् ।

२. १९९५ सम्ममा केटाकेटीका अधिकारहरु सम्बन्धी सम्मेलनको विश्वव्यापी समर्थन प्राप्त गर्न र विश्व शिखर घोषणा पत्र तथा कार्य योजनामा विश्वव्यापी दस्तखत गराउन र साथै त्यसको प्रभावकारी कार्यान्वयनको लागि क्रियाशील हुनु पर्दछ । यो विश्व सम्मेलन, सम्मेलनको उद्देश्य र अभिप्राय विपरित, अथवा जो अन्यथा अन्तर्राष्ट्रिय सन्धि वा कानूनका विपरित छन्, केटाकेटीका अधिकारहरु सम्बन्धी सम्मेलनका आरक्षणहरुलाई हटाउन राज्यहरुलाई अनुरोध गर्दछ ।

३. यो विश्व सम्मेलन सबै राष्ट्रहरुलाई अनुरोध गर्दछ कि विश्व कार्ययोजना अन्तर्गत लक्ष्य प्राप्तिको लागि, अन्तर्राष्ट्रिय सहयोगबाट प्राप्त सहारा सहित आफ्ना उपलब्ध साधनहरुलाई अधिकतम मात्रामा प्रयोग गर्दै पाइलो चालियोस् । यो सम्मेलन राष्ट्रहरुलाई आव्हान गर्दछ कि आफ्नो राष्ट्रिय कार्ययोजनामा केटाकेटीका अधिकारहरु सम्बन्धी सम्मेलनलाई योथोचित कार्यार्थ जोडियोस् । यी राष्ट्रिय कार्य योजनाहरुको माध्यमबाट तथा अन्तर्राष्ट्रिय प्रयासहरु मार्फत शिशु तथा आमाको मृत्युदर कम गर्न, कुपोषण तथा निरक्षरताको दर घटाउन र स्वच्छ खानेपानी तथा आधारभूत शिक्षामा प्रवेश उपलब्ध गराउन विशेष रुपमा प्राथमिकता दिई काम गरिनु पर्दछ । जहिले सुकै भए पनि यसरी आव्हान गरिंदा, राष्ट्रिय कार्य योजनाको परिकल्पना गर्नु पर्दछ, जसले गर्दा प्राकृतिक प्रकोपहरु तथा सशस्त्र संघर्षहरु तथा निरपेक्ष गरिबी अन्तर्गत केटाकेटीहरु सम्बन्धी भीषण समस्याबाट उत्पन्न हुने विध्वंशात्मक संकटकालहरुको सामना गर्न सकियोस् ।

४. यो विश्व सम्मेलन सबै राज्यहरुलाई अनुरोध गर्दछ कि अन्तर्राष्ट्रिय सहयोगको आधार लिई केटाकेटीहरुको चर्को समस्यालाई विशेष कठिन अवस्था अन्तर्गत सम्बोधित गरियोस् । केटाकेटीहरुको शोषण र दुरुपयोगलाई त्यसको मूल कारणहरुको चर्चा सहित सक्रियतापूर्वक विरोध गरिनु पर्दछ । बालिका शिशु हत्या, हानीकारक बालश्रम, केटाकेटीहरु तथा शारीरिक अंगहरुको विक्री, बाल वेश्याबृत्ति, बालबालिकाको यौन दुरुपयोग तथा अन्य प्रकारका लैंगिक दुर्व्यवहारहरु विरुद्ध प्रभावकारी पाइलो चालिनु पर्दछ ।

५. यो विश्व सम्मेलन बालिकाहरुका मानवअधिकारको प्रभावकारी संरक्षण तथा सम्वर्द्धन निश्चित गर्न संयुक्त राष्ट्र संघबाट तथा यसका विशिष्ट निकायबाट गरिने सबै कारवाहीहरुलाई समर्थन गर्दछ । यो विश्व सम्मेलन राष्ट्रहरुलाई आग्रह गर्दछ कि हाल मौजूद कानून र नियमहरुलाई रद्द गरियोस् तथा रीतिरिवाज र प्रयोगहरुलाई हटाइयोस्, जसले बालिकाहरुका विरुद्ध भेदभाव गर्दछ र उनीहरुको हितमा आघात पुऱ्याउँदछ ।

६. यो विश्व सम्मेलन यो प्रस्तावलाई दृढतापूर्वक समर्थन गर्दछ कि महासचिवद्वारा सशस्त्र संघर्षका बखत केटाकेटीको संरक्षणमा सुधार ल्याउने विधिहरुको अध्ययनको लागि पहल गरिनेछ । मानवीय हित सम्बन्धी मापदण्डहरुलाई कार्यान्वित गर्नु पर्दछ र कारवाहीहरु गरिनु पर्दछ जसले गर्दा युद्ध क्षेत्रहरुमा केटाकेटीहरुलाई गरिने सहायतालाई संरक्षित र सुविधाजनक पार्न सकियोस् । कारवाहीहरु अन्तर्गत युद्धका सबै हात हतियारको श्रविवेकपूर्ण प्रयोगको विरुद्ध केटाकेटीहरुको संरक्षण समावेश हुनु पर्दछ । युद्धबाट आहत भई पछि हेरचाहको तथा पुनर्वासको आवश्यकता पर्ने केटाकेटीहरु तर्फ शीघ्रातिशीघ्र ध्यान जानु पर्दछ । यो सम्मेलन केटाकेटीका अधिकारहरु सम्बन्धी आयोगलाई आव्हान गर्दछ कि सशस्त्र सैनिकहरुमा भर्तीको न्यूनतम उमेरलाई बढाउनु पर्ने प्रश्नलाई अध्ययन गरोस् ।

७. यो विश्व सम्मेलन सिफारिस गर्दछ कि मानवअधिकार सम्बन्धी कुराहरु तथा केटाकेटीहरुको परिस्थितिलाई नियमित लेखाजोखा गरिनु पर्दछ तथा सम्बन्धित संयुक्त राष्ट्र संघीय व्यवस्था सम्बन्धी अंग तथा व्यवस्थाहरुबाट तथा विशिष्ट निकायहरु सम्बन्धी सुपरिवेक्षण गर्ने निकायहरुबाट उनीहरुका आदेशहरु अनुरुप सुपरिवेक्षण हुनु पर्दछ ।

८. यो विश्व सम्मेलन सबै मानवअधिकार सम्बन्धी लेखपत्रहरु र खास गरेर केटाकेटीका अधिकारहरु सम्बन्धी सम्मेलनको प्रभावकारी कार्यान्वयनमा गैरसरकारी संस्थाहरुबाट खेलिने प्रमुख भूमिकालाई मान्दछ ।

९. यो विश्व सम्मेलन सिफारिस गर्दछ कि केटाकेटीका अधिकारहरु सम्बन्धी समितिलाई मानवअधिकार सम्बन्धी केन्द्रको सहायता प्राप्त गरी यसका आदेशहरुलाई शीघ्र तथा प्रभावकारी ढंगले लागु गर्न सक्षम पार्नु पर्दछ, खास गरेर देशका प्रतिवेदनहरुको अप्रत्याशित मात्रामा समर्थन तथा तत्पश्चात प्रस्तुति भएको देख्दा यसको आवश्यकता अझ बढी महसूस हुन्छ ।

घ. यातनाबाट मुक्ति

यो विश्व सम्मेलन, यातना तथा अन्य निर्दयी अमानवीय अथवा होच्याउने व्यवहार अथवा सजायको विरुद्ध सम्मेलनका सदस्य राज्यहरुबाट अनुसमर्थन गरिएकोमा स्वागत गर्दछ ।

यो विश्व सम्मेलन जोड दिन्छ कि मानवीय मर्यादाको विरुद्ध एउटा अत्यन्तै बढी अत्याचारपूर्ण उल्लंघन, यातना दिने क्रिया हो जसको परिणामबाट पीडितहरुको मर्यादाको विनाश हुन्छ र उनीहरुको जीवन र गतिविधिहरु संचालन गर्ने क्षमतालाई कमजोर पार्दछ ।

यो विश्व सम्मेलन पुनः पुष्टि गर्दछ कि मानवअधिकार सम्बन्धी कानून र मानव हित सम्बन्धी कानून अन्तर्गत यातनाबाट एउटा अधिकार हो, जो आन्तरिक अथवा अन्तर्राष्ट्रिय गडबडी अथवा सशस्त्र

संघर्षका बखत लगायत सबै अवस्थाहरुमा संरक्षित हुनु पर्दछ ।

अतः यो विश्व सम्मेलन सबै राष्ट्रहरुलाई अनुरोध गर्दछ कि यातनाको प्रयोगलाई शीघ्र अन्त गरियोस् र यो अनिष्टलाई मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्रको पूर्ण कार्यान्वयनबाट र साथै सम्बन्धित सम्मेलनहरु तथा जहाँ आवश्यक देखिन्छ, हाल मौजूद व्यवस्थाहरुलाई बलियो पारी समूल समाप्त गरियोस् ।

संयुक्त राष्ट्र संघको महासभाबाट स्वीकृत "स्वास्थ्य कर्मीहरुको भूमिका खास गरेर यातना तथा अन्य निर्दयी, अमानवीय अथवा होच्याउने व्यवहार अथवा सजाय विरुद्ध कैदीहरु र थुनुवाहरुको सुरक्षार्थ तैनाथ चिकित्सकहरु, सम्बन्धित ओषधोपचारका नीति शास्त्र सम्बन्धी सिद्धान्तहरु" को सर्वसम्मत सम्मान तथा प्रभावकारी कार्यान्वयनलाई निश्चित पार्न विशेष ध्यान दिन आवश्यक छ ।

यो विश्व सम्मेलन यातनाबाट पीडितहरुलाई सहायता प्रदान गर्ने उद्देश्यले संयुक्त राष्ट्र संघको ढाँचा भित्र, अझ बढी ठोस कारवाही गर्नु पर्ने कुराको महत्वलाई जोड दिन्छ र उनीहरुको शारीरिक, मनोवैज्ञानिक तथा सामाजिक पुनर्वासको लागि बढी प्रभावकारी उपायहरु सुनिश्चित गर्दछ ।

राज्यहरुले त्यस्ता कानूनहरुलाई खारेज गर्नु पर्दछ, जसले गर्दा यातना जस्तो मानवअधिकारको भीषण उल्लंघनको लागि जिम्मेवारहरुलाई दण्डबाट मुक्ति प्रदान गर्दछ र कानूनको शासनलाई दृढ आधार प्रदान गर्दै यस्ता उल्लंघनहरुमा कानूनी कारवाही गर्नु पर्दछ ।

यो विश्व सम्मेलन पुनः निश्चित गर्दछ कि यातनाहरुलाई समाप्त पार्ने प्रयासहरु, सर्वप्रथम रोकथाम गर्ने तर्फ केन्द्रित हुनु पर्दछ र सम्मेलनको इच्छाधीन सन्धि पत्रको प्रथम मस्यौदालाई शीघ्र स्वीकृत गर्न आव्हान गर्दछ, जो थुनुवामा राखिने स्थानहरुको नियमित निरिक्षणलाई रोकथाम गर्ने पद्धतिको स्थापनाको उद्देश्य राख्दछ ।

बलजफ्ति बेपत्ता पारिने

यो विश्व सम्मेलन, बलजफ्ति बेपत्ता पारिने सबै मानिसहरुको संरक्षणसम्बन्धी घोषणापत्रलाई स्वीकृत गरिएकोमा स्वागत गर्दै, सबै राष्ट्रहरुलाई आव्हान गर्दछ कि बलजफ्ति बेपत्ता पारिने क्रियाहरुलाई रोकथाम, समाप्त तथा दण्डित गर्न प्रभावकारी कानूनी, प्रशासकीय, न्यायिक अथवा अन्य कारवाही गरियोस् । यो विश्व सम्मेलन पुनः ठहर गर्दछ कि, कुनै पनि अवस्थामा, यो सबै राज्यहरुको कर्तव्य हुन जान्छ कि जुनसुकै बखत पनि यो विश्वास गर्नु पर्ने कारण पर्न जाला कि उनीहरुको अधिकार क्षेत्र भित्रको क्षेत्रमा बलजफ्ति बेपत्ता गरिने कारवाही सम्पन्न भएको छ तथा यस्तो कारवाहीमा संलग्नहरु उपर कानूनी कारवाही चलाउन अपराधहरुको यकीन भएमा छानविन गरियोस् ।

ङ. अपांग मानिसका अधिकारहरु

१. यो विश्व सम्मेलन पुनः निश्चित गर्दछ कि सबै मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरु विश्वव्यापी हुन् तथा यस अन्तर्गत यसरी अशक्त अपांग मानिसहरुलाई समावेश गर्न सकिन्छ । हरेक मानिसले समान अवस्थामा जन्म लिएको हो तथा जीवन र हेरचाह, शिक्षा र काम, स्वतन्त्र रुपमा जीवन निर्वाह गर्ने र समाजका सबै पक्षहरुमा सक्रिय सहभागी हुने प्रत्येकले एकै नाशको अधिकारहरु राख्दछन् । अतः एउटा अपांग मानिस प्रति कुनै किसिमको सीधा भेदभाव अथवा अन्य कुनै नकारात्मक भेदभावपूर्ण व्यवहार, उसका अधिकारहरुको उल्लंघन मानिनेछ । यो विश्व सम्मेलन सरकारहरुलाई आव्हान गर्दछ कि, जहाँ आवश्यक देखिन्छ, अपांग मानिसहरुको लागि यी उल्लेखित तथा अन्य अधिकारहरुमा प्रवेश निश्चित गर्न कानून पारित अथवा व्यवस्थित गरियोस् ।

२. अपांग मानिसहरुको स्थान सर्वत्र पर्दछ । अपांग मानिसहरुका सबै प्रकारका समाजबाट निर्धारित तगारोहरु, जो शारीरिक, आर्थिक, सामाजिक अथवा मनोवैज्ञानिक हुन सक्छ, जसले समाजमा पूर्ण सहभागी हुनबाट बहिष्कार गर्दछ अथवा रोक्दछ, को अन्त्य भई निजहरुले समान अवसरको निश्चित रुपमा भागी हुनु पर्दछ ।

३. महासभाले आफ्नो सैंतिसौं अधिवेशनमा अपांग मानिसहरु सम्बन्धी स्वीकृत गरेको कारवाहीहरु बारे विश्व कार्यक्रमलाई सम्झैदै, यो विश्व सम्मेलन महासभा तथा आर्थिक र सामाजिक सभालाई आव्हान गर्दछ कि अपांग मानिसहरुको लागि उनीहरुको १९९३ को सभामा पारित भए बमोजिम अवसरहरुको समानता सम्बन्धी स्तरपूर्ण नियमहरुको मस्यौदालाई स्वीकृति प्रदान गरियोस् ।

III मानवअधिकारको सहयोग, विकास र सुदृढता

१. यो विश्व सम्मेलन सिफारिस गर्दछ कि प्रजातन्त्र, विकास तथा मानवअधिकारलाई बढाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारवाहीहरुलाई प्राथमिकता प्रदान गरिनु पर्दछ ।

२. मानवअधिकार सम्बन्धी संस्थाहरुलाई बलियो पार्न तथा संरचना गर्न, बहुआयामिक सभ्य समाजलाई मजबूती प्रदान गर्न तथा त्यस्ता समूहहरुलाई संरक्षण दिन, जसलाई फितलो पारिएको छ, सहायक हुने गतिविधिका लागि विशेष जोड दिनु पर्दछ । यस सन्दर्भमा निर्वाचनहरुका मानवअधिकारका पक्षहरु र निर्वाचनहरु बारे सार्वजनिक जानकारीको लागि सहायता लगायत, स्वतन्त्र र स्वच्छ तवरले निर्वाचनहरुको संचालनका लागि सरकारहरुको अनुरोधमा प्रदान गरिएको सहायताले खास महत्व राख्दछ । कानूनी प्रशासनलाई बलियो पार्ने प्रक्रिया, वाक स्वतन्त्रता तथा न्यायिक प्रशासनलाई सम्वर्द्धन गर्ने प्रक्रिया तथा निर्णय गर्नु पर्ने प्रक्रियाहरुमा जनताको यथार्थ तथा प्रभावकारी सहभागितामा सहायता प्रदान गरिनु पनि समान महत्व राख्दछ ।

३. यो विश्व सम्मेलन मानवअधिकार सम्बन्धी केन्द्रबाट सबल परामर्शदात्री सेवाहरु तथा प्राविधिक सेवा सम्बन्धी गतिविधिहरुका कार्यान्वयनको आवश्यकतामाथि जोड दिन्छ । केन्द्रबाट मानवअधिकार सम्बन्धी सन्धिहरु बारे प्रतिवेदनहरुको तैयारीका साथै मानव अधिकारहरुको प्रवर्द्धन तथा संरक्षणको लागि खँदिलो तथा व्यापक योजनाहरुको कार्यान्वयन सहित, मानवअधिकारसंग सम्बद्ध मामिलाहरुमा अनुरोध गरिएका खण्डमा राष्ट्रलाई सहायता प्रदान गर्नु पर्दछ । मानवअधिकार तथा प्रजातन्त्र सम्बन्धी संस्थाहरुलाई बलियो पार्नु, मानवअधिकारको कानूनी संरक्षण, अधिकृतहरु तथा अन्यहरुलाई तालीम, मानवअधिकार प्रति सम्मानको बृद्धि तर्फ लक्षित विस्तृत शिक्षा तथा सार्वजनिक सूचना यी कार्यक्रमहरुको पूरक अंशको रुपमा उपलब्ध हुनु पर्दछ ।

४. यो विश्व सम्मेलन दृढतापूर्वक सिफारिस गर्दछ कि संयुक्त राष्ट्र संघ अन्तर्गत एउटा व्यापक कार्यक्रमको व्यवस्था हुनु पर्दछ, जसको उद्देश्य पर्याप्त राष्ट्रिय ढाँचाहरुको निर्माण गर्ने तथा बलियो पार्ने कार्यमा राष्ट्रहरुलाई सहायता प्रदान गर्ने होस् र जसले मानवअधिकारको सामूहिक पालनमा तथा कानूनी राज्य कायम राख्नुमा सीधा प्रभाव रहोस् । यस किसिमको कार्यक्रम, मानवअधिकार सम्बन्धी केन्द्रबाट समन्वय कायम गर्नु पर्ने गरी, अभिरुची राख्ने सरकारहरुको अनुरोधमा, राष्ट्रिय आयोजनाहरुलाई प्राविधिक तथा आर्थिक सहायता प्रदान गर्न सक्षम हुनु पर्छ, जसले गर्दा यसबाट दण्डनीय तथा शुद्ध गर्नु पर्ने प्रतिष्ठानहरु, मानवअधिकार, कानून व्यवसायीहरु, न्यायाधीशहरु तथा सुरक्षा सैनिकहरुको शिक्षा र तालीम, तथा कानूनी राज्यको सुसंचालनको लागि कुनै पनि अन्य क्षेत्रका गतिविधिहरुलाई सुधार गर्न सकियोस् । सो कार्यक्रमले मानवअधिकारको प्रवर्द्धन तथा संरक्षणको लागि कार्य योजनाहरुको कार्यान्वयनमा राष्ट्रहरुलाई सहायता प्रदान गर्नु पर्दछ ।

५. यो विश्व सम्मेलन संयुक्त राष्ट्र संघको महासचिवलाई अनुरोध गर्दछ कि संयुक्त राष्ट्र संघ महासभामा प्रस्तावित कार्यक्रमको स्थापना, ढाँचा, संचालनका नमूनाहरु तथा कोषको व्यवस्था सम्बन्धी प्रस्तावहरु प्रस्तुत गरियोस् ।

६. यो विश्व सम्मेलन सिफारिस गर्दछ कि प्रत्येक राष्ट्रले चाल्नु पर्ने पाइलाहरुबाट परिचित भई राष्ट्रिय कार्य योजनाको रुपरेखा तैयार गर्ने वाञ्छनीयता उपर विचार गरोस्, जसबाट सो राष्ट्रले मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनमा सुधार ल्याउन सक्नेछ ।

७. यो मानवअधिकार सम्बन्धी विश्व सम्मेलनले पुनः यो ठहर गर्दछ कि विकासको विश्वव्यापी तथा अपरिहार्य अधिकार, विकासको अधिकार सम्बन्धी घोषणा पत्रमा उल्लेख भए बमोजिम, कार्यान्वित गर्नु तथा जानकारी गराउनु पर्दछ । यस सम्बन्धमा यो विश्व सम्मेलन मानवअधिकार सम्बन्धी आयोगबाट विकासको अधिकार सम्बन्धी कार्यरत समूहको नियुक्तिलाई स्वागत गर्दछ र अनुरोध गर्दछ कि यो कार्यरत समूहले संयुक्त राष्ट्र संघीय प्रणालिका अन्य अंग तथा माध्यमहरुसंग सोधपूछ गरी तथा सहयोग प्राप्त गरी संयुक्त राष्ट्र संघ महासभाबाट शीघ्र विचारार्थ, व्यापक तथा प्रभावकारी कारवाही गरियोस्, जसले गर्दा विकासको अधिकार सम्बन्धी घोषणा पत्रको कार्यान्वयन तथा जानकारी तथा सबै राष्ट्रहरुबाट विकासको अधिकारलाई जानकारी गराउने तरिका तथा साधनहरुको सिफारिस गरिएकोमा उत्पन्न हुने बाधा अडकाउहरुलाई समाप्त पार्न सकियोस् ।

८. यो विश्व सम्मेलन सिफारिस गर्दछ कि गैर सरकारी तथा अन्य तल्लो तहका संस्थाहरु, जो मानवअधिकार अथवा विकास कार्यमा सक्रिय छन्, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा वादविवाद, गतिविधिहरु तथा कार्यान्वयनलाई जो विकास सम्बन्धी अधिकारसित सम्बन्धित छन् तथा विकास सम्बन्धी सहयोगका सबै सान्दर्भिक पक्षहरुमा सरकारहरुको सहयोग लिई ठूलो भूमिका खेल्न सक्षम पार्नु पर्दछ ।

९. यो विश्व सम्मेलन सरकारहरु,

सुयोग्य निकायहरु तथा संस्थाहरुलाई अनुरोध गर्दछ कि मानवअधिकारलाई सुरक्षा प्रदान गर्न सक्षम सुसंचालित कानूनी व्यवस्था निर्माण गर्ने तर्फ उत्प्रेरित साधनहरुको बृद्धि गरियोस् र साथै यस क्षेत्रमा कार्यरत राष्ट्रिय संस्थाहरुलाई समेत सो वमोजिम सहायता गरियोस्। विकास सम्बन्धी सहयोगको क्षेत्रमा कार्यरत संस्थाहरुले विकास, प्रजातन्त्र तथा मानवअधिकारका बीच पारस्परिक सम्बन्ध सबल पार्ने तर्फ ख्याल गर्नु आवश्यक छ। सहयोग भनेको वार्तालाप तथा पारस्परिक सुझबुझ उपर आधारित हुन्छ। यो विश्व सम्मेलन व्यापक कार्यक्रमहरुको श्रृजनाको लागि आव्हान गर्दछ, जसमा कानूनी राज्य तथा प्रजातान्त्रिक संस्थाहरुलाई बलियो पार्न जानकारी तथा विशेष ज्ञानहरु सहितका कर्मचारीहरुको साधन सम्पन्न बैंकहरु समेत समावेश भएको होस्।

१०. यो विश्व सम्मेलन मानवअधिकारसंग सम्बन्धित आयोगलाई प्रोत्साहित गर्दछ कि उसले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुसंग सम्बन्धित समितिको सहयोग प्राप्त गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको अन्तर्राष्ट्रिय सम्झौताका स्वेच्छिक सन्धिपत्रको प्रथम मस्यौदालाई परीक्षण गर्ने प्रक्रिया जारी राखोस्।

११. यो विश्व सम्मेलन सिफारिस गर्दछ कि सल्लाहकारीय सेवाहरु तथा प्राविधिक सहायताको मानवअधिकार कार्यक्रमहरु सम्बन्धी केन्द्र अन्तर्गत मानवअधिकारको प्रवर्द्धन तथा संरक्षणको लागि क्षेत्रीय प्रवन्धहरुलाई बलियो अथवा स्थापित गर्न बढी साधनहरु उपलब्ध गराइनु पर्दछ। राष्ट्रहरुलाई यस्तो उद्देश्य पूर्तिको लागि सहायतार्थ अनुरोध गर्न प्रोत्साहित गरिनु पर्दछ, जस्तो कि क्षेत्रीय तथा उपक्षेत्रीय कार्यशालाहरु गोष्ठीहरु तथा जानकारीहरुको आदान प्रदानबाट अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी लेखपत्रहरुमा अन्तर्निहित सर्वमान्य मानवअधिकारका मापदण्डहरु अनुरुप मानवअधिकारको प्रवर्द्धन र संरक्षणको लागि क्षेत्रीय प्रवन्धहरुलाई बलियो पार्न सकियोस्।

१२. यो विश्व सम्मेलन, संयुक्त राष्ट्र संघ र यसका सम्बन्धित विशेष निकायहरुबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु सम्बन्धित अन्तर्राष्ट्रिय सम्झौता र अन्य सान्दर्भिक अन्तर्राष्ट्रिय लेखपत्रहरुमा उल्लेख भए बमोजिम ट्रेड युनियन अधिकारहरुको प्रभावकारी संरक्षण तथा प्रवर्द्धनलाई सुनिश्चित गर्न गरिने सबै गतिविधिहरुको समर्थन गर्दछ।

IV मानवअधिकार सम्बन्धी शिक्षा

१. यो विश्व सम्मेलन मानवअधिकार सम्बन्धी शिक्षा, तालीम तथा सार्वजनिक सूचना समुदायहरु बीच स्थिर तथा सामञ्जस्यपूर्ण सम्बन्धको प्रवर्द्धन तथा उपलब्धिको लागि र पारस्परिक समझदारी, सहनशीलता तथा शान्तिलाई हुर्काउनको लागि आवश्यक सम्झन्छ।

२. राष्ट्रहरुले निरक्षरतालाई समूल समाप्त गर्न संघर्ष गर्नु पर्छ र शिक्षालाई मानव व्यक्तित्वको पूर्ण विकास तर्फ तथा मानवअधिकार तथा मौलिक स्वतन्त्रता र सम्मानलाई बलियो पार्ने तर्फ संचालन गर्नु पर्दछ। यो विश्व सम्मेलन सबै राष्ट्र तथा संस्थाहरुलाई आव्हान गर्दछ कि मानवअधिकार, मानव हित सम्बन्धी कानूनहरु प्रजातन्त्र तथा कानूनी राज्यलाई विषयको रुपमा औपचारिक तथा अनौपचारिक ढाँचा अन्तर्गत सबै शैक्षणिक संस्थाहरुका पाठ्यक्रममा समावेश गरियोस्।

३. मानवअधिकार सम्बन्धी शिक्षामा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मानवअधिकार सम्बन्धी लेखपत्रहरुमा उल्लेख भए वमोजिम शान्ति, प्रजातन्त्र, विकास तथा सामाजिक न्याय आदि समावेश हुनु पर्दछ, जसले गर्दा मानवअधिकार प्रति अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई बलियो पार्न सामान्य समझदारी तथा जानकारी हासिल गर्न सकियोस्।

४. मानवअधिकार तथा प्रजातन्त्रको लागि शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय महा अधिवेशनबाट मार्च १९९३ मा पारित मानवअधिकार तथा प्रजातन्त्रको लागि शिक्षा सम्बन्धी विश्व कार्ययोजना र अन्य मानवअधिकारसंग सम्बन्धित लेखपत्रहरुलाई ध्यानमा राखी यो विश्व सम्मेलन सिफारिश गर्दछ कि राष्ट्रहरुले महिलाहरुको मानवअधिकार सम्बन्धी आवश्यकता उपर खास तवरले ध्यान दिई, अत्यन्तै व्यापक मानवअधिकार सम्बन्धी शिक्षा तथा सार्वजनिक सूचनाहरुको प्रवाहलाई सुनिश्चित गर्न विशेष कार्यक्रम तथा रणनीतिहरुको विकास गरोस्।

५. सरकारहरुले अन्तर सरकारी संस्थाहरु, राष्ट्रिय संस्थाहरु तथा गैर सरकारी संस्थाहरुको सहायता लिई, मानवअधिकार तथा पारस्परिक सहनशीलता तर्फ बढी समझदारी बढाउनु पर्दछ। यो विश्व सम्मेलन, संयुक्त राष्ट्र संघबाट संचालित विश्व सार्वजनिक सूचना अभियानलाई बलियो पार्नु पर्ने महत्व तर्फ संकेत गर्दछ। उनीहरुले मानवअधिकारमा शिक्षालाई प्राथमिकता तथा समर्थन प्रदान गर्नु पर्दछ र यस क्षेत्रमा सार्वजनिक सूचनाको प्रभावकारी प्रवाहलाई मान्यता प्रदान गर्नु पर्दछ। संयुक्त राष्ट्र संघीय प्रणालिको सल्लाहकारीय सेवाहरु तथा प्राविधिक सहायता सम्बन्धी कार्यक्रमहरुले राष्ट्रहरुबाट गरिने यी अनुरोधहरु प्रति शीघ्र प्रतिक्रिया दर्शाउन सक्षम हुनु पर्दछ। जस्तै :- मानवअधिकार सम्बन्धी क्षेत्रहरुमा शैक्षिक तथा तालीम सम्बन्धी गतिविधिहरुमा र साथै अन्तर्राष्ट्रिय मानवअधिकारसंग सम्बन्धित लेखपत्रहरुमा समाविष्ट मापदण्डहरु सम्बन्धित विशेष शिक्षामा मानव हित सम्बन्धित शिक्षामा तथा विशेष समूहमा त्यसको प्रयोगमा, जस्तै :- सैनिक दलहरु, कानूनलाई लागू गर्ने कर्मचारीहरु, प्रहरी तथा स्वास्थ्य सेवामा कार्यरतहरु। मानवअधिकार सम्बन्धी शिक्षा सम्बन्धित संयुक्त राष्ट्र दशक, यी शैक्षिक गतिविधिहरुलई प्रवर्द्धन गर्ने, प्रोत्साहित गर्ने तथा ध्यानाकर्षण गराउने बारेको घोषणालाई ध्यान दिनु पर्दछ।

V सुपरिवेक्षण विधिहरुको कार्यान्वयन

१. यो विश्व सम्मेलन सरकारहरुलाई अनुरोध गर्दछ कि आफ्नो आन्तरिक कानूनी व्यवस्थामा अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी लेखपत्रहरुमा समाविष्ट मापदण्डहरुलाई, समावेश गरियोस् र समाजको राष्ट्रिय ढाँचा, संस्था तथा अंगहरु, जसले मानवअधिकारलाई प्रवर्द्धन गर्न र सुरक्षा प्रदान गर्नमान भूमिका निभाउँदछ, त्यसलाई सबल गरियोस्।

२. यो विश्व सम्मेलन संयुक्त राष्ट्र संघका गतिविधि तथा कार्यक्रमहरुलाई राष्ट्रहरुको सहायताको लागि गरिने अनुरोधहरुलाई पूरा गर्नका लागि सुदृढ पार्न सिफारिश गर्दछ, जो मानवअधिकारको प्रवर्द्धन र संरक्षणको लागि आफ्नै राष्ट्रिय संस्थानहरुको स्थापना गर्न अथवा सुदृढ गर्न चाहन्छ।

यो विश्व सम्मेलन, मानवअधिकारको प्रवर्द्धन र संरक्षणको लागि राष्ट्रिय संस्थाहरुका बीच, खास गरेर सूचना तथा अनुभवहरुको आदान प्रदानबाट र साथै क्षेत्रीय संगठनहरु तथा संयुक्त राष्ट्रं संघको सहयोगबाट, सहयोगलाई सुदृढ गर्न पनि प्रोत्साहित गर्दछ।

यो विश्व सम्मेलन यस सम्बन्धमा दृढतापूर्वक सिफारिश गर्दछ कि मानवअधिकारको प्रवर्द्धन तथा संरक्षणको लागि राष्ट्रिय संस्थाहरुका प्रतिनिधिहरुले मानवअधिकार सम्बन्धित केन्द्रको तत्वावधानमा समय समयमा सभाहरुको आयोजन गरोस्, जसले गर्दा यिनीहरुका व्यवस्थाको सुधार गर्ने तथा अनुभवहरुलाई बाँडचुँड गर्ने तरिका तथा साधनहरुको जाँचबूझ गर्न सकियोस्।

३. यो विश्व सम्मेलन मानवअधिकारसंग सम्बन्धित सन्धिका निकायहरु, सन्धिका निकायहरुका अध्यक्षहरुका सभाहरु तथा राष्ट्रिय पार्टीहरुका सभाहरुलाई सिफारिश गर्दछ कि उनीहरुले आफ्नो कारवाही जारी राखुन्, जसको उद्देश्य सापेक्षिक मानवअधिकार सम्बन्धी सम्मेलनहरु अन्तर्गत विभिन्न किसिमको प्रतिवेदन दिने आवश्यकता तथा मार्गदर्शनहरुलाई समन्वित पार्ने तथा यो सुझावलाई अध्ययन गर्ने होस् कि प्रत्येक राष्ट्रले जिम्मा लिएको सन्धिका दायित्वहरु सम्बन्धित एउटा पूर्ण रुपमा प्रतिवेदनको प्रस्तुतिबाट यी पद्धतिहरुलाई बढी प्रभावकारी पार्न सकियोस् तथा त्यसको प्रभावलाई बढाउन सकियोस्।

४. यो विश्व सम्मेलन सिफारिस गर्दछ कि अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धित लेखापत्रहरु राष्ट्रिय पार्टीहरु, महासभा तथा आर्थिक तथा सामाजिक परिषदले हाल मौजूद मानवअधिकार सम्बन्धित सन्धिका निकायहरु तथा विभिन्न विषयगत व्यवस्थाहरुको अध्ययन बारे विचार गरोस्, जसले गर्दा अनावश्यक दोहरिन जाने स्थितिलाई हटाउने आवश्यकता तथा यिनका आज्ञापत्र तथा कार्यहरु एकदोश्रो माथि उच्छिन्ने उपर ध्यान दिई, विभिन्न निकाय, व्यवस्था तथा पद्धतिहरुको राम्रो समन्वयबाट बढी दक्षता तथा प्रभावकारितालाई प्रवर्द्धन गर्ने उद्देश्यको पूर्ति हुन सकोस्।

५. यो विश्व सम्मेलन सन्धि सम्बन्धी निकायहरुको सुधार तथा संचालन सम्बन्धी सुपरिवेक्षण कार्यहरु लगायत निरन्तर गर्नु पर्ने कार्यको लागि, सिफारिश गर्दछ। यस सम्बन्धमा विभिन्न प्रस्तावहरु खास गरेर सन्धि सम्बन्धी निकायहरु स्वयमले र सन्धि सम्बन्धी निकायहरुका अध्यक्षहरुका सभाहरुले प्रस्तुत गरेको माथि समेत निरन्तर कारवाहीको सिफारिश गर्दछ। केटाकेटीका अधिकारहरु सम्बन्धी समितिबाट विस्तृत रुपमा राष्ट्रिय स्तरमा सम्पर्क कायम राखिनु पर्ने कुरालाई पनि प्रोत्साहित गरिनु पर्दछ।

६. यो विश्व सम्मेलन सिफारिश गर्दछ कि मानवअधिकार सम्बन्धी सन्धिहरु सित सम्बन्धित राष्ट्रिय पार्टीहरुबाट सबै उपलब्ध स्वेच्छिक संचारका पद्धतिहरुलाई स्वीकृत गर्नु पर्ने बारे विचार गरियोस्।

यो विश्व सम्मेलन मानवअधिकारको उल्लंघन गर्नेहरुलाई दिइने माफीसंग सम्बन्धित प्रश्न उपर चिन्ता प्रकट गर्दछ र मानवअधिकार सम्बन्धी आयोगका प्रयासहरुलाई तथा यो प्रश्नका सबै पक्षहरुलाई जाँचबूझ गर्न भेदभावलाई रोकथाम गर्ने तथा अल्पसंख्यकहरुलाई संरक्षण प्रदान गर्ने सम्बन्धित उपसमितिका प्रयासहरुलाई समर्थन गर्दछ।

७. यो विश्व सम्मेलन सिफारिश गर्दछ कि मानवअधिकार सम्बन्धी आयोगले अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा मानवअधिकारसंग सम्बन्धित हाल मौजूद लेखपत्रहरुको राम्ररी कार्यान्वयनको लागि सम्भाव्यताको परीक्षण गरोस् र अन्तर्राष्ट्रिय कानून आयोगलाई अन्तर्राष्ट्रिय अपराधसंग सम्बन्धित अदालत बारेको आफ्नो कार्य जारी राख्न प्रोत्साहित गर्दछ ।

८. यो विश्व सम्मेलन सबै राष्ट्रहरुलाई अपील गर्दछ कि जसले हालसम्म १९४९ को जेनेभा सम्मेलनको सन्धि सम्बन्धी प्रथम मस्यौदालाई स्वीकृत गरेको छैन, सो गरियोस् र त्यसको पूर्ण कार्यान्वयनको लागि कानूनी सहित, सबै उपयुक्त राष्ट्रिय स्तरमा कारवाहीहरु गरियोस् ।

९. यो विश्व सम्मेलन समाजका व्यक्ति, समूह तथा अंगहरुका अधिकार तथा जिम्मेवारीहरु सम्बन्धित मस्यौदा घोषणा पत्रको यथाशीघ्र प्रतिपादन तथा स्वीकृतिको लागि सिफारिश गर्दछ, जसले गर्दा विश्वव्यापी मान्यता प्राप्त मानवअधिकार तथा मौलिक स्वतन्त्रताको प्रवर्द्धन तथा संरक्षण हुन सकोस् ।

१०. यो विश्व सम्मेलन मानवअधिकार सम्बन्धी आयोगसित सम्बन्धित सम्पर्क कायम राख्ने विशेष पद्धतिहरु, प्रतिनिधिहरु, विज्ञहरु तथा कार्यकारी समूहहरु सम्बन्धी प्रणालीलाई तथा भेदभावलाई रोकथाम गर्ने तथा अल्पसंख्यकहरुलाई संरक्षण दिने उपसमिति सुरक्षित र बलियो पार्नु पर्ने महत्व उपर विशेष ध्यानाकर्षण गर्दछ जसले गर्दा विश्वभरिका सबै राष्ट्रहरुमा आज्ञापत्रलाई पालन गराउनमा उनीहरु सक्षम हुन सकुन् र साथै उनीहरुलाई आवश्यक मानवीय तथा आर्थिक साधनहरु उपलब्ध गराउँदै जान सकियोस् । पद्धिति तथा व्यवस्थाहरु समय समयमा हुने सभाहरु मार्फत मिलाउन तथा युक्तिसंगत पार्न सक्षम पार्नु पर्दछ । सबै राष्ट्रहरुलाई अनुरोध गरिन्छ कि यी पद्धति तथा व्यवस्थाहरुलाई पूरा सहयोग प्रदान गरियोस् ।

११. यो विश्व सम्मेलन सिफारिश गर्दछ कि मानवअधिकारको प्रवर्द्धन तथा संरक्षणको लागि संयुक्त राष्ट्र संघले बढी सक्रिय भूमिका निभाउनु वाँछनीय छ, जसले गर्दा, यसको चार्टरका उद्देश्य तथा सिद्धान्तहरु अनुरुप, सशस्त्र संघर्षबाट उत्पन्न हुने सबै परिस्थितिहरुमा यसले अन्तर्राष्ट्रिय मानवहित सम्बन्धी कानूनलाई सुनिश्चित र पूर्ण सम्मान दिन सकोस् ।

१२. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको उपभोगलाई सुदृढ पार्न थप सम्पर्कहरुको परीक्षण हुनु पर्दछ, जस्तो कि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौतामा उल्लेख भएका अधिकारहरुलाई बुझ्नमा प्रगतिलाई यकीन गर्ने सूचकहरुको व्यवस्थाको रुपमा । राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरहरुमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको मान्यतालाई निश्चित गर्न सामूहिक प्रयास हुनु आवश्यक छ ।

VI विश्व सम्मेलन अनुगमन

यो मानवअधिकार सम्बन्धी विश्व सम्मेलनले सिफारिश गर्दछ कि महासभा, मानवअधिकार तथा अन्य अंग सम्बन्धी आयोग तथा संयुक्त राष्ट्र व्यवस्था सम्बन्धी निकायहरुले यस सम्मेलनको अन्तिम कागजातमा उल्लेख भएका सिफारिशहरुलाई ढीला नगरी पूर्ण रुपमा कार्यान्वित गर्ने बाटो तथा साधनहरु पहिल्याउने तर्फ विचार गरोस् र साथै मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्र दशकका घोषणा गर्नु पर्ने सम्भाव्यता उपर पनि विचार गरियोस् । यी विश्व सम्मेलन अझ बढी सिफारिश गर्दछ कि मानवअधिकार सम्बन्धी आयोगले यस दिशातर्फ हुने प्रगतिको वार्षिक मूल्यांकन गरोस् ।

२. यो विश्व सम्मेलन संयुक्त राष्ट्र संघका महासचिवलाई अनुरोध गर्दछ कि, मानवअधिकार सम्बन्धी सर्वव्यापी घोषणाको पचासौं वार्षिकीको अवसरमा सबै राष्ट्रहरु, मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय व्यवस्थाका सबै अंग र निकायरुलाई निमन्त्रण गरियोस्, जसले गर्दा यो सम्मेलनको अन्तिम दस्तावेजको कार्यान्वयन तर्फ भएको प्रगति बारे वहाँले प्रतिवेदन प्राप्त गर्न सकुन् र मानवअधिकार सम्बन्धी आयोग तथा आर्थिक तथा सामाजिक परिषद मार्फत, महासभाको त्रिपन्नौं अधिवेशनमा प्रतिवेदन प्रस्तुत गरियोस् । यस्तै क्षेत्रीय तथा उपयुक्त राष्ट्रिय मानवअधिकार सम्बन्धी संस्थान तथा गैर सरकारी संगठनहरुले यस सम्मेलनको अन्तिम दस्तावेजको कार्यान्वयनमा भएको प्रगति बारे संयुक्त राष्ट्र संघको महासचिव समक्ष आफ्ना मन्तव्यहरु प्रस्तुत गर्न सक्नेछन् । अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी सन्धिहरुका विश्वव्यापी समर्थनको लक्ष्य तथा संयुक्त राष्ट्र व्संघीय यवस्थाको ढाँचा अन्तर्गत पारित सन्धिका प्रथम मस्यौदाहरुको प्रगति समीक्षा गर्न विशेष ध्यान दिनु आवश्यक देखिन्छ ।

प्रेस वक्तव्य

भिएना घोषणा पत्रका मस्यौदा सम्बन्धी गैर सरकारी संस्थाहरुको प्रारम्भिक प्रतिक्रिया

गैर सरकारी संस्थाहरु जो यो मानवअधिकार सम्बन्धी विश्व सम्मेलनमा हाल उपस्थित छन्, जब कि प्रस्तावित भिएना घोषणा पत्रलाई र खास गरेर विश्व व्यापकता, अविभाज्यता तथा सबै मानवअधिकारको पारस्परिक निर्भरता प्रति यसको प्रतिवद्धता प्रकट गरिएकोलाई स्वागत गर्दछ, तथापि खेद प्रकट गर्दछ कि प्रवर्द्धन, संरक्षण तथा कार्यान्वयनका क्षेत्रहरुमा घोषणापत्र पर्याप्त साहसपूर्ण देखिन्न ।

सम्पूर्ण सम्मेलन प्रक्रियामा गैर सरकारी संस्थाहरुलाई बेवास्ता गर्न अनेकौं तथा निरंतर प्रयास गरिएको देखिएता पनि १५०० गैर सरकारी संस्थाबाट खटी आएका लगभग ३००० प्रतिनिधिहरु मानवअधिकारको सुरक्षाको लागि खँदिलो कारवाहीहरु बारे समर्थन जनाउन भिएनामा एक साथ उपस्थित हुन आए ।

यो अप्रत्याशित भेलाले स्पष्ट दर्शायो कि मानवअधिकार आज सबै मानिसहरुको लागि अत्यन्तै आवश्यक तथा अनिवार्य ध्यान दिनुपर्ने विषय भएको छ । सरकारहरु स्वयम्ले पनि यसलाई मानेका छन् ।

आफ्नो घोषणापत्रमा सरकारहरुले समर्थन गरेका छन् कि मानवअधिकार अन्तर्राष्ट्रिय समुदायको न्यायसंगत चासोको विषय हो ।

मानवअधिकारको विश्व व्यापकता, अविभाज्यता तथा पारस्परिक निर्भरता माथि कुनै हालतमा पनि प्रश्न चिन्ह लाग्न सक्दैन ।

सरकारहरुले मानवअधिकारको प्रवर्द्धन तथा संरक्षणमा गैरसरकारी संस्थाहरुको अत्यन्तै आवश्यक भूमिकालाई स्वीकृति जनाएका छन् ।

सम्मेलनको यो अन्तिम दिनमा उपस्थित गैर सरकारी संस्थाहरुलाई यो घोषणापत्रमा हाम्रो सम्बन्धका केही विषयहरु प्रतिविम्बित भएको देख्दा खुशी लागेको छ ।

यसमा महिलाहरुका अधिकारहरुको पनि उल्लेख छ तथा आफ्ना अधिकारहरुको लागि महिलाहरुले कठिन संघर्ष गर्दै आएको पनि यसले उद्बोधन गराउँदछ ।

यो घोषणापत्रले केटाकेटीहरुका अधिकारहरु र केटाकेटीका अधिकारहरुसंग सम्बन्धित सम्मेलनको प्रभावकारी कार्यान्वयनको आवश्यकतालाई मान्यता प्रदान गरेको छ ।

अपांगका अधिकारहरुलाई मान्यता प्रदान गरिएको छ ।

यसले पुनः समर्थन गर्दछ कि विकासको अधिकार विश्वव्यापी तथा अपरिहार्य मानवअधिकार हो ।

मुख्यतः यो घोषणापत्रले सबै सरकारहरुलाई आव्हान गरेको छ कि दण्डमुक्ति सम्बन्धी कानूनहरुलाई खारेज गरियोस्, मानवअधिकारको उल्लंघन गर्नेहरु माथि कानूनी कारवाहीलाई निश्चित गरियोस् र प्रभावकारी ढंगले पीर मर्काहरुको निवारण गरियोस् ।

यो घोषणापत्रले यो पनि चाहेको छ कि मानवअधिकार सम्बन्धित केन्द्रका साधनहरु, जो संयुक्त राष्ट्र संघमा मानवअधिकारको पूर्व श्रेष्ठतालाई मान्यता प्रदान गर्ने अत्यन्तै आवश्यक कदम हुनेछ, यसमा वृद्धि हुनु पर्छ ।

ता पनि यो घोषणापत्र दोषयुक्त दस्तावेज देखिन गएको छ । यसले कमजोर र गोलमटोल भाषाको प्रयोग गरेको छ र मानवअधिकारको संरक्षण र प्रवर्द्धनको लागि एक्लो अथवा संयुक्त रुपमा कारवाही गर्न सरकारहरुलाई वाध्य गराउन असफल भएको छ ।

जब कि यो घोषणाले "आदिवासीहरुको दशक" को घोषणालाई सिफारिश गरी आदिवासीहरुको विशिष्ट स्थानलाई स्वीकार गरेको लाग्दछ, उनीहरुको आवाज माथि ध्यान दिएको दिखिन्न, किनभने सरकारहरुले न त जनताहरुको हैसितले उनका अधिकारहरुलाई मान्यता दिएको देखिन्छ न त आत्म निर्णय गर्ने उनीहरुको अधिकारलाई प्रोत्साहित गरिएको देखिन्छ ।

सरकारहरुले कुनै अर्थपूर्ण ढंगले उत्तर र दक्षिणका बीच व्याप्त असमानतालाई चर्चा गर्न इन्कार गरेका छन् । उनीहरुले असमानताको मूल कारणको चर्चा बेगर ऋणी राष्ट्रहरु उपर ऋणबाट मुक्तिको लागि जिम्मेवारी थप्दै आई रहेका छन् र विकासका प्रक्रियाहरुलाई प्रजातन्त्रीकरण गर्ने तर्फ कारवाही गर्न उनीहरु असफल भएका छन् ।

यो भिएना घोषणा पत्रमा सरकारहरुबाट आफ्नो मानवअधिकार सम्बन्धी दायित्वबाट पन्छिने, जनताको सामुन्ने सधैं राज्यलाई प्रस्तुत गर्ने तथा मानवअधिकारलाई प्रभावकारी ढंगले संरक्षण प्रदान गर्नमा उनीहरुका

विगतकालका असफलताहरुका लागि स्पष्टीकरण दिने जिम्मेवारीबाट पन्छिने निरन्तर प्रयासहरु प्रतिबिम्बित भएका छन् । उदाहरणको लागि प्रस्तावित घोषणापत्रमा हामी पाउँदछौं :-

- विश्व व्यापी समर्थनको लागि र एउटा सहमत समय सम्ममा आरक्षणहरुलाई हटाउने बारे उनीहरुले बचनबद्ध हुन अस्वीकार गरेका छन् ।
- यस माथि जोड दिइएको छ कि मापदण्ड निर्धारणको प्राथमिक जिम्मेवारी राष्ट्रहरुले वहन गर्नु पर्दछ ।
- यस माथि जोड दिइएको छ कि राष्ट्रले मात्र, मानवअधिकार सम्बन्धित आयोगहरु जस्तै राष्ट्रिय संस्थाहरुको प्रकृति बारे निर्णय गर्दछ ।
- विकास सम्बन्धी सहायता र मानवअधिकरहरु बीच सकारात्मक सम्बन्ध कायम गर्न अस्वीकृति ।
- मानवअधिकार सम्बन्धी गैर सरकारी संस्थाहरुलाई संचारमा प्रवेश हुन दिन अस्वीकृति ।
- मानवअधिकारको रक्षा गर्नेहरुलाई पर्याप्त संरक्षण प्रदान गर्नमा असफलता ।
- माध्यमहरुको स्वतन्त्रतालाई, संचारको स्वतन्त्रतालाई थिचोमिचो पार्ने गरी राष्ट्रिय कानूनहरुसित सम्बन्ध जोडी रोकथाम गर्ने प्रयास ।
- केटाकेटीहरुलाई समेत बेपत्ताहरु पारिने क्रियाकलप विरुद्ध अन्तर्राष्ट्रिय संरक्षण प्रदान गर्नमा अस्वीकृति ।
- जनताको आत्मनिर्णय गर्ने अधिकार, जो मानवअधिकारको सामूहिक रुपमा नियमित तथा घोर उल्लंघनमा संलग्न प्रशासन अन्तर्गत जीवन बिताई रहेका छन्, लाई मान्यता प्रदान गर्ने प्रगतिमा कमी ।
- संयुक्त राष्ट्र संघीय व्यवस्थाको अत्यन्त आवश्यक प्रजातन्त्रीकरणको उल्लेख गर्नमा असफलता, खास गरेर यसको सुरक्षा परिषद, तथा गैर सरकारी संस्थाहरुको सुधार सहितको प्रवेश तथा सहभागितासंग सम्बन्धित असफलता ।

यस्ता गतिविधिहरु तर्फ समेत सरकारहरुले दृष्टि पुऱ्याउनमा कमी दर्शाएको देखिन्छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु सम्बन्धित अन्तर्राष्ट्रिय सम्झौताको लागि व्यवस्थालाई सक्षम पार्न बचनबद्ध भएको देखिन्न ।

स्थायी अन्तर्राष्ट्रिय अपराधसंग सम्बन्धित अदालतको प्रश्नबारे चर्चा गरिएको अपर्याप्त छ ।

सरकारहरु मानवअधिकारको लागि एउटा उच्च आयुक्तको व्यवस्था गर्ने तर्फ सहमत हुन, असफल भएका छन् ।

मानवअधिकारलाई ०.५% समुद्रपारीका विकास सहायता सम्बन्धी वचन पूरा गर्ने प्रस्तावले कुनै समर्थन प्राप्त गर्न सफल भएन ।

जबकि सरकारहरु भित्री बैठकहरु गर्दै वाद विवादमा संलग्न रहे, यी गैरसरकारी संस्थाहरु नै हुन्, जसले खास किसिमका उल्लंघनहरुको कटु सत्यउपर ध्यान केन्द्रित गरे ।

यो एन.जी.ओ.हरु नै हुन्, जसले ठोस प्रस्तावहरु प्रस्तुत गरेका छन् । तथा यी एन.जी.ओ.हरु नै हुन्, जसले आफ्नो कार्य जारी राख्न प्रतिज्ञा गरेका छन् तथा विश्वव्यापी मानवअधिकार सम्बन्धी आन्दोलनलाई सुदृढ पार्नकोलागि सामूहिक सहयोग सुनिश्चित पार्न पाइलाहरु चालेका छन् । (यी प्राथमिक प्रत्युत्तरहरु, २५ जून १९९३, १५.०० बजे, मानवअधिकार सम्बन्धित विश्व सम्मेलमा, एन.जी.ओ.हरुको पूर्ण बैठकमा उपस्थित हुनेहरुबाट प्रस्तुत गरिएका हुन् ।)

०५० असोज ५ गते चार वाम समूहद्वारा आयोजित "नेपाल बन्द" कार्यक्रमका सम्बन्धमा केही मानवअधिकार कार्यकर्ताहरुको मूल्यांकन

हिजो मिति ०५० असोज ५ गते मानवअधिकार हनन पर्यवेक्षण तथा तथ्य संकलन समितिका तर्फबाट काठमाण्डौ नगरपालिका भित्र मानवअधिकार पर्यवेक्षण गर्ने टोलीले वातावरण शान्तिपूर्ण नै रहेको पायो । हिजो विहान ११ बजे देखि दिउँसो ४ बजेसम्म काठमाण्डौ नगरपालिका भित्र रत्नपार्क, त्रिपुरेश्वर, पुतली सडक, भोटाहिटी, असन, क्षेत्रपाटी, इन्द्रचोक आदि स्थानहरूमा भ्रमण गर्दा टोलीका सर्दस्यहरूले समष्टीमा प्रदर्शनकारी र प्रहरी दुबै पक्ष हिंस्रक नरहेको ठहर गरेका छन् ।

करिब १२ बजे देखि रत्नपार्कबाट सुरू भएको प्रदर्शनकारीहरूको जुलुस करिब २:३० मा शहरका विभिन्न भागहरू - भोटाहिटी, नयाँसडक, पुनः रत्नपार्क, वागबजार, पुतलीसडक, कमलादी, तीनधारा पाठशाला, कमलाक्षी, असन, क्षेत्रपाटी, इन्द्रचोक, पुनः भोटाहिटी हुँदै खुला मंचमा पुगी आमसभामा परिणत भएको थियो । त्यस क्रममा प्रदर्शनकारीहरूकै बीचबाट भएको ढुंगा प्रहारद्वारा पुतली सडकमा करिब १:३० बजेतिर बा.अ.झ २९७६ नं.को राष्ट्रिय योजना आयोगको कालो कारको बायाँपट्टी अगाडिको झ्याल क्षतिग्रस्त भएको थियो । त्यस पछि दरवार मार्ग स्थित पंजावी रेष्टुरेण्टको सिसा र इन्द्रचोकमा करिब २:३० बजे गलैंचा पसल माथिको झ्याल पनि प्रदर्शनकारीहरू माझबाट प्रहार भएको ढुंगाबाट फोडिएको थियो ।

बीच बीचमा केही उदण्ड युवाहरूद्वारा बेला बेला ढुंगा प्रहार गर्न वा पसलहरू जबरजस्ती बन्द गर्न खोज्दा आयोजकहरूले बडो तदारूकताका साथ शान्ति कायम गरेको कुरा ठाउँ ठाउँमा देखियो । भरिसक्य प्रदर्शनकारीहरूको सामुन्ने नपरेर प्रहरी बलले पनि बुद्धिमता दर्शाएको देखियो । टोलीले आफ्नो पर्यवेक्षण अवधिभर काठमाण्डौ नगरपालिका भित्र कतै लाठी प्रहार भएको पनि देखेन ।

त्यस अघि हिजो बिहान करिब ११ बजे उक्त टोली महेन्द्र पुलिस क्लब पुगी "बन्द" का दौरान बनाइएका बन्दीहरूका सम्बन्धमा सोधपुछ गरेको थियो । उक्त अवसरमा प्रहरी नायव महानिरिक्षक रामकाजी वान्तवाले सो "नेपाल बन्द" का दौरान मध्यक्षेत्र भरिमा कूल ९६३ जना पक्राउ गरिएको कुरो बताउनु भयो । वहाँका अनुसार त्यस मध्ये ६४ जनालाई हिजो बिहान सम्ममा छोडी सकिएको थियो । नायब महानिरिक्षकका अनुसार काठमाण्डौमा ३९४, ललितपुरमा ३३ र भक्तपुरमा ६ जनालाई पक्राउ गरिएको थियो । वहाँले संयुक्त जनमोर्चाका संयोजक डा. बाबुराम भट्टराईलाई शान्ति सुरक्षा ऐन अन्तरगत जेल चलान गरिएको कुरा पनि बताउनु भयो । प्रहरी सूत्रका अनुसार "बन्द" का दौरान सांसद लीलामणि पोखेल र सांसद बरमन बुढालाई हिजो बिहान ललितपुर र सांसद कमान सिंह लामालाई धुलिखेलबाट गिरफ्तार गरिएको थियो । तर वहाँले टोलीलाई पक्राउ परेका मनिसहरूसंग भेटघाट गर्ने अनुमति दिनु भएन ।

टोलीमा सांसद पद्मरत्न तुलाधर, ने.माधि.सं.का वीरेन्द्र केशरी पोखेल, इन्हुरेडका गोपाल कृष्ण शिवाकोटी, सिभिक्टका डा. भोगेन्द्र शर्मा, सीवीनका तारक धिताल, इन्सेकका ठाकूर ढकाल एवं कुन्दन अर्याल हुनु हुन्थ्यो ।

२०५० असोज ६ गते, काठमाण्डौ ।

हजूरहरुको अधिकार/तिमीहरुको अधिकार

- कुन्दन अर्याल -

थाहा छैन आजभोलि श्यामप्रसाद कुनै च्यामेलाई तपाईं भन्छन् की भन्दैनन् । तर तँ, तिमी, तपाईं, हजूर आज पनि आ-आफ्नै ठाउँमा छन् । आज पनि सम्बोधनका यी विविध रूपहरू वर्ग-वर्गको प्रतिनिधित्व गरिरहेकै छन् ।

वर्षौं पहिले जब वी.पी. कोइराला राजा कहाँ निम्त्याइए, उनको फिर्तीसँगै एउटा चर्चा सडकसम्मै आइपुग्यो । - "राजाले वी.पी.लाई तिमी भने रे ।" तर वी.पी.ले उक्त कुरोलाई बडो सहज ढंगले लिए । र भनी दिए । - "म त्यहाँ आफूलाई होइन, सारा नेपालीलाई तपाईं भनाउन गएको थिएँ ।" आज वी.पी. कै अनुगामीका हातमा सारा राष्ट्रको साँचो नै रहेको छ । तर सारा नेपाली "तपाईं" को स्तरमा पुगेका छन् की छैनन् कसैलाई सोध्नै पर्दैन ।

सात सालमा प्रजातन्त्रको स्थापना पश्चात स्वनिर्वासित श्री ३ लाई "तँ" भन्न एकजना समाजसेवी विदेशी भूमिसम्म पुगेछन् । सधैंको तँ तँ को स्वाद फेर्न उतिपर पुगेका ती महानुभावलाई तैपनि मौकै मिलेन छ । तँ भन्न कै निम्ति उनले महाराजाको बैठकमा धेरै बेर कुरेछन् । तर महाराजा पनि उत्तिकै चतुर निस्किए । श्री ३ ले वैठकमा प्रविष्ट हुने वित्तिक्कै उनलाई बोल्ने मौकै नदिइ सोधेछन् - ए काजी संचै छ, सब ठीक ठाक छ ? र महाराज उनलाई उल्लेख्य बक्सिस् दिएर आफू फुत्तै भित्र छिरेछन् । विचरा समाजसेवी विवश भएर लुरू लुरू फर्केछन् ।

तँ, तिमी अथवा तपाईं, हजूरलाई मानिसको आत्म सम्मानसंग जोडेर हेर्ने गरिन्छ । आत्मसम्मान माथि चोट पुऱ्याउनुको अर्थ मानवीय अहं माथि नै प्रहार गर्नु ठानिन्छ । र मानवोचित सम्मानलाई मानवअधिकारको नैसर्गिक पक्ष मानिन्छ । मानवअधिकार आर्थिक सवालसंग नङ मासु जस्तै जोडिएको अवश्य छ । तर व्यक्ति व्यक्तिको सम्मानित जीवन ज्यूने अधिकार पनि मानवअधिकारको अभिवाज्य अंगका रूपमा परिभाषित हुने गरेको छ । स्पार्टाकसले सधैं भरि पशुतुल्य जीवन ज्यून नसके पछि मर्नु निको ठानेर धर्मयुद्ध छेडेका थिए । मालिकहरूको कुकुर सरी बाँच्न संझौता गरेको भए त उनी अलिकति बढी अवधिसम्म नै बाँच्थे होलान । तर पूर्ण मानिस भएर बाँच्ने रहरले मृत्युको भयलाई पनि पन्छाइदिने गर्दछ । त्यसैले आत्मसम्मानका लागि क्रसमा झुण्डिन पनि तयार हुने मानिसहरू आज पर्यन्त जन्मदैछन् ।

एकजना सामान्य नागरिकले श्री ३ लाई "तँ" भन्ने रहर किन गऱ्यो ? किनकी उ भित्रको स्वाभिमान श्री ३ कै हाराहारीमा पुग्न चाह्यो । वास्तवमै तह र वर्गका कुरा त कृत्रिम न हुन्छन् । जन्मका हिसाबले त कसरी कसैलाई ठूलो मान्ने ? जन्मकै आधारमा ठूलो हुन खोज्नेहरू कायर हुन् । आखिर हरेक जीवनको पहिलो सत्य जन्म र अन्तिम सत्य मृत्यु हो । बीचको अवधिमा कृति स्थापित गर्नेहरू आदरणीय हुन्छन् । तर पृथ्वीका प्रत्येक वासिन्दा मानवोचित सम्मानका लायक छन् । अमानवीय कार्य गर्नेहरूलाई सजाय दिइंदा पनि उनीहरू प्रथमतः मानव नै हुन् भन्ने कुरो बिर्सन नहुने तर्क त्यसैले अस्तित्वमा आएको हो ।

श्री ३ एउटा नागरिकको "तँ" संग त्यति डराए । तर केवल तँ, तिमीसंग त्यति विघ्न डराउने ठूला बडाहरू कहिल्यै सोच्दैनन् ।- "अरूको पनि आत्मसम्मान हुन्छ कि हुँदैन ।" सात सालकै क्रान्ति पश्चात भनियो ।- "अब रैतीहरू प्रजा भए ।" छयालीसको परिवर्तनले बचेखुचेको कसर पनि पूरा गरी दियो । त्यसपछि भनियो ।- "अब त प्रजाहरू आधुनिक मौलिक अधिकार सहितका नागरिक भए ।" कागजमा त सम्पूर्ण नेपालीको बढुवा भयो । राष्ट्रिय जीवनमा पो मौलिक अधिकार पनि हजूरहरूको अधिकार र तिमीहरूको अधिकारमा विभाजित भएर प्रकट हुन पुग्यो ।

हाम्रा सरकार प्रमूखको, कार नचढ्ने हो भने आत्मसम्मान कायम रहन नसक्ने ठहर छ । उनले भनी सके ।- "झण्डावाला कार नचढ्ने हो भने मलाई कस्ले सलाम गर्छ र ।" विभ्ने कुरो चाहीं यही छ - आफूलाई सलाम चाहिने मानिसहरू अरूको भने सोधनीसम्म गर्न चाहँदैनन् । वि.पी.को धेरै सपना हाम्रा प्रधानमन्त्रीलाई याद छ । किनकी उनी हर समय सपनाहरूको उल्लेख गर्ने गर्दछन् । त्यस्तै वि.पी.को सारा नेपालीहरूलाई तपाईं भनाउने सपना अनि कार र सलाम बीचको सम्बन्ध बारे बोल्न पनि उनी बाहेक कसैको बुताले भ्याउँदैन ।

भैरव अर्यालले नेता नम्बर एकसय एक मार्फत सात साल पछिको बहुरूपी स्थितिको खुलस्त चित्रण गरिदिए । पंचायत कालमा धेरैलाई लाग्थ्यो ।- "अब आउने "बहुदल" त सुन्दर एकदम सुन्दर हुनेछ । त्यो समयका विकृतिहरू आउने कालमा रहने छैनन् ।" अब त तीस तीस वर्षसम्म हामीले सपनामा देख्नेको काल पनि हामीसँगै छ । तर वर्तमान समय हामीसंग अवश्य छ, हाम्रो हातमा भने छैन । धेरै "तपाईं" स्तरका हाकिमहरू "हजूर" को तहमा पुगेका छन् । र हिजो दरवारको ढोकाबाट कोटको रंग नमिलेकोले फर्काइएकाहरूका सन्तान दरसन्तान नयाँ नयाँ कोट फेरिरहेका छन् । कहिले काहीं त लाग्दछ - "राजनीतिक परिवर्तन पनि कोट फेर्नु जस्तै न हो ।" कमसे कम हामी कहाँ त्यो कुरो केही न केही अवश्य लागु भएको छ ।

राजनीति सुख र समृद्धिका लागि नै गरिन्छ । र राजनीति गर्नेहरूको आदर्श हुन्छ ।- "हामी आफ्नो लागि होइन लास्वौं करोडौंको सुख समृद्धिका लागि काम गरिरहेका छौं ।" राजनीति वा समाजसेवा र अन्य व्यवसाय बीच देखिएको मूख्य भेद पनि यही हो । तर यस्तो भेदको पर्खाल नेपाली धर्तीमा भत्किसकेको छ । राजनीति र परोपकारको सिंढी उक्लेर कति "तपाईं" हरू "हजूर" हरूको स्तरमा पुगिसके । आज नयाँ सूर्यसँगै नयाँ मौसूफहरू पनि उदाएका छन् । "हामी तमाम नेपालीलाई तपाईंको तहमा पुऱ्याउन संघर्षरत छौं ।" - यस्ता कवोलहरू अब वेवारिशे भएका छन् । समाजमा "तपाईं" को वर्ग हराइ रहेछ । र "तँ" वा "तिमी" अनि "हजूर" हरू बीचको फासला झन झन बढिरहेछ ।

"चिनियाँहरू र कुकुरहरूलाई प्रवेश निषेध ।" - कुनैबेला चिनमा औपनिवेशिक डेराहरूको मूल ढोकामा टाँगिने यस्ता "सूचना" हरूले पनि मुक्ति संघर्षको आगोमा घिउ थप्ने काम गरेका थिए । सम्मानित जीवनका लागि पृथ्वीमा त्यस अघि पनि थुप्रै लडाईंहरू भएका थिए । र त्यसपछि पनि रगत थुप्रै बगिसकेको छ । तर अझ पनि मानिस वा आफूले सम्मान खोज्ने मानिसहरूमा अरूको सम्मान गर्नु पर्ने चेत पलाएको छैन ।

हामीकहाँ मानवीय जीवनको प्राप्तिका निम्ति हिजो भएको लडाईंको जग निस्वार्थी अवश्य थियो । तर अब लडाईंका अगुवाहरू आफूले सम्मान पाए पछि धेरै कुरा भूलिरहेछन् । जानाजान भूल्न चाहनेलाई कुनै कुरो सम्झाउन पनि कसैले सक्दैन । "अन्तीम पंक्तिका नेपालीहरू आज पनि तँ कै स्तरमा छन् ।" - यो आवाज अन्तीम पंक्तिबाटै फड्किएर उपल्लो तहमा पुगेका नयाँ मौसूफहरूसम्म पुगिरहेको छ कि छैन ? अब दूरी धेरै भई सक्यो, सायद कुनै आवाज त्यहाँ सम्म पुगेको छैन । "हजूर" हरूको अधिकार मौलाइ रहेकै छ । "तँ" र "तिमी" हरूको त "हजूर" हरूको सिफारिस नभई नागरिकता प्रमाणपत्र पाउने अधिकार पनि छैन । ❑

का.जि.का.द.नं. २१/०४९/५०

अन्तर्राष्ट्रिय आदिबासी वर्ष १९९३ का अवसरमा प्रस्तुत

द्वीपका निम्ति आए तिनीहरु

- पाब्लो नेरूदा -



कसाईहरूले द्वीप कब्जा गरे
पहिलो आततायी थियो ग्वानाहानी
यातनाको त्यस इतिहासमा ।
धर्तीपुत्रलाई थाह भयो
उनीहरूको हाँसो लुटिएको
अभिमानमाथि खुनी आक्रमण गरिएको
मृत्यु यात्राको त्यो प्रवाह
तबसम्म उनीहरूले बुझ्नै सकेनन् ।
उनीहरू बाँधिए र यातना भोगे
उनीहरू झुल्सिए र पोलिए
उनीहरूको छाला काढियो र गाडियो ।
अनि समयकै कुरा न हो
ताडीको रूखका साथ नाच्दै आयो समय
हरित-भूमि तब नाङ्गो भैसकेको थियो ।
बाँकिरहे फगत हाडखोरहरू
कठोरता साथ बाँधिएर
क्रसका झैं
दैवी र मानवीय महानताको
गौरव मण्डन गर्ने आकांक्षामा ।
खास खास माटोका खानीहरू
अनि सोताभेन्तोका हरिया हाँगाहरू
र मुगापत्रहरूसम्म
नार्माएजको चक्कुले आकृति कुँदिरह्यो ।
यहाँ क्रस छ । यहाँ जयमाला छ
यहाँ मृत्युवेदीको कन्या-मौलो पनि छ ।
प्रदीप्त क्युबा,
कोलम्बसको हिरा प्राप्तीले
ध्वजा प्राप्त गऱ्यो विश्वासको
अनि यहाँको रसिलो वालुवामा
सम्पूर्ण आस्था समर्पण गऱ्यो ।

- अनु. पुरूषोत्तम सुवेदी